# अध्याय - एक
# प्रारम्भिक

## १. पृष्ठभूमि

राजस्व चुहावटका कारण राज्यको श्रोतमा संकुचन आउने र श्रोत संकुचनले राज्यका आर्थिक, सामाजिक एवं विकासमूलक दायित्व निर्वाहमा समस्या उत्पन्न हुन्छ । राज्यको श्रोत अपचलनको प्रमुख कारकको रुपमा स्वीकार गरिने राजस्व चुहावटले आर्थिक गतिविधि एवं लगानी मैत्री वातावरणमा समेत प्रतिकूल अबस्था सृजना हुन्छ । राज्यको श्रोत व्यवस्थापन, राजस्व परिचालन एवं राज्यको दायित्व निर्वाहमा राजस्व चुहावट नियन्त्रणका माध्यमबाट श्रोत परिचालन क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक रहन्छ ।

मुलुकको खुल्ला सिमाना, व्यावसायिक र परिष्कृत नबनिसकेको व्यवसायिक समुदाय र मनोवृत्तिगत पक्षका कारण राजस्व चुहावटले राजस्वको संभावनालाई न्यूनीकृत गरेको छ । राजस्व चुहावटको प्रभावकारी नियन्त्रणले मात्र राज्यको अल्पकालिन र दीर्घकालिन दायित्व निर्वाहका लागि आवश्यक श्रोतको पूर्ति गर्न सक्ने अबस्था रहन्छ । राजस्व चुहावट आर्थिक अपराध भएको कारण यसले सामाजिक, सांस्कृतिक र राजनीतिक प्रभाव पनि पार्ने हुंदा नियन्त्रणका लागि संरचनागत र कानुनी पक्षलाई सवल तुल्याउनु आवश्यक पर्दछ ।

## २. परिचय

राजस्व चुहावट रोकथाम र नियन्त्रणका लागि साविकमा अर्थ मन्त्रालय मातहत रहेको राजस्व अनुसन्धान महाशाखालाई थप प्रभावकारी र क्रियाशील बनाउने उद्देश्यका साथ वि. सं. २०५० मा छुट्टै विभागको रुपमा राजस्व अनुसन्धान विभागको स्थापना भएको हो । राजस्व चुहावटको क्षेत्र वृहत बन्दै गएको, चुहावटको प्रकृति नयां ढंगबाट विस्तारित र रुपान्तरित बनेको सन्दर्भमा राजस्व चुहावटको कार्यमा व्यावसायिकता र प्रभावकारिता ल्याउने उद्देश्यबाट राजस्व अनुसन्धान विभाग स्थापना गरी तदनुरुप जिम्मेवारी प्रदान गरिएको छ । कर र गैह्र कर राजस्वको चुहावटको संभावनालाई नियन्त्रण गर्न, राजस्व अनुसन्धानको क्षेत्रमा विशिष्टीकरण कायम गरी राजस्व संकलनको कार्यमा प्रभावकारिता ल्याउन विभाग क्रियाशिल रहेको छ ।

राजस्व चुहावट नियन्त्रणको समष्टीगत कार्यमा सहजीकरण र प्रभावकारिता ल्याउन, विभागको कार्य क्षेत्रमा स्पष्टता कायम गरी कार्यगत विशिष्टता हासिल गर्न र राजस्व चुहावट नियन्त्रण गर्न राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ को तर्जुमा भई कार्यान्वयन गरिएको छ । प्रस्तुत ऐनले विभागको कार्यक्षेत्रलाई स्पष्टता दिएको ।

## २. उद्देश्य

प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गरी पारदर्शी एवं स्वच्छ अर्थतन्त्रको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवं व्यावसायिक राजस्व प्रशासनको संस्थागत विकास मार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा केन्द्रीत रहेको छ ।

- द्रुततर आर्थिक विकासका लागि अधिकतम राजस्व परिचालन गर्ने आधार तयार गर्ने,
- राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने,
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणको लागि वातावरण निर्माण गर्ने,
- राजस्व चुहावट र आर्थिक अपराध सम्बद्ध अनुसन्धान कार्यलाई गति प्रदान गरी राजस्व नीति तथा कानूनको Complience को स्तर अभिवृद्धि गर्ने,
- विदेशी विनिमयको अवैध ओसार⁄पसार तथा अपचलनको अनुसन्धान तथा नियन्त्रण गर्ने,
- स्वच्छ, स्वःस्फूर्त र अवरोधरहित व्यावसायिक क्रियाकलापमको प्रवर्द्धन मार्फत लगानी मैत्री वातावरणको निर्माण गर्ने ।

## ४. कार्यक्षेत्र

राजस्व अनुसन्धान विभागले मूलतः राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ को परिधिभित्र रही आफ्ना क्रियाकलापहरु संचालन गरेको छ । यद्यपी, कार्य सम्पादनका सिलसिलामा मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३, अन्तःशुल्क ऐन २०५८, भन्सार ऐन २०६४ भन्सार नियमावलीका अतिरिक्त विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ बमोजिमको देहायका कार्यक्षेत्र भित्र रही विभागले कार्य सम्पादन गरेको छ ।

- कर तथा गैह्र कर राजस्व चुहावट उपर अनुसन्धान गर्ने,
- भन्सार जांचपास भई आएका सामानहरु चेकजांच गरी भन्सार महसुल तिरे⁄नतिरेको वा कम तिरेको यकिन गरी महसुल असुल गर्ने,
- आन्तरिक वा वाह्य ओसार⁄पसारलाई व्यवस्थित गर्न स्थलगत अनुगमन गर्ने,
- मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने वा मूल्य अभिवृद्धि कर लाग्ने बस्तुहरुको कारोबार गर्नेले मू. अ. कर तिरे⁄नतिरेको अनुसन्धान गरी कारवाही गर्ने,
- व्यापार विचलन भई अनाधिकृत रुपमा पैठारी वा निकासी हुने मालबस्तु उपर नियन्त्रण हुने,
- राजस्व चुहावट भएको वा हुन लागेको सूचनाको आधारमा प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धानका लागि सम्वन्धित निकायमा पठाउने,

- राजस्व चुहावट नियन्त्रण सम्बन्धी विषयमा अनुसन्धान तथा कारवाही गर्ने ।

## ४. कानुनी अधिकार क्षेत्र

राजस्व अनुसन्धान विभागलाई आफ्नो कार्य सम्पादनका लागि राजस्व प्रशासन सम्बद्ध देहायका कानुनहरुको प्रयोग गर्ने अधिकार प्रदान गरिएको छ ।

(क) राजस्व चुहावट (नियन्त्रण तथा नियन्त्रण) ऐन २०५२

राजस्व अनुसन्धान विभागको कार्य र कार्यक्षेत्रलाई स्पष्टता दिई विभागको अनुसन्धात्मक, नियन्त्रणात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने आधार नै राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ ले प्रदान गरेको छ । सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्दै देशको जनताको सुविधा र आर्थिक हित कायम राख्दै देशको आर्थिक विकासलाई द्रुततर रुपमा अगाडी बढाउन अधिक भन्दा अधिक राजस्व परिचालन गर्न प्रस्तुत ऐनले विभागलाई अधिकार प्रदान गरेको छ । मूलतः कर तथा गैह्र कर राजस्व क्षेत्रमा हुने चुहावटको संभावनालाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गर्न ऐनले विभागलाई अधिकार सम्पन्न तुल्याएको छ । यो ऐनले राजस्व चुहावटको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा राजस्व चुहावट उपर मुद्धा दायर गर्ने अधिकार समेत विभागले पाएको छ ।

(ख) विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९

विदेशी विनिमयको प्रयोगलाई व्यवस्थित र नियमित गरी आर्थिक अपराधमुक्त राज्य निर्माणका सिलसिलामा उक्त ऐनले प्रत्याभूत गरेको व्यवस्था कार्यान्वयन गर्ने जिम्मेवारी यस विभागलाई रहेको छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ बमोजिम विदेशी मुद्राको अपचलन, गैह्र कानुनी ओसार पसारको अनुसन्धान तथा तहकिकात सहित सम्बन्धित अदालतमा मुद्धा दायर गर्ने अधिकार प्राप्त यस विभागले नेपाल प्रहरी, भन्सार कार्यालय तथा अन्य निकायबाट दाखिला भएको विदेशी विनिमय अपचलन सम्बन्धी मुद्धाहरु उपर विस्तृत अनुसन्धान गर्ने गरेको छ ।

(ग) मूल्य अभिवृद्धि कर ऐन २०५२

मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने वा दर्ता भई कारोबार गरेकोले मूल्य अभिवृद्धि कर छली गर्ने वा न्यून तिर्ने उद्देश्यबाट गरेका क्रियाकलापहरु नियन्त्रण गर्ने सिलसिलामा त्यस्ता कारोबारको अनुसन्धान तथा तहकिकात गर्न नेपाल सरकारले मू. अ. कर ऐन २०५२ को दफा ३ बमोजिम विभागका

पदाधिकारीलाई कर अधिकृतको रुपमा मात्र काम काज गर्न अधिकार प्रत्यायोजन गरेको छ । ऐनको व्यवस्था बमोजिम प्राप्त अधिकार अनुसार प्रत्यायोजित अधिकार प्रयोग गर्न पाउने अधिकारीले मू. अ. कर निर्धारण गरी आदेश जारी गर्ने हुंदा कर निर्धारणमा सहजता आएको छ । यद्यपी, मू. अ. कर बमोजिम कर निर्धारण गरिएकोमा निर्धारित करको अभिलेख (Management Assessment) सम्बन्धित करदाताको खातामा प्रविष्टी गर्न नसक्दा कार्यगत जटिलता थपिएको छ ।

(घ) भन्सार ऐन २०६४

भन्सार चोरी पैठारी नियन्त्रण गरी स्वच्छ र मर्यादित आर्थिक गतिविधिका लागि भन्सार ऐन २०६४ को प्रावधानलाई कार्यान्वयन गर्ने अधिकार यस विभागलाई रहेको छ । भन्सार विन्दूबाट विधिपूर्वक प्रवेश गरेकादेखि वाहेकका अन्य तवरबाट प्रवेश गरेका मालबस्तु नियन्त्रण गर्न, जफत गर्न र तत् सम्बन्धी मुद्धा फैसला गर्न भन्सार ऐन २०६४ को दफा ८४ ले दिएको अधिकार प्रयोग गरी यस विभाग र अन्तर्गतका अधिकृतस्तरको कर्मचारीलाई भन्सार अधिकृतको रुपमा कामकाज गर्न पाउने गरी अधिकार प्रत्यायोजन भएको छ । विभाग र अन्तर्गतका निकायहरुले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्रस्तुत ऐनको प्रयोग गरी भन्सार चोरी पैठारीको अनुसन्धान तथा कारवाहीमा वृद्धि भई भन्सार चोरी पैठारी नियन्त्रण तथा भन्सार चोरी पैठारी उपरको कारवाहीबाट राजस्व संकलनमा समेत अनुकूल प्रभाव परेको छ ।

(ङ) अन्तःशुल्क ऐन २०५८

अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन र विक्री वितरण गर्दा प्रचलित अन्तःशुल्क ऐन बमोजिम तिर्नुपर्ने अन्तःशुल्क छलेको वा कर छल्ने नियतबाट कुनै कार्य गरेकोमा त्यस्तो गतिविधि उपर अनुसन्धान गर्न अन्तःशुल्क ऐन २०५८ को दफा ५ बमोजिम नेपाल सरकारबाट यस विभागका अधिकृत तथा क्षेत्रीय कार्यालयका प्रमुखलाई सोही ऐनको दफा ६ बमोजिम अधिकार क्षेत्र तोकी अन्तःशुल्क सम्बन्धी अनुसन्धान गर्ने अधिकार प्रदान गरिएको छ । नेपाल सरकारबाट प्रत्यायोजित यो अधिकार बमोजिम अन्तःशुल्क लाग्ने कारोबारमा भएको राजस्व चुहावट सम्बन्धी अनुसन्धानमा तिव्रता ल्याउन, अन्तःशुल्क छली गर्ने प्रवृत्तिमा नियन्त्रण गरी राजस्व असुलीमा सकारात्मक प्रभाव पारेको छ ।

# अध्याय - दुई
# संगठन संचरना र जनशक्ति

## २.१ विद्यमान संगठन संरचना

राजस्व चुहावट नियन्त्रणका लागि अनुसन्धानमूलक र नियन्त्रणमूलक कार्य गर्न दक्ष र तत् क्षेत्रमा जानकार रहेका जनशक्तिको व्यवस्था हुनुपर्ने सन्दर्भमा विभाग र अन्तर्गतका क्षेत्रीय कार्यालयहरुमा आवश्यक संगठन संचरना स्वीकृत भएको छ । विभागको कार्यबोझ, आर्थिक अपराधको स्वरुपमा आएको विविधता, सीमा विहिन आर्थिक गतिविधिको प्रसंग जस्ता कारणले गर्दा विभागको कार्यक्षेत्र एवं कार्यस्वरुपमा समेत विविधता र व्यापकता आएको छ । प्रस्तुत सन्दर्भमा २०६७ माघ १८ गते नेपाल सरकार (मन्त्रिपरिषद्) बाट राजस्व चुहावट नियन्त्रण र तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य गर्न एकिकृत स्वरुपको राजस्व तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन भई तदनुरुपको दरवन्दी समेत स्वीकृत भएको थियो ।

राजस्व र सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान गर्ने प्रयोजनार्थ गठन गरिएको उक्त विभागलाई तत् सम्बन्धी कार्य गर्ने प्रयोजनार्थ अनुसुची १ बमोजिमको जनशक्ति रहने गरी दरवन्दी स्वीकृत गरिएको थियो । यद्यपी, सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्य गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।३।१ को निर्णयबाट छुट्टै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन भई कार्यारम्भ समेत भएको छ । उक्त विभागको स्थापना पछि यस विभागको केन्द्रीय स्तरको दरवन्दीमा परिमार्जन भई अनुसुची २ बमोजिमको संगठन संरचना र जनशक्ति रहने गरी दरवन्दी कायम भएको छ ।

राजस्व चुहावट रोकथाम र नियन्त्रणका लागि साविकमा अर्थ मन्त्रालय मातहत रहेको राजस्व अनुसन्धान नेपालको अर्थतन्त्रको संरचनात्मक स्थिति परिवर्तन भई रहेको पृष्ठभूमिमा आर्थिक कारोबारको प्रकृति, प्रवृत्ति र आयाममा पनि शीघ्र परिवर्तनका स्वरुपहरु देखा परेका छन् । आर्थिक उदारीकरण र विश्वव्यापीकरणको प्रवाहले नेपालका पुराना नीति नियमहरुमा व्यापक परिवर्तन ल्याइदिएका छन् भने यसका अवसरहरुको भरपुर उपयोग र चुनौतिको सामना गर्न नयां नयां ऐन नियमहरु ल्याउनु परिरहेको छ । सर्वसाधारण जनताको उपभोग प्रवृत्ति र प्रकृतिमा ठूलो अन्तर आइरहेको छ । हिजोका विलासिताका बस्तुहरु अब आधारभूत आवश्यकताका बस्तुहरुमा रुपान्तरण भैरहेका छन् । नेपाल विश्व व्यापार संगठनको सदस्य भइसकेको वर्तमान अबस्था छ । छिमेकी देशहरुको आर्थिक सामाजिक नीतिहरुको निरन्तर परिवर्तनका कारणले हाम्रा पनि नीति, रणनीति र ऐन नियमहरुमा प्रत्यक्ष एवं परोक्ष प्रभाव परिरहेको छ । अझ प्रमुख पक्ष सूचना प्रविधिको व्यापक प्रयोगले आर्थिक क्षेत्र, व्यावसायिक कारोबार, रोजगार व्यवसाय सबैतिर अनपेक्षित ढंगले परिवर्तनका संकतहरु देखाइरहेको छ । एकै ठाउंमा बसेर सूचना प्रविधिको माध्यमबाटै आर्थिक कारोबार संचालनको संभावना देखापरेको छ । समग्रमा आर्थिक कारोबार बढेको छ र यसको स्वरुपमा समेत परिवर्तन भइरहेको छ । यस पृष्ठभूमिमा राजस्वका आधारहरु, तीनको प्रकृति र प्रवृत्तिका साथै संरचनामा समेत परिवर्तन देखा परिरहेको छ ।

मूलतः नेपालको राजस्व आयातमुखी रहेको छ । आयातको मात्रा र प्रवृत्तिमा राजस्वको परिमाण भर पर्दछ । आन्तरिक राजस्व परिचालन अझै सहज देखिएको छैन । देशभित्र आर्थिक आधारशीलाहरुको निर्माण भरपर्दो रुपमा हुन सकिरहेको छैन । खुला सीमाना भएको कारणले चोरी पैठारी नियन्त्रण गर्ने कार्य चुनौतिपूर्ण बन्दै गएको छ । चोरी पैठारी बढ्नु राजस्व चुहावट बढ्नु पनि हो । तसर्थ, राजस्व चुहावट नियन्त्रण गर्न गैरकानूनी व्यापार र चोरी पैठारी न्यूनीकरण गर्नु जरुरी छ ।

अर्थतन्त्रको संरचनात्मक परिवर्तन, आर्थिक कारोबारहरुको प्रवृत्तिगत परिवर्तन र देशको भौगोलिक अवस्थिति आदि सबै कारणहरुले गर्दा राजस्व चुहावटको स्तर पनि बढीरहेको आभाष मिल्दछ । चुहावट नियन्त्रण नभए राजस्व गुम्ने समस्या त छदैंछ, त्यस वाहेक सरकारी नीति नियम र ऐनहरुको अवज्ञा गर्ने श्रृंखला समेत बढीरहेको परिप्रेक्ष्यमा राजस्व अनुसन्धान विभागलाई राजस्व चुहावट रोकी र आर्थिक अपराध नियन्त्रण गर्ने क्षेत्रमा सबल संस्थाको रुपमा संरचनात्मक सुदृढीकरण गर्नुपर्ने देखिएको छ । त्यसैले राजस्व अनुसन्धान विभागलाई समयसापेक्ष सुदृढीकरण र रुपान्तरण गर्दै लानु परेको छ ।

विशेषतः सामयिक संगठनात्मक परिवर्तन, गुणस्तरीय जनशक्ति व्यवस्थापन, स्पष्ट ऐन नियम, नीति र कार्यविधिहरुको व्यवस्था एवं आवश्यक भौतिक पूर्वाधारहरुको उपयुक्त संयोजनबाट मात्रै राजस्व चुहावटको रोकथाम र आर्थिक अपराधहरुको नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न सकिन्छ । परिवर्तित परिस्थितिमा राजस्व अनुसन्धान विभागलाई प्रभावकारी बनाउन यसका आन्तरिक र वाह्य आयामहरुलाई सवल बनाउनु पर्ने भएको छ । विशेषतः खुला सीमाना, उदार आर्थिक नीतिहरु र सूचना प्रविधिको

अधिकतम प्रयोगले चुहावट नियन्त्रण क्षेत्रमा अवसर र चुनौतिहरु दुबै ल्याइदिएका छन् । विभागको काम अब परम्परागत भन्सारमुखी मात्र नभई सम्पत्ति शुद्धीकरण निवारण र विदेशी विनिमय अपचलन नियन्त्रण समेत प्रमुख रुपमा थप भएका छन् । गैर करको चुहावट नियन्त्रण गर्ने कार्य पनि यसको कार्य क्षेत्रमा परेको छ । तसर्थ गैर स्थलगत सूचना संकलन गर्ने, त्यसको विश्लेषण गर्ने, सही रुपमा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने स्पष्ट कार्ययोजना सहित कार्यान्वयनमा जानु पर्ने भएको छ ।

सुधार एक निरन्तर प्रकृया हो । यसको गन्तव्य हुँदैन भन्ने कुरालाई मनन गरी राजस्व अनुसन्धान विभाग आफ्नो कार्य क्षेत्रको जिम्मेवारी इमान्दारीपूर्वक वहन गर्न कृयाशील छ । यस सन्दर्भमा आ. ब. २०६६।६७ मा गरेका कार्यहरुको विवरण लिपीबद्ध गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । विभिन्न ७ वटा अध्यायहरुमा विभाजन गरी तयार गरिएको यस प्रतिवेदनमा विभागको संगठन संरचना, जनशक्ति र कार्य सम्पादन प्रणाली, भौतिक/वार्षिक लक्ष्य, प्रगति स्थिति, चुनौति एवं समस्या र तीनका समाधानका विकल्पहरु प्रस्तुत गरिएको छ । अन्त्यमा विभागले भावी दिनमा अवलम्वन गर्नुपर्ने कार्यदिशा पनि समेटिएको छ ।

## १.२ राजस्व अनुसन्धान विभाग : संक्षिप्त परिचय

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले वि. सं. २०४७ सालमा तत्कालीन श्री ५ को सरकारले भन्सार गस्ती टोलीले गर्दै आएको कार्यसमेत अर्थ मन्त्रालय अन्तर्गत राजस्व अनुसन्धान महाशाखाबाट गर्ने गरी तोकिए अनुसार सो महाशाखाले भन्सार, चोरी पैठारी, विदेशी विनिमय र राजस्व चुहावटसंग सम्बन्धित कसुरको अनुसन्धान तथा तहकिकातका विषयहरुको छानवीन गर्दै आएको थियो । राजस्व चुहावट नियन्त्रण गर्ने कार्यलाई अलग्गै विभाग खडा गरी जिम्मेवारीपूर्ण तथा प्रभावकारी ढंगले सम्पादन गर्न २०५० सालमा उक्त महाशाखालाई राजस्व अनुसन्धान विभागमा रुपान्तरण गरियो । सरकारले भन्सार मात्र नभई समस्त राजस्व र कर प्रशासनको क्षेत्रमा हुने चुहावट नियन्त्रण गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ~~तथा अनुसन्धान~~) ऐन, २०५२ तर्जुमा गरी २०५३ वैशाख १ गते देखि लागू गऱ्यो । सोही ऐन तथा सरकारबाट समय समयमा प्रत्यायोजित अधिकारको अधिनमा रही राजस्व अनुसन्धान विभागले राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने प्रयास पूरा गर्दै आएको छ । शुरुमा विभागलाई कर राजस्वको मात्र अनुसन्धान र नियन्त्रण गर्ने अधिकार रहेकोमा हाल विभागलाई गैरकर राजस्व, विदेशी विनिमयको अपचलन, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारणको अनुसन्धान सम्बन्धी कार्य जिम्मेवारी तोकिएको छ ।

## १.३ विभागको उद्देश्य

आर्थिक सूचना प्रणालीको माध्यमबाट पारदर्शी अर्थतन्त्र, स्वच्छ र उत्तरदायी राजस्व प्रशासनको संस्थागत विकास गरी राजस्व चुहावट न्यूनीकरण तथा आर्थिक अपराध नियन्त्रण गर्ने मूल ध्येय लिई देहाय बमोजिमका उद्देश्यहरु परिपूर्ति गर्न यो विभाग क्रियाशील रहेको छ :

- सर्वसाधारण जनताको आर्थिक हित अभिवृद्धि गर्ने,
- राजस्व चुहावटलाई प्रभावकारी रुपमा रोकथाम तथा नियन्त्रण गर्ने,
- सम्पत्ति ~~शुद्धिकरण~~शुद्धीकरण (Money Laundering) निवारण सम्बन्धी अनुसन्धान एवं तहकिकातको कार्य गर्ने,
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान तथा नियन्त्रण गर्ने,
- आर्थिक विकास द्रुतत्तर गतिले गर्नको लागि बढी भन्दा बढी राजस्व परिचालनको वातावरण सृजना गर्ने,
- देशलाई आर्थिक अपराधमुक्त क्षेत्र बनाउन नीतिगत पृष्ठपोषण गर्ने ।

Formatted: Font: 12 pt

## १.४ विभागबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु

राजस्व अनुसन्धान विभागबाट सम्पादन हुने प्रमुख कार्यहरु देहाय वमोजिम रहेका छन्:

- भन्सार कार्यालयबाट जांचपास भै आएका सामानहरु चेकजांच गरी भन्सार महसुल नतिरेको वा कम तिरेको पाइएमा भन्सार ऐन अनुसार कारवाही गर्ने र भन्सार क्षेत्र वाहिरबाट चोरी पैठारी गरी ल्याएका सामान कव्जामा लिई भन्सार चोरी पैठारी मुद्दा बनाई कारवाही गर्ने ।
- मूल्य अभिवृद्धि कर ऐन र अन्तःशुल्क ऐन अनुसार तिर्नु पर्ने राजस्व तिरेको नपाइएमा सम्बन्धित ऐन बमोजिम कारवाही गर्ने ।
- राजस्व चुहावट भएको सूचना प्राप्त भएमा वा प्रारम्भिक अनुसन्धानबाट राजस्व चुहावट भएको पाइएमा अनुसन्धान गरी नियमानुसार कर निर्धारण गर्न सम्बन्धित विभाग एवं सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउने ।
- राजस्व चुहावट हुन सक्ने क्षेत्रहरुको पहिचान गरी राजस्व असुल गर्ने अन्य विभागहरुलाई त्यस तर्फ ध्यानाकर्षण गराउने ।
- राजस्व चुहावट नियन्त्रण गर्न कुनै कानूनमा संशोधन गर्नु पर्ने भएमा वा राजस्व चुहावट नियन्त्रण सम्बन्धमा नेपाल सरकारलाई आवश्यक राय सुझाव दिने ।
- राजस्व असुल गर्ने कार्यालयहरुले अपनाउनु पर्ने प्रकृयामा भएको कमी कमजोरीबाट राजस्व चुहावट भएको पाइएमा त्यस्तो प्रकृयामा सुधार गर्न सम्बन्धित विभागमा लेखी पठाउने ।
- भन्सार विभाग र आन्तरिक राजस्व विभागबाट जारी भएको कार्यविधि अनुसार काम कारवाही भए गरेको नपाइएमा त्यस तर्फ सम्बन्धित विभागको ध्यानाकर्षण गराउने ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुसन्धान कार्य गरी सरकारी वकीलको राय लिई विशेष अदालतमा मुद्दा दायर गर्ने ।

- विदेशी मुद्रा अपचलन सम्बन्धमा अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दायर गर्ने ।
- गैरकरको चुहावट नियन्त्रण सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने ।

## १.५ अधिकार क्षेत्र तथा प्रयोग भएका ऐन नियमहरु

राजस्व अनुसन्धान विभागलाई देहायका ऐन नियम बमोजिम अनुसन्धान, तहकिकात एवं कारवाही गर्ने अधिकार प्राप्त छ :

Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

**मञ्जुषा – १**

**विभागले प्रयोग गर्ने ऐनहरु**

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- भन्सार ऐन, २०६४
- अन्तःशुल्क ऐन, २०५८

### (क) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

राजस्व अनुसन्धान विभागको स्थापना २०५० सालमा भएपश्चात विभागलाई कार्य गर्न आवश्यक पर्ने कानूनी खांचो पूरा गर्न २०५२ सालमा यो ऐन ल्याइएको हो । विभागको मूल कार्यप्रणाली र निर्णयलाई यसै ऐनले निर्देशित गर्दछ । यस ऐनको प्रस्तावना अनुसार राजस्व अनुसन्धान विभागले खेल्नुपर्ने भूमिका महत्वपूर्ण छ ।

सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नको लागि बढी भन्दा बढी राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्ने उद्देश्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले निर्दिष्ट गरको छ । यस ऐनले राजस्व चुहावट सम्बन्धी कार्यको अनुसन्धान/तहकिकात गरी सम्बन्धित अदालतमा मुद्दा चलाउने अधिकार राजस्व अनुसन्धान विभागलाई प्रदान गरेको छ । यस ऐन लागू भएपछि राजस्व प्रशासनसंग सम्बन्धित अन्य ऐनहरु आएकोले ती ऐनसंग तादाम्य कायम राख्न यस ऐनको समसामयिक संशोधन आवश्यक देखिएको छ ।

**मञ्जुषा – २**

**राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ : प्रमुख प्रावधानहरु**

- ६ वटा परिच्छेदहरु र ४२ वटा दफाहरु रहेको यस ऐनको प्रस्तावनामा "राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण र रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्न वान्छनीय भएको" भन्ने उल्लेख
- परिच्छेद २ मा प्रारम्भिक (नाम र परिभाषाहरु) रहेको
- परिच्छेद ३ मा राजस्व चुहावट नियन्त्रण सम्बन्धी व्यवस्था रहेको
- परिच्छेद ४ मा विभागीय कारवाही सम्बन्धी व्यवस्था रहेको
- परिच्छेद ५ मा मुद्दा सम्बन्धी कारवाही र कसुर सम्बन्धी व्यवस्था रहेको
- परिच्छेद ६ मा विविध व्यवस्था रहेको
- परिच्छेद २ मा राजस्व चुहावट नियन्त्रण सम्बन्धी व्यवस्था : यस परिच्छेदमा राजस्व चुहावट गर्न नहुने, के कस्तो कार्य गरेमा राजस्व चुहावट भएको मानिने, कर्मचारीले के गर्दा भ्रष्टाचार भएको मानिने आदि व्यवस्थाहरु उल्लेख गरिएको छ। साथै, विभागको अधिकार क्षेत्र र राजस्व चुहावटको सूचना दिने सम्बन्धी व्यवस्था भएको ।
- परिच्छेद ३ मा अनुसन्धान तथा तहकिकात व्यवस्था रहेको
- विभागले सूचना वा जानकारी पाएको ३० दिनभित्र कारवाही गर्नुपर्ने व्यवस्था छ । साथै अनुसन्धान तथा तहकिकात सम्बन्धी विभागको अधिकारको विस्तृत उल्लेख गरिएको छ । यस अन्तर्गत कागजात र लिखत माग्ने, कसूरको आरोप लागेको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, वयान लिने आदि व्यवस्था उल्लेख छ । वयान लिइसकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकता अनुसार थुनामा राख्ने वा खोजेको वखत हाजिर हुन आउने गरी छाड्न सकिने व्यवस्था यसमा उल्लेख छ। यसै परिच्छेदमा नै अनुसन्धान अधिकृत तोक्न सक्ने र अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकारको बारेमा विस्तृत व्यवस्था रहेको ।
- परिच्छेद ५ मा मुद्दा सम्बन्धी कारवाही र कसूर सम्बन्धी देहायको व्यवस्था रहेको

- मुद्दा दायर गर्ने
- नेपाल सरकार वादी हुने
- हदम्याद
- पुनरावेदन : ३५ दिन भित्र

परिच्छेद ६ : विविध व्यवस्था रहेको ।

Formatted: Font: 5 pt

### (ख) **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४**

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ मा अनुसन्धान तथा तहकिकातका लागि एक अलग्गै विभाग रहने गरी उल्लेख भएतापनि यस सम्बन्धी अलग विभाग स्थापना नभएसम्मका लागि सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मिति २०६५।५।२० देखि लागू हुने गरी यस विभागलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान तथा तहकिकात गर्ने अधिकार प्रदान गरेको छ । हाल यसको नियमावली समेत तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ । यस ऐनलाई यथार्थ रुपमा कार्यान्वयनमा ल्याउनका लागि भने विभागको मौजुदा संगठनको पुनसंरचना गर्ने र जनशक्तिको विकास गर्नुपर्ने -भएकोले प्रस्तावित O & M Survey ले विभागको संगठन भित्र अलग्गै महाशाखा गठन गरी एक अलग्गै उपमहानिर्देशकको नेतृत्वमा सो कार्य गर्ने  गराउने सिफारिस गरेको छ । विश्वव्यापीरुपमा देखा परेका आर्थिक अपराधहरु लागू पदार्थको ओसार पसार, हातहतियारको बिक्री, फिरौती, आतंकवादीलाई वित्तीय सहयोग, मानव बेचबिखन जस्ता आपराधिक गतिविधिबाट समेत अर्थतन्त्र कलुषित हुने संभावना रोक्न यस ऐनको आवश्यकता परेको हुंदा यस ऐनको ठूलो महत्व देखिन्छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी विषय अन्तर्राष्ट्रिय चासोको विषय भएकोले पनि यसको कार्यान्वयन गर्न गराउन लक्षित ढंगले लाग्नु पर्ने भएको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन नियमको कार्यान्वयनको पाटो पनि हाल यही विभागले गर्दै आएको छ ।

### (ग) **विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९**

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गतको कसुरको अनुसन्धान तथा तहकिकात गर्ने अधिकार यस विभागलाई प्राप्त छ ।  यसको लागि हालसम्म विदेशी विनिमयको गैर कानुनी कारोबार तथा अवैध ओसारपसार सम्बन्धमा नेपाल प्रहरी लगायतका निकायहरुबाट दाखिला हुन आएको विदेशी विनिमय अपचलनका विषयहरुमा अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरिएको छ । विभागलाई यस सन्दर्भमा पर्याप्त अधिकार भएकोले विभाग स्वयंले अनुसन्धान एवं खानतलासी गरी कारवाही प्रकृया सञ्चालन गर्ने गरी हाल संगठन संरचना तथा जनशक्तिको व्यवस्था गर्न प्रस्तावित O & M Survey स्वीकृतिको अन्तिम चरणमा छ । प्रस्तावित O & M Survey  अनुसार विभागमा विदेशी विनिमय अपचलन नियन्त्रण र अनुसन्धान सम्वन्धी छुट्टै शाखा स्थापना गर्नेतर्फ कारवाही भइरहेको छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ निकै पुरानो भएकोले देशले अपनाएको खुला बजार नीतिको वर्तमान अबस्थामा सो ऐनमा समसामयिक संशोधन गर्नुपर्ने आवाज उठिरहेको छ । साथै यस ऐनको नियमावली, २०२० पनि पुरानो भएकोले समसामयिक संशोधनको आवश्यकता देखिएको छ । यी विषयहरुमा विभागको ध्यानाकर्षण भएको छ । अझ महत्वपूर्ण कुरा त यिनै ऐन र नियमसंग सम्बन्धित विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन, २०२१ पनि छ । यस ऐनलाई पनि सामयिक संशोधनको आवश्यकता देखिएकोले विभागले यस विषयमा नीतिगत पृष्ठपोषण गर्ने कार्य गर्दै आएको छ ।

### (घ) **मूल्य अभिवृद्धि कर ऐन, २०५२**

विभिन्न उद्योग/फर्महरुको कारोबारको अनुसन्धान तथा तहकिकात गरी कर निर्धारणको लागि नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ प्रयोग गरी अधिकार प्रत्यायोजन गरेकोले तोकिदिएको अधिकृत मार्फत कर निर्धारण गर्ने गरिएको छ । उक्त ऐनको प्रयोग गरी विभागबाट नै कर निर्धारण गर्दा अनुसन्धान तथा छानवीन कार्य अझ बढी प्रभावकारी र परिणाममुखी बन्दै गएको अनुभव रहेको छ ।

**Formatted:** Indent: First line:  1.27 cm, Line spacing:  Multiple 1.15 li

**(ङ)  भन्सार ऐन, २०६४**

भन्सार चोरी पैठारी भै आएका सामानहरु यस विभागले कब्जामा लिई भन्सार ऐन, २०६४ को दफा ८४ प्रयोग गरी नेपाल सरकारबाट यस विभागका अधिकृत तथा इकाई कार्यालय प्रमुख (अधिकृतस्तर) लाई भन्सार अधिकृत तोकी (अधिकार प्रत्यायोजन गरी) भन्सार ऐनको अधिकार प्रयोग गर्ने व्यवस्था रहेको छ । यस व्यवस्थाबाट भन्सार चोरी पैठारी अनुसन्धान तथा कारवाहीमा वृद्धि भई भन्सार चोरी पैठारीमा नियन्त्रण तथा  राजस्व संकलनमा समेत उल्लेखनीय प्रगति भएको पाईएको छ ।

**मञ्जुषा - ३**

**भन्सार मूल्यांकनका पद्धतिहरु**

भन्सारमा मालवस्तुको मूल्याङ्गनको लागि विश्व व्यापार संगठन संझौता अनुसार कारोवार मूल्यलाई मुख्य आधार मानिएको छ । मूलतः भन्सार मूल्य यकिन गर्नको  लागि निम्न अनुसार ६ वटा तरिकाहरु अपनाउने व्यवस्था छ :

Method 1 : Transaction ~~Value~~ value

Method 2 : Transaction ~~Value~~ value of ~~Identical~~ identical ~~Goods~~goods

Method 3 : Transaction ~~Value~~ value of ~~Similar~~ similar ~~Goods~~goods

Method 4 : Deductive ~~Method~~method

Method 5 : Computed ~~Method~~method

Method 6 : Fall ~~Back~~ back ~~Method~~method

भन्सार ऐन, २०६४ को दफा १३(१) ले WTO/GATT Agreement 1994 को धारा ७ कार्यान्वयन गर्न उक्त संझौतामा उल्लेखित भन्सार मूल्याङ्गन सम्बन्धी नियम र व्याख्याहरु नै अवलम्वन गर्ने उल्लेख छ । जसमा कारोवार मूल्य निर्धारण हुन नसकेमा मूल्य यकिन गर्न अन्य ५ वटा विधि अपनाउन सकिने व्यवस्था छ । उक्त व्यवस्था भन्सार ऐनको दफा १३ ले उल्लेख गरेको छ । उपरोक्त सबै विधि प्रयोगबाट मूल्य यकिन हुन नसकेमा मात्र भन्सार अधिकृतले ऐनको दफा १३ (१२) मा यी आधारहरुको विपरित नहुने गरी मानसिव आधारमा त्यस्तो मालवस्तुको भन्सार मूल्य निर्धारण गर्ने व्यवस्था छ ।

**च)  अन्तःशुल्क ऐन, २०५८**

अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारबाट यस विभागका अधिकृत तथा इकाई कार्यालय प्रमुख (अधिकृतस्तर) लाई सोही ऐनको दफा ६ बमोजिम अधिकार क्षेत्र तोकी अन्तःशुल्क अधिकृतको कार्य गर्ने गरी तोकिएको छ । प्राप्त सूचनाको आधारमा एवम् अनुसन्धानको सिलसिलामा अन्तःशुल्क चुहावट भएको अवस्था भएमा उक्त प्रत्यायोजित अधिकार बमोजिम अन्तःशुल्क निर्धारण गर्ने गरिएको छ । उक्त ऐनको प्रयोगले कारवाहीमा वृद्धि हुनुको साथै राजस्व संकलनमा समेत अभिवृद्धि भएको छ ।

# अध्याय – दुई

# मौजूदा संगठन, जनशक्ति र कार्य सम्पादन प्रणाली

## २.१ मौजूदा संगठन

राजस्व अनुसन्धान विभागलाई ऐनले प्रशस्त अधिकार दिएको भएतापनि संगठन संरचनाको दृष्टिकोणले अर्थ मन्त्रालयका अन्य विभागहरु भन्दा यो विभाग अपेक्षाकृत सानो विभागको रुपमा रहेको छ। विभागको विद्यमान संगठन संरचना अनुसूची - १ मा दिईएको छ। विभागको वर्तमान कार्यबोझको हिसावले हेर्दा संगठनलाई परिमार्जन गर्नुपर्ने देखिएकोले संगठनको सुदृढीकरण गर्न O & M Survey गरिएको हो। यस सम्बन्धी प्रतिवेदनको सारसंक्षेप अनुसूची - २ मा दिईएको छ।

विभाग र अन्तर्गतका पदाधिकारीहरुलाई नेपाल सरकारवाट भन्सार ऐन २०६४ मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा अन्तःशुल्क ऐन २०५८ अनुरुप ~~क~~क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको समेत अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन भएको छ। यस विभागलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन अनुसार जुनसुकै निकाय र विषयका विज्ञ/विशेषज्ञ तथा कर्मचारी परिचालन गर्न सक्ने अधिकार पनि रहेको छ। शुरुमा कर राजस्वको चुहावट सम्बन्धमा अनुसन्धान र नियन्त्रण गर्ने जिम्मेवारी पाएको यस विभागलाई हाल गैरकर राजस्वको समेत अनुसन्धान तहकिकात र कारवाही गर्ने जिम्मेवारी दिइएको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२, विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ र सम्पत्ति ~~शुद्धिकरण~~शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४ अन्तर्गत तोकिएका कार्यहरु सम्पन्न गर्ने जिम्मेवारी यस विभागलाई सुम्पिएको छ। आ. व. २०६५/६६ देखि अर्को व्यवस्था नभएसम्म सम्पत्ति ~~शुद्धिकरण~~शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गतका कसुरहरुको अनुसन्धान सम्वन्धी कार्य समेत यस विभागलाई जिम्मा दिईएको छ। आ. ब. २०६५।६६ देखि गैरकर तर्फको चुहावट हेर्ने जिम्मा पनि यसै विभागलाई दिइएको छ। यसरी समग्र राजस्व चुहावट र आर्थिक अपराधको अनुसन्धान, तहकिकात र नियन्त्रणका लागि यस विभागलाई जिम्मेवार बनाइएको पाइन्छ। तोकिएको कार्य जिम्मेवारी र दायित्व निर्वाह गर्न सक्ने गरी विभागको सांगठनिक पुनर्संरचना गर्दै संगठन अध्ययन सर्भेक्षण कार्य सम्पन्न भई हाल अर्थ मन्त्रालयमा निर्णयार्थ प्रस्तुत गरिएको छ।

वर्तमान अबस्थामा यस विभाग अन्तर्गत ४ वटा क्षेत्रीय इकाई कार्यालयहरु (इटहरी, पथलैया, वुटवल र कोहलपुर) र ~~२~~ ५ अस्थायी चेकपोष्ट ~~(~~(वर्दिवास, थानकोट, धुलिखेल, वर्दघाट ~~थानकोट~~ र ~~धुलिखेल~~अत्तरिया) रहेका छन्। वर्दीवास, वर्दघाट र अत्तरिया यसै वर्ष खोलिएका चेकपोष्टहरु हुन्। केन्द्रीय स्तरको विभाग, इकाई कार्यालयहरु तथा चेकपोष्ट मार्फत विभागले आफ्नो दैनिक कार्यसम्पादन गर्दै राजस्व चुहावट नियन्त्रणको कार्य गर्दै आएको छ।

**Formatted:** Indent: First line: 1.27 cm




## २.२ जनशक्ति

विभाग तथा इकाई कार्यालयहरु सहित विभागमा हाल कूल १४२ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । विभागको प्रमुखमा राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशक रहने व्यवस्था छ । निजको अतिरिक्त राजपत्रांकित प्रथम श्रेणीकै थप एक जना उप-महानिर्देशक र राजस्व समूहतर्फका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक २, राजपत्रांकित तृतीय श्रेणीका शाखा अधिकृत ५, लेखा समूह तर्फको राजपत्रांकित तृतीय श्रेणीको लेखा अधिकृत १, न्याय सेवा सरकारी वकिल समूह तर्फका राजपत्रांकित तृतीय श्रेणीको जिल्ला न्यायाधिवक्ता १ र राजपत्र अनंकित तर्फ २३ जना, गस्ती तर्फ १४ जना, सवारी चालक ६ जना तथा परिचर ३ जना गरी विभागमा जम्मा ५७ जना कर्मचारीहरुको दरवन्दी रहेको छ।

विभाग मातहत पूर्वाञ्चल क्षेत्रको लागि इटहरी, मध्यमाञ्चल क्षेत्रको लागि पथलैया, पश्चिमाञ्चल क्षेत्रको लागि बुटवल र मध्य तथा सुदूर पश्चिमाञ्चलका लागि कोहलपुरमा एक एक क्षेत्रीय स्तरका इकाई कार्यालयहरु रहेका छन् । ती सबै इकाई कार्यालयहरुको प्रमुखमा राजपत्रांकित द्वितीय श्रेणी, राजस्व समूहका उप-सचिवस्तरका प्रमुख अनुसन्धान अधिकृत रहने र १/१ जना अधिकृत स्तरको अनुसन्धान अधिकृत र अन्य राजपत्र अनंकित कर्मचारीहरु तथा गस्ती कर्मचारीहरुको दरवन्दी रहेको छ । इकाई कार्यालयहरुतर्फ अधिकृतस्तरका ८ जना र सहायक तथा गस्तीतर्फ ७७ गरी जम्मा ८५ जनाको दरवन्दी रहेको छ। जसमा विभागमा मात्र ५७ जनाको दरवन्दी रहेको छ। इकाई कार्यालयहरुको संगठन संरचना र दरवन्दी विवरण अनुसूची - ३ मा दिइएको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार विभागले अन्य विषयका विशेषज्ञ र कर्मचारीहरुलाई काजमा झिकाई काममा लगाउने सक्नेछ।

**Formatted:** Indent: First line: 1.27 cm

## २.३ कार्य सम्पादन प्रणाली

विभागले गर्ने कार्य प्रणाली निम्न ५ वटा चरणबद्ध प्रकृयाहरु मार्फत सम्पादन हुने गर्दछ :

### (क) सूचना संकलन

विभाग र इकाई कार्यालयहरुको सूचना संकलनका स्रोतहरु मूलतः देहाय बमोजिम २ वटा रहेका छन् :

**वाह्य स्रोत** : सुराकी, पत्रकार, पत्रपत्रिका, सरोकार समूहहरु, नेपाल सरकारका अन्य विभाग मन्त्रालयहरु,

राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग आदिबाट प्राप्त सूचना र विभिन्न व्यक्तिहरु/संस्थाहरुवाट प्राप्त सूचनाहरु, विभिन्न वेभसाईटहरु।

- **आन्तरिक स्रोत** : स्थलगत अध्ययन, विभागकै कर्मचारी, विभाग अन्तर्गतका चेकपोष्ट तथा इकाई कार्यालयका चेकप्वाइण्ट, बजार तथा राजमार्ग अनुगमन वाट प्राप्त सूचनाहरु, नियमित/आकस्मिक र द्रुत गस्ती परिचालनवाट प्राप्त सूचनाहरु, अनुसन्धानको क्रममा उपलब्ध भएका कागजातहरु।

(ख) **सूचना विश्लेषण**

यसरी प्राप्त सूचनाहरु विभिन्न दृष्टिकोणवाट विश्लेषण गर्ने गरिन्छ। विश्लेषण गर्ने सन्दर्भमा कारोवारको अध्ययन, सूचना पुष्टी गर्ने थप प्रमाण संकलन गरी प्रारम्भिक प्रतिवेदन महानिर्देशक समक्ष पेश गरिन्छ। सामान्य केशहरु प्रारम्भिक प्रतिवेदनकै आधारमा अन्तिम निर्णयमा पुगिन्छ भने विस्तृत छानविन गर्नुपर्ने केशहरु प्रारम्भिक प्रतिवेदनको आधारमा थप छानविन गर्न अनुसन्धान शाखा मार्फत अनुसन्धान कार्य अगाडि बढाउने गरिन्छ।

Formatted: Indent: First line: 1.27 cm

(ग) **विस्तृत अनुसन्धान र छानविन**

- उद्योग विभाग, वाणिज्य विभाग र घरेलु तथा साना उद्योग विभागमा सम्पर्क गरी आवश्यक कागजात मगाइन्छ।
- नेपाल राष्ट्र मार्फत वा सोझै विभागद्वारा कारोबारको प्रकृति र आकार अध्ययन गर्न बैंक खाता विवरण सम्बन्धी कागजात मगाइन्छ।
- आन्तरिक राजस्व कार्यालय मार्फत कर विवरण र अन्य कागजात मगाइन्छ।
- घरजग्गा जस्ता अचल सम्पत्तिको सूचना प्राप्त गर्न र रोक्का गर्न भूमिसुधार तथा व्यवस्था विभाग मार्फत सम्बन्धित जिल्ला भूमिसुधार कार्यालयमा सम्पर्क गरिन्छ।
- थुनछेक वा पक्राउ गर्नु पर्ने भएमा प्रहरी कार्यालयमा सम्पर्क गरिन्छ।
- अन्य आवश्यक निकायसंग सम्पर्क गरी अनुसन्धान कार्य अगाडी बढाइन्छ।
- कारोवार स्थलमा छापा मार्ने र उपलब्ध कागजातको आधारमा करदाताको वयान र अनुसन्धान गर्ने गरिन्छ।
- विभागमा जडित DRI-CIS बाट प्राप्त सूचनाको प्रयोग गरी अनुसन्धान अगाढि बढाइन्छ।
- अनुसन्धान र छानविन पश्चात भन्सार महशुल छलेको पाइएमा भन्सार ऐन/नियम, मू.अ.कर छलेकोमा मूल्य अभिवृद्धि कर ऐन/नियम र अन्त:शुल्क छलेकोमा अन्त:शुल्क ऐन/नियम अनुसारको विधिवत प्रकृया पुऱ्याई क्रमश: भन्सार अधिकृत, कर अधिकृत र अन्त:शुल्क अधिकृतको अधिकार प्रयोग गरी महशुल तथा कर निर्धारण र असुल उपर गरिन्छ। आयकर चुहावटको हकमा भने कार्यक्षेत्र रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइन्छ। तत्कालै कारवाही टुङ्गो लगाई राजस्व असुलीमा समेत सघाउ पुग्ने प्रकृतिका केशहरुमा उक्त ऐनहरु अन्तर्गत प्रत्यायोजित अधिकारबाट कारवाही गरिन्छ।

- कानूनी व्याख्यामा द्विविधा र अन्तरविरोध भएका केशहरु राजस्व चुहावट नियन्त्रण ऐन अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरिएको छ । जसको पुनरावेदन पुनरावेदन अदालतमा लाग्दछ । भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐन अन्तर्गतको अधिकार प्रत्योजन पश्चात राजस्व चुहावट नियन्त्रण ऐन  अर्न्तगत ज्यादै कम केशहरुमा मात्र प्रयोग भएको छ ।
- विदेशी मुद्रा अपचलन भएका अधिकांश केशहरु प्रहरीमार्फत पक्राउ भई अनुसन्धानका लागि आउने र अनुसन्धान पूरा भएपछि जिल्ला न्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिन्छ ।
- सम्पत्ति ~~शुद्धिकरण~~शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, अन्तर्गतका केशहरु नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई, प्रहरी तथा अन्य निकाय र आफ्नै सूचनाको आधारमा अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दायर गरिन्छ ।

(घ) **मुद्दा दायर र फैसला** : विस्तृत अनुसन्धान र छानविन पश्चात् विभाग आफैले फैसला गर्नेमा आफैले गर्ने र अदालतमा पठाउनु पर्नेमा सम्बन्धित अदालतमा मुद्दा दायर गर्न पठाइन्छ ।

(ङ) **फैसला कार्यान्वयन :** लिलाम, क्षतिपूर्ति, बिगो दण्ड जरिवाना, कमिशन राजस्व असुली यस अन्तर्गत पर्दछन् । विभाग आफैले फैसला गर्ने केशहरुमा कर राजस्व असुल उपर गरी जरिवाना तिराउने र अदालतको फैसलाको हकमा अदालतको आदेश अनुसार फैसला कार्यान्वयन गर्ने र गराउने कार्य गरिन्छ ।

**चित्र नं. २. १**

**कार्य सम्पादन प्रणालीको चक्रीय स्वरुप**



## अध्याय – तीन

## आर्थिक वर्ष ~~२०६५/६६~~ २०६६/६७ को प्रगति स्थिति

### ३.१ विभाग तथा इकाई कार्यालयहरुको वर्तमान बजेटको अवस्था

राजस्व अनुसन्धान विभागको लागि चालु आर्थिक वर्ष २०६७/६८ मा चालु खर्चतर्फ रु. ३ करोड ९४ लाख र पुँजीगत खर्चतर्फ रु. २ करोड ९५ लाख बजेट प्रस्ताव भएको छ। इकाई कार्यालयहरु ४ वटाका लागि चालु खर्च तर्फ रु. ३ करोड ५० लाख पुँजीगत खर्च तर्फ रु. २ करोड ९६ लाख बजेट प्रस्ताव भएको छ। विभाग अन्तर्गत सवारी साधन खरिदको लागि रु. २ करोड, गोदाम/कार्यालय भवन निर्माणको लागि रु. ५० लाख र फर्निचर तथा मेशिनरी औजारको लागि रु. २० लाख बजेट प्रस्ताव भएको छ। त्यस्तै, इकाई कार्यालयहरु तर्फ पुंजीगतमा बुटवल र कोहलपुर इकाई कार्यालयहरुको भवन निर्माणको लागि रु. २ करोड वजेट प्रस्ताव भएको छ। चालु आ. ब. २०६७६८ को प्रस्तावित बजेटमा ४ वटा इकाई कार्यालयहरुमा औषत रु. १ करोड १२ लाख प्रति इकाई कार्यालय (भवन निर्माण वाहेक) पर्न आउंछ।

### (क) भौतिक निर्माण सुधार

आ.व. २०६६/६७ को विभाग र अर्न्तगत भौतिक निर्माण एवम् सुधारतर्फको बजेट तथा कार्यक्रम एवम् भएको वास्तविक खर्चलाई संक्षेपमा तल दिईएको छ।

#### (१) विभागतर्फ

आ. व. २०६६।६७ मा चालु खर्चतर्फ रु. २,७८,९८,०००।- बजेट व्यवस्था भएकोमा रु. २,३१,८२,०००।- खर्च भएको र पूँजीगततर्फ रु. ४४,००,०००।- वार्षिक बजेटमा ३२,८६,०००।- खर्च भएको छ। पुँजीगततर्फ भएका प्रमुख कार्यको विवरण निम्नानुसार रहेको छ :

- गस्ती क्वाटर घर सम्पन्न गर्ने कार्य - रु. १३,३७,३५०।-
- विभागको कम्पाउण्डमा ग्यारेज निर्माण - रु. ६,१२,७९०।-
- विभागको कार्यालय भवन मर्मत तथा रंगरोगन - रु. ४,४३,३२०।-
- फर्निचर खरिद - रु. ४,९३,२००।-
- विभागको कण्ट्रोल रुम सुदृढीकरण तथा अफिस अटोमेशन - रु. ३,९९,६००।-

#### (२) इकाई कार्यालयतर्फ

देहायका २ वटा इकाई कार्यालयहरुको भौतिक निर्माणतर्फ देहाय बमोजिमको रकम विनियोजन भई पूर्वाधार निर्माणको कार्य भएको थियो :

- कोहलपुर (भवन निर्माण) - रु. १ करोड २० लाख
- बुटवल, वर्दघाट (भवन निर्माण) - रु. ७५ लाख

### ३.२ विभागबाट सम्पन्न भएका अनुसन्धान कार्यहरुको विवरण

#### (क) मूल्य अभिवृद्धि कर तर्फ

यस आर्थिक वर्षमा विभिन्न करदाताहरुको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद बिक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गर्दा मौज्दात खाताले देखाएको भन्दा कम मौज्दात रहेको, बिक्री बिजक जारी नगरी करयोग्य वस्तु तथा सेवा बिक्री गरेको, मूल्य अभिवृद्धि कर ऐन नियम उल्लंघन गरी कारोवार गरेका लगायत कसुरमा विभिन्न फर्महरुबाट रु. ~~४,२०,७६,३३८।-~~ २,०३,१४,०००।- मूल्य अभिवृद्धि कर निर्धारण एवं असुल उपर गरिएको थियो । मूल्य अभिवृद्धि करतर्फ भएको कारवाही एवं असुली मध्ये केही प्रमुख विवरण अनुसूची - ४ मा दिईएको छ । विशेषत: न्यूनतम मूल्यांकन घोषणा गरी आयात गर्दा र आन्तरिक ओसार पसार गर्दा मूल्य अभिवृद्धि कर चुहावट भैरहेको विभागको अनुभव रहेको छ । कतिपय अबस्थामा चरणबद्ध कारोबारहरु लुकाउने प्रयास गरिएको विभागले फेला पारेको छ ।

Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

#### (ख) आयकर तर्फ

चालु आर्थिक वर्षमा विभिन्न करदाताहरुको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद बिक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गरी रु. ~~९६,७५,५८४।-~~ १,००,६९,८३४।- आयकर निर्धारण गरी असुलउपर गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरुलाई लेखी पठाइएको थियो । सो सम्बन्धी केही मुख्य विवरण अनुसूची - ५ मा उल्लेख गरिएको छ । आयकरको अन्तिम फैसला विभाग आफैले नगरी सम्बन्धित आयकर ऐन, २०५८ को प्रावधान अनुसार आन्तरिक राजस्व कार्यालयमा पठाउने गरिएको छ ।

Formatted: French (France)
Formatted: French (France)
Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

#### (ग) अन्त:शुल्क तर्फ

विभिन्न करदाताहरुको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद बिक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गर्दा अन्त:शुल्क ऐन तथा नियम बमोजिम कारवाही एवं अन्त:शुल्क निर्धारण बाट रु. ~~३,४८,३६,०९१।-~~ ७५,४९,७०४।- असुल उपर गरिएको छ । अन्त:शुल्क सम्बन्धी केही मुख्य विवरण अनुसूची - ६ मा दिईएको छ । सुर्ती र सुर्तीजन्य पदार्थहरुको उत्पादनमा ठूलो मात्रामा अन्त:शुल्क छली भएको पाइएको छ ।

Formatted: French (France)
Formatted: French (France)
Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

#### (घ) भन्सार तर्फ

यस आर्थिक वर्षमा विभिन्न व्यक्ति/फर्म तथा आयातकर्ताहरुको चेकजांच, छानविन तथा निरीक्षण गर्दा भन्सार ऐन, २०६४ बमोजिम राजस्व छली भएको आधारमा कारवाही गरी राजस्व तथा जरीवाना समेत रु. ~~८,६९,०९,३१९।-~~ ६,१०,८५,१३८।- असुल उपर गरिएको छ । सो मध्ये केही प्रमुख कारवाहीको विवरण अनुसूची - ७ मा दिईएको छ । विशेषत: परिमाणको न्यून घोषणा, आयातित सामानको गलत घोषणा र वर्गीकरण फरक गरी भन्सार महसुल छल्ने गरेको पाइएको छ ।

Formatted: French (France)
Formatted: French (France)
Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

#### (ङ) विदेशी विनिमयतर्फ

यस आर्थिक वर्षमा विभिन्न व्यक्ति तथा फर्महरु उपर विदेशी विनिमय अपचलन गरेको कसुरमा छानविन आवश्यक अनुसन्धान प्रक्रिया पुरा गरी त्यस्ता फर्म तथा व्यक्तिहरु उपर बिगो रु. ~~३,०६,५२,९४५।-~~ १,२५,७८,८७८।- को दावी सहित सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिएको

Formatted: French (France)
Formatted: French (France)
Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

छ । सो मध्ये केही प्रमुख विवरण अनुसूची - ८ मा उल्लेख गरिएको छ । विशेषतः भा. रु. ५००।- र १०००।- दरका नोटहरु नेपालमा चलन चल्ती गर्न गराउन नपाइने भएकोले धेरै केशहरु यससंग सम्बन्धित छन् । भारतीय रिजर्व बैंकको परिपत्र अनुसार ती नोटहरु नेपालभित्र चलन चल्तीमा ल्याउन प्रतिवन्ध छ । अज्ञानतावस, भूलवस र सूचना/प्रचार प्रसारको कमीका कारण धेरै सर्वसाधारण नेपाली र भारतीयहरु समेत यस कसूर अन्तर्गत कारवाहीमा परेका छन् । सम्बन्धित उच्चस्तरीय निकायबाट यस सम्बन्धमा थप व्यवस्थापन गर्ने तर्फ कदम चाल्नु पर्ने अन्यथा धेरै सर्वसाधारणले कारवाही कारवाही भोग्नु पर्ने अबस्था रहेको विभागले महसुस गरेको छ ।

**मञ्जुषा - ४**

**विदेशी विनिमय अपचलनको मुद्दा**

विदेशी विनिमय अपचलन तर्फ हेर्दा विगत भन्दा यस आ. ब. मा ठूला परिमाणमा अमेरिकी डलर अपचलन भएको पाइयो । यसरी भएको अपचलनमा नेपालबाट ठूलो मात्रामा अमेरिकी डलर चीन पठाएकोमा चीनबाट सामान भित्रिएको देखिएन । सो डलर अपलचन गर्ने कार्य न्यू दाहाल विजिनेश इण्टरप्राइजेजले गलत कागजात तयार गरी हिमालयन बैंक लिमिटेड र नेपाल इन्भेष्टमेण्ट बैंकबाट अमेरिकी डलर ३,३४,६०,२३८।९९ चीन पठाएको देखियो । सो अभियोगमा न्यू दाहाल विजिनेश इण्टरप्राइजेज विरुद्ध रु. २ अर्व ४८ करोड ६४ लाख ३० हजार ३५९ विगो कायम गरी जरिवाना तथा सजांय गरिपाउन काठमाडौं जिल्ला अदालतमा विभागबाट मुद्धा दायर गरिएको छ । त्यसैगरी न्यू टीना विजनेश इण्टरप्राइजेजले गलत कागजात तयार गरी अमेरिकी डलर १,५१,८१,९६८। अपचलन गरेकोले सो अभियोगमा न्यू टीना विजनेश इण्टरप्राइजेज विरुद्ध रु. १ अर्व १४ करोड ५६ लाख ३१ हजार ३७६ विगो कायम गरी जरिवाना तथा सजांय गरीपाउन काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ ।

**(च) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन तर्फ**

~~चालु~~ आर्थिक वर्ष ~~२०६५/६६~~ २०६६/६७ मा विभिन्न व्यक्ति/फर्म तथा आयातकर्ताहरुको छानविन तथा निरीक्षण गर्दा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत बमोजिम अनुसन्धान तहकिकात गरी रु. १,२६,१६,२००।- माग दावी लिई मुद्दा दायर गरिएको । यसको विस्तृत विवरण अनुसूची - ९ मा दिइएको छ । यो ऐन बनेपछि राजस्व सम्बन्धी अन्य ऐनहरु बनेकोले यो ऐनको संशोधन आवश्यक ठानिएको छ । साथै, ऐनको नियमावली नभएकोले नियमावली तर्जुमा गरिहाल्नु पर्ने स्थिति आइसकेको विभागले महसुस गरेको छ ।

**Formatted:** Font: Preeti, 15 pt, French (France)

**Formatted:** Indent: First line: 1.27 cm

**Formatted:** Font: Preeti, 15 pt, French (France)

**Formatted:** Font: Preeti, 15 pt, French (France)

**(छ) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ तर्फ**

**Formatted:** Space After: 0 pt, Line spacing: 1.5 lines

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ नेपालमा मिति २०६४ माघ १४ गतेदेखि लागू भएको र सो ऐनमा भएको व्यवस्था बमोजिम सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुसन्धान तहकिकात गर्न नेपाल राजपत्रमा प्रकाशित मिति २०६५।४।२० को सूचना अनुसार यस विभागलाई तोकिएको छ । यसै वीच मिति २०६६ आश्विन २६ गतेदेखि लागू भएपश्चात यस सम्बन्धी कृयाकलापहरु अगाडि बढीरहेको पाइन्छ ।

यस ऐन अनुसार आ. ब. २०६६।६७ मा एउटा मुद्दाको अनुसन्धान तहकिकात गरी विशेष अदालतमा मुद्दा दायर गरिएको, अन्य विभिन्न सातवटा मुद्दाहरुको गहन अनुसन्धान तथा तहकिकात कार्य भैरहेको अवस्था छ । यस आ. ब. मा नै नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईबाट विभिन्न ४२ वटा शंकास्पद तथा कारोबार भएका विवरणहरु छानविनका लागि प्राप्त भएका छन् । यस विभागमा सम्पत्ति शुद्धीकरण निवारणसंग सम्बन्धित दक्ष र प्रर्याप्त जनशक्तिको अभाव, आवश्यक पूर्वाधार र कार्यविधिको अभावका कारण अपेक्षित रुपमा यस सम्बन्धी अनुसन्धान तहकिकात कार्य हुन सकेको छैन । नेपाल APG (Asis Pacific Group on Money Laundering) को सदस्य भैसकेको र पेरिसमा आधारित Financial Action Task Force का ४० वटा Anti-money Laundering सम्बद्ध र ९ वटा Combating against terrorist financing सम्बद्ध सिफारिशहरुसंग तादाम्य (Compliance) हुने गरी नेपालको कानूनी, प्रकृयागत, संस्था-संरचनागत र कानून कार्यान्वयन पक्षगत रुपमा तयारी हुनुपर्ने चुनौती रहेको छ । उक्त सिफारिशहरुको Compliance गरी AML र CFT को निवारण गर्ने, नेपालमा आतंककारी कृयाकलापलाई नियन्त्रण गर्ने, गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी देशको अर्थतन्त्रमा नै नकारात्मक प्रभाव पार्ने सम्पत्ति शुद्धीकरणको कार्यलाई रोक्ने र कारवाही समेत गर्ने कार्यमा राजस्व अनुसन्धान विभाग लागी परेको छ । यसै सन्दर्भमा यस विभागले विभागको संरचनागत प्रणालीलाई सुधार गर्ने, जनशक्ति विकास र पूर्वाधारको व्यवस्था गर्ने तथा यस सम्बन्धी दक्षता उन्मुख, कृयाकलाप उन्मुख तथा जनचेतनामूलक कार्यक्रमहरु समेत गरी यस सम्बन्धी कार्यलाई जीवन्त बनाउने प्रयास गरेको देखिन्छ । आ. ब. २०६६।६७ मा नतिजामूलक रुपमा नदेखिएता पनि आगामी आ. ब. मा सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान तथा तहकिकात कार्यका लागि अघि बढ्न सकिने पर्याप्त आधारशीला भने तय भएको छ ।

## ३.३ मुद्दा फछ्यौंट सम्बन्धी विवरण

आर्थिक वर्ष २०६६।६७ मा यस विभागमा गत वर्षबाट जिम्मेवारी सरी आएका, नयाँ दर्ता भएका र फछ्यौंट भएका मुद्दाहरुको विवरण तालिका नं. ३.१ मा दिईएको छ । विषयगत मुद्दाहरुको विवरण अनुसूची - १० मा दिईएको छ ।

Formatted: Indent: First line: 1.27 cm, Space After: 0 pt, Line spacing: Multiple 1.15 li

**तालिका नं. ३. १ : मुद्दा फछ्यौंट सम्बन्धी स्थिति**

**(क) विदेशी विनिमय तर्फ**

| | |
|---|---|
| ➢ आ. ब. २०६५।६६ बाट जिम्मेवारी सरेको | २१ |
| ➢ आ. ब. २०६६।६७ मा दर्ता भएको | २८ |
| **जम्मा** | ४९ |
| ➢ आ. ब. २०६६।६७ मा फछ्यौट भएको | २७ |
| जम्मा बांकी | २२ |
| ➢ हाल अदालतमा दर्ता भएका मुद्दाहरुमा माग भएको विगो | रु. ३,६३,९१,३५,०४५।- |
| ➢ गलत कागजात बनाई चीनमा डलर पठाई अपचलन भएको तर्फ,<br>- न्यू दाहाल विजनेश इण्टरप्राइजेजको अमेरिकी डलर ३,३४,६०,२३८।९९ को ने. रु. २,४८,६४,३०,३५९।<br>- न्यू टिना विजनेश इण्टरप्राइजेजको अमेरिकी डलर १,५१,८१,९६८।९४ को ने. रु. १,१४,५६,३१,३७६।२१ | रु. ३,६२,८०,६१,७३५।२१ |

**(ख) <u>भन्सार तर्फ</u>**

| | |
|---|---|
| ➢ आ. ब. २०६५।६६ बाट जिम्मेवारी सरेको | ४९ |
| ➢ आ. ब. २०६६।६७ मा दर्ता भएको | १६७ |
| **जम्मा** | **२०६** |
| ➢ आ. ब. २०६६।६७ मा फछ्र्यौट भएको | १५७ |
| **जम्मा बांकी** | **४९** |
| १५७ मुद्दा फछ्र्यौट भै विगो बमोजिम जरिवाना गरिएको रकम रु. | ५,१५,३०,०६८।- |

## ३.४ ढुवानीका साधन चेकजांचको स्थिति

विभागको प्रमुख कार्यमा अझै पनि ढुवानीका साधनहरुको चेकजांच र सो बाट छलिएको राजस्व असुल उपर गर्ने कामकै वाहुल्य रहेको छ । विशेष गरी भन्सार विन्दूबाट आएका ढुवानीका साधनहरुमा समेत राजस्व चुहावटको मात्रा न्यून हुन सकेको छैन । खुला सीमानाको कारण दक्षिण तर्फबाट चोरी पैठारी भै नेपाल भित्रिने र ती चोरी पैठारीका सामानहरु विभिन्न वहानामा देशको अन्यत्र भागमा ढुवानी गरी पठाउने गर्दा राजस्व छली ठूलो मात्रामा हुने गरेको यथार्थता छ । विभाग अन्तर्गतका चेकपोष्टहरु र विभिन्न क्षेत्रमा रहेका इकाई कार्यालयहरु यस चेकजांच कार्यमा सकृयताका साथ लागेका छन् । विभागले यस आ. ब. मा चेकजांच गरेका ढुवानी साधनहरुको स्थिति निम्नानुसार रहेको छ ।

**तालिका नं. ३.२ : गाडी चेकजांचको स्थिति**

| सि. नं. | निकाय | भन्सार विन्दूबाट आएका सवारी तथा ढुवानी साधन चेकजांच | आन्तरिक ओसार पसारका ढुवानी साधनको चेकजांच | जम्मा |
|---|---|---|---|---|
| १ | राजस्व अनुसन्धान विभाग | ४२३ | १३७ | ५६० |
| २ | पूर्वाञ्चल कार्यालय, इटहरी | ३८९ | १९२ | ५८१ |
| ३ | मध्यमाञ्चल कार्यालय, पथलैया | ५१३ | २१५ | ७२८ |
| ४ | पश्चिमाञ्चल कार्यालय, बुटवल | ३८० | १२६ | ५०६ |
| ५ | मध्य तथा सुदूर पश्चिमाञ्चल, कोहलपुर | ८५ | १०८ | १९३ |
| | **जम्मा** | **१७९०** | **७६८** | **२५५८** |

**तालिका नं. ३.३ : सवारी साधन चेकजांच स्थिति**

| सि. नं. | सवारी साधन | संख्या |
|---|---|---|
| १ | मोटर साइकल | ३ वटा |
| २ | ट्रक | ३ वटा |
| ३ | बस | २ वटा |
| ४ | टेम्पो | १० वटा |
| ५ | कार/जिप/भ्यान | १९ वटा |
| | **जम्मा** | **३७ वटा** |

**मञ्जुषा – ५**

**आ. ब. २०६६/६७ मा सवारी/ढुवानीका साधन लिलाम र बिक्रीको विवरण**

प्रहरीद्वारा चोरी पैठारीको अभियोगमा विभागमा दाखिला गरेका र विभाग आफैले कब्जामा लिएका सवारी साधनहरु विभागले लिलाम गरी राजस्व असुल गर्ने गरेको छ । आ. ब. २०६६।६७ मा सवारी/ढुवानीका साधन लिलाम बिक्रीबाट प्राप्त राजस्व रकम रु. ७३,५०,१६४।- असुल उपर गरेको र सोही आ. ब. मा अन्य चोरी पैठारीका सामान लिलाम बिक्रीबाट प्राप्त राजस्व रकम रु. २,०४,०३,०००।- असुल गरेको छ ।

## ३.५ आर्थिक वर्षमा गरिएका मुख्य मुख्य सुधारात्मक कार्यहरु

विभागको सांगठनिक पुनसंरचना, जनशक्ति, आचार संहिताको कार्यान्वयन, तालिम, भौतिक पूर्वाधार, बजेट व्यवस्था, द्रुतगस्ती परिचालन लगायतका क्षेत्रमा भए गरेका सुधारलाई संक्षेपमा तल उल्लेख गरिएको छः

Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

### (क) संगठनात्मक संरचना सुधार

२०५० सालमा स्थापना भएको यस विभागले स्थापनाका शुरुका वर्षहरुमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार कार्य गर्दै आएको थियो । पछिल्ला वर्षहरुमा राजस्व असुलीमा समेत सहयोग पुऱ्याउने उद्देश्यले क्रमशः विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, भन्सार ऐन, २०६४, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ को अधिकार समेत यस विभागले प्रयोग गर्ने गरी प्रत्यायोजन भएको छ । विगत अर्थिक वर्षदेखि सम्पत्ति ~~शुद्धिकरण्प~~शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गतको कार्य समेत गर्ने गरी अधिकार प्रत्यायोजन हुनुको साथै गैरकर राजस्व समेतको चुहावट सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्ने गरी विभागको कार्यक्षेत्र वृद्धि हुन गएको छ ।

Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

बढ्दो जिम्मेवारी पूरा गर्न संगठन संरचना र कर्मचारी दरवन्दीमा पुनरावलोकन गरी विभाग एवं कार्यालयहरुको सांगठनिक संरचनाको पुनरावलोकन गर्न O & M Survey सम्पन्न भइसकेको छ । संगठनको पुनर्संरचनाका लागि आवश्यक सिफारिस सहित प्रतिवेदन पेश भएको छ । यस विभागलाई राजस्व चुहावट नियन्त्रण लगायत समग्र आर्थिक अपराध नियन्त्रण गर्ने जिम्मेवारी दिने गरी आर्थिक अपराध नियन्त्रण ब्यूरोको रुपमा रुपान्तरण गर्ने नीतिगत निर्णय भएता पनि हाललाई विभागको विद्यमान संरचनामा नै पुनरावलोकन गरी कार्यसम्पादन गर्ने सोच बनेको छ । ~~चालु~~विभागको संगठनात्मक संरचना र जनशक्तिको व्यवस्था पुनरावलोकन गर्ने चालु आ. व. २०६६।६७ को बजेट वक्तव्यमा उल्लेख गरिए अनुरुप परिमार्जित प्रति अर्थ मन्त्रालयमा पेश भई सामान्य प्रशासन मन्त्रालयमा अन्तिम स्वीकृतिको लागि पठाउने चरणमा पुगेको छ । सम्पत्ति ~~शुद्धिकरण्प~~शुद्धीकरण निवारण अनुसन्धानको लागि विभागमा अब छुट्टै इकाई खडा गर्ने व्यवस्था हुन लागेको छ ।

(ख) **जनशक्तिको थप व्यवस्था**

विभागको कूल दरवन्दी ५७ र अन्तर्गतका इकाई कार्यालयहरुको दरवन्दी ८५ समेत गरी हाल विभाग अन्तर्गत जम्मा १४२ दरवन्दी रहेको छ । विभाग अन्तर्गत रहेका अस्थायी चेकपोष्ट (थानकोट र धुलिखेल) समेतमा विभागबाटै कर्मचारीहरु खटिने भएकाले विभागको कार्यसंम्पादनमा आवश्यक मात्रामा कर्मचारीहरु नपुग भई कर्मचारीको अभाव रहेको छ । जनशक्तिको अभाव इकाई कार्यालयहरु समेत रहिआएको छ । एक इकाई कार्यालयका कर्मचारी अर्को इकाई कार्यालयमा काजमा खटाई काम लगाउनु परेको यथार्थता छ । थप भएका चेकपोष्टहरुमा कर्मचारीको व्यवस्थापन गर्न समस्या भैरहेको छ । त्यसमा पनि अझ थप कुरा के छ भने भैरहेको दरवन्दी पनि पूर्ति हुन सकेको छैन । प्रस्तावित संगठन संरचना स्वीकृत भएपछि प्रस्ताव अनुसारको जनशक्तिको व्यवस्था हुन जरुरी छ ।

Formatted: Indent: First line: 1.27 cm

(ग) **कर्मचारी आचार संहिता**

निष्पक्ष, तटस्थ, पारदर्शी, इमान्दार र स्वच्छ कर्मचारी प्रशासन नभएसम्म समग्र कर्मचारी वर्गमा कामप्रति जिम्मेवार नबन्ने, उत्तरदायित्व प्रति उदासिन रहने, कार्य वातावरणमा उत्प्रेरणाको कमिले कार्य सम्पादनमा पनि प्रतिकूल असर पर्न जाने भएकोले यस विभागले आचार संहिताको तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयनले कर्मचारीको व्यवहारमा परिवर्तन आई उनीहरुबाट सम्पादित कार्य पारदर्शी र सेवाग्राहीलाई छिटो छरितो एवं गुणस्तरीय सेवा प्रदान गर्न सकिने भई सुशासनको मार्गमा अघि बढ्न सहयोग पुग्ने देखिन्छ । आचार संहितको कार्यान्वयन सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २३ को उपदफा (३) बमोजिम हुने उल्लेख छ । "राजस्व अनुसन्धान विभाग र मातहत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुका लागि जारी गरिएको आचार संहिता, २०६६" नामक गोजी पात्रो साइजको आचार संहित प्रकाशन गरी लागू गरिएको यस पुस्तिकामा निम्नलिखित बुंदाहरु समावेश गरिएको छ ।

१. व्यक्तिगत आचरण एवं उत्तरदायित्व
२. कुनै पनि प्रकारको लाभ प्राप्ति र स्वीकार
३. सरकारी पद तथा अधिकारको दुरुपयोग
४. रकम कलम सम्बन्धी व्यवहार
५. जनसम्पर्क
६. काम गर्ने वातावरण
७. कानूनको परिपालना
८. विविध

(घ) **तालिम**

यस विभागका कर्मचारीहरुले आर्थिक वर्षमा विभिन्न अल्पकालीन र सेवाकालीन तालिमहरुमा भाग लिनुभएको थियो । यसै क्रममा राजस्व प्रशासन तालिम केन्द्रद्वारा मिति २०६६।८।१९ देखि २०

गतेसम्म सञ्चालित २ दिने सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अभिमुखीकरण तालिममा यस विभागका १० जना अधिकृतहरुले भाग लिनुभएको थियो । यसै गरी सोही केन्द्रद्वारा सञ्चालित सेवाकालिन तालिममा पनि यस विभागका दुई कर्मचारीहरुले भाग लिनुभएको थियो ।

वैदेशिक तालिम तर्फ एसियाली विकास बैंकद्वारा सहयोग प्राप्त "Support to Anti-corruption Institutions" नामक परियोजनाबाट आयोजित अवलोकन भ्रमणमा यस विभागका महानिर्देशक र निर्देशक श्री मुकुन्दप्रसाद पौडेलले सहभागिता जनाउनु भएको थियो भने उक्त आ. व. मा यस विभागका उपमहानिर्देशकले सिंगापुरमा भएको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ५ दिने कार्यशाला तालिम कार्यक्रममा सहभागिता जनाउनु भएको थियो । त्यस्तै, सिंगापुर र भारतको पुनेमा आयोजित प्रशिक्षण कार्यक्रममा यस विभागका निर्देशक श्री बलराम रिज्यालले भाग लिनुभएको थियो ।

### (ङ) राजस्व अनुसन्धान विभागको केन्द्रीय सूचना प्रणाली (DRI-CIS)

एसियाली विकास बैंकको Support to Anti-Corruption Institutions आयोजना अन्तर्गत अमेरिकी डलर ४५१६५ बराबरको प्राविधिक सहयोगमा यस विभागमा Department of Revenue Investigation Central Information System (DRI-CIS) स्थापना र सञ्चालन भएको छ । यस DRI-CIS ले विभागको क्षेत्रीय कार्यालयहरु, थानकोट र धुलिखेल चेकपोष्टलाई विभागको सूचना सञ्जाल भित्र ल्याएको छ । इकाई कार्यालयहरुमा प्रविष्टी भएका कारोबारका विवरणहरु विभागको केन्द्रीय इकाईले संकलन गर्दछ । यस आयोजना अन्तर्गत सूचना सञ्जाल स्थापनाको अतिरिक्त कूल १५ स्थानमा स्थायी रुपमा होर्डिङ बोर्डहरु राखी राजस्व चुहावट नियन्त्रणको प्रचारप्रसार गरिएको थियो ।

सूचना सञ्जालमा जडित Software को निर्माण पनि यसै आयोजनाले तयार गरेको हो । उक्त कार्य एशियाली विकास बैंकको स्थानीय प्रतिनिधि DEVTEC, Nepal नामक संस्था मार्फत सम्पन्न भएको हो । प्रारम्भिक रुपमा विभाग, इकाई कार्यालयहरु र चेकपोष्टहरुको सूचना प्रणाली संकलन र विश्लेषण गर्न सञ्चालित यस आयोजनामा सो DRI-CIS सञ्चालन गर्न १९ जना Computer Operator र एक जना Data Entry Operator समेतलाई करारमा लिई कार्य सम्पादन भैरहेको छ । करारमा कार्यरत यी कर्मचारीहरु DRI-CIS को तालिम प्राप्त भएकोले यिनीहरुको निरन्तरता अनिवार्य हुनुपर्ने आवश्यकता देखिएको छ । साथै, आयोजनाको दोश्रो चरण समेत सञ्चालन गर्न सके अर्थ मन्त्रालय र अन्तर्गत विभागहरु वीच सूचनाको आदान प्रदान भई चुहावट नियन्त्रणमा सघाउ पुग्न गई राजस्व प्रशासन सञ्चालन अझ प्रभावकारी र सरल हुने देखिएको छ ।

### (च) ब्रोसर प्रकाशन

राजस्व अनुसन्धान विभागमा पहिलो पटक ब्रोसर प्रकाशन गरिएको छ । "राजस्व अनुसन्धान विभाग : संक्षिप्त चिनारी" नामक यस ब्रोसरलाई ५ फोल्डमा पट्याउन सकिने गरी रंगिन रुपमा प्रकाशन गरिएको छ । विभिन्न ८ खण्डमा विभाजित यस ब्रोसरको विषयहरुलाई रातो रंगको उपशीर्षकहरुमा प्रस्तुत गरिएको छ भने पृष्ठभूमि भने हल्का पंहेलो रंगको छ । परिचय, विभागको सोच, उद्देश्य, रणनीति, विभागको कार्यक्षेत्र, विभागको संरचना, कार्यप्रकृया र पुरस्कारको व्यवस्था सम्बन्धी विवरणहरुको संगालो रहेको यस ब्रोसर निकै उपयोगी सिद्ध भएको छ । यस ब्रोसरको प्रारम्भिक मस्यौदा निर्देशक मुकुन्दप्रसाद पौडेलले गर्नुभएको थियो भने परिमार्जन गरी अन्तिम रुप दिने काम महानिर्देशक श्री महेशप्रसाद दहाल

स्वयंले गर्नुभएको थियो । यो ब्रोसर राजस्व अनुसन्धान विभाग, हरिहरभवन, पुल्चोकमा निःशुल्क रुपमा उपधव्ध छ ।

**(छ) Dynamic Website को व्यवस्था**

विभागको Website लाई गतिशील बनाउने प्रयास स्वरुप Dynamic Website मा परिवर्तन गरिएको छ । सूचनाको शीघ्र संप्रेषण र अद्यावधीकरण गर्न यो Website अत्यन्तै फलदायी सावित भएको छ । यस्तो Website विभागबाट नै अधिकार प्राप्त व्यक्तिले अद्यावधिक गर्न सक्ने हुनाले सूचनाको शीघ्र अद्यावधीकरण संभव भएको छ ।

**(ज) राजस्व प्रहरीको रुपमा सशस्त्र प्रहरी परिचालन**

हाल विभागमा प्रहरी नायव उपरिक्षकको नेतृत्वमा ४८ जना सशस्त्र प्रहरीहरु राजस्व प्रहरीको रुपमा कार्यरत रहेका छन् । यीनलाई Emergency Squad को अतिरिक्त थानकोट र धुलिखेलमा गस्ती समेत गर्ने गरी परिचालन गरिएको छ । विभाग र अन्तर्गत राजस्व प्रहरी परिचालन सम्बन्धमा एक निर्देशिका तयार गरी अर्थ मन्त्रालयमा पेश भएकोमा (जस अनुसार ३५० जना सशस्त्र प्रहरीलाई राजस्व प्रहरीको रुपमा परिचालन गरिने प्रस्ताव गरिएको थियो । सशस्त्र प्रहरीको मद्दतबाट विभागले बजार अनुगमन, आकस्मिक गस्ती तथा कारोवारको निरीक्षण गर्ने कार्यको साथै थानकोट र धुलिखेलमा अवस्थित चेकपोष्टहरुमा ढुवानीका साधनहरु आवश्यक चेकजांच गर्ने कार्यलाई प्राथमिकता प्रदान गरिएको छ । त्यसैगरी काठमाडौं चक्रपथ तथा उपत्यकाका भित्री बजारमा नियमित गस्ती पनि हुने गरेको छ । सशस्त्र प्रहरीको सहयोगमा प्रमुख बजार केन्द्र एवम् राजमार्ग आसपासका क्षेत्र तथा इकाई कार्यालयहरु मार्फत सम्बन्धित क्षेत्र भित्र नियमित गस्ती गर्ने कार्य भइरहेको छ । सशस्त्र प्रहरी परिचालन गर्न थप उत्प्रेरणाको व्यवस्था सिर्जना गर्नुपर्ने महसुस भएको छ । यसका लागि प्रहरी परिचालित भएको दिनमा प्रोत्साहन स्वरुप केही थप पारिश्रमिक दिन सकेमा यसको प्रभावकारितामा अझै वृद्धि हुन सक्ने देखिन्छ ।

Formatted: Indent: First line: 1.27 cm, Space After: 0 pt, Line spacing: Multiple 1.15 li

**(झ) द्रुत गस्ती (Flying Squad) परिचालन**

Formatted: Font: 12 pt, Bold

आ. ब. २०६७ आषाढ महिनामा द्रुत गस्ती परिचालन तर्फ नारायणी नदी पूर्व मेचीसम्म १ टोली र नारायणी नदी पश्चिम महाकालीसम्म १ टोली गरी २ वटा द्रुत गस्ती खटाइएको र उक्त टोलीहरुले राजमार्गहरुमा सवारी/ढुवानीका साधनहरुको शंकास्पद मालबस्तु एवं सामान चेकजांच गरी अनुसन्धानको लागि सम्बन्धित इकाई कार्यालयहरुमा बुझाएको र उद्योग तथा व्यापारिक कारोबारहरुमा आकस्मिक रुपमा चेकजांच गरी शंकास्पद कारोबारका कागजातहरु अनुसन्धानको लागि सम्बन्धित इकाई कार्यालयहरुमा बुझाएको थियो । आकस्मिक गस्ती तर्फ विभिन्न स्थान र मितिमा २७ पटक त्यस्तो गस्ती परिचालन गरिएको थियो ।

**(ञ) थप चेकपोष्टहरुको स्थापना**

अर्थतन्त्रको परिमार्जित संरचना र बढ्दो कारोबारलाई मध्यनजर गर्दै यस आ. व. मा तपसिलका स्थानमा विभिन्न ३ वटा चेकपोष्टहरु स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

- पथलैया इकाई कार्यालय अन्तर्गत वर्दिवास
- बुटवल इकाई कार्यालय अन्तर्गत बर्दघाट
- कोहलपुर इकाई कार्यालय अन्तर्गत अत्तरिया

### (ट) पूर्वाधार विकास तथा मर्मत संभार सुधार तर्फ

विभाग र इकाई कार्यालयहरुको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न भौतिक पूर्वाधार आवश्यकता पर्ने स्पष्ट छ । विशेषत: कब्जामा लिइएका ढुवानीका साधनहरु, जफत मालबस्तुहरु सुरक्षित राख्न भवन र सुरक्षित कम्पाउण्डको आवश्यकता टड्कारो रुपमा रहन्छ । यी कुराहरुलाई ध्यानमा राख्दै निम्न पूर्वाधारहरुको विकास गरिएको छ ।

**तालिका नं. ३.४**

| | |
|---|---|
| ➢ विभागको कम्पाउण्डभित्र निर्माणाधीन गस्ती क्वाटर (घर) निर्माण कार्य सम्पन्न | रु. १३,३७,०००।- |
| ➢ विभागको कम्पाउण्डभित्र गाडी ग्यारेज निर्माण सम्पन्न | रु. ३,४३,०००।- |
| ➢ कार्यालय भवन मर्मत तथा रंगरोगन कार्य सम्पन्न | रु. २,९०,०००।- |
| ➢ अन्य पूर्वाधार सुधार (कम्पाउण्ड वाल, ड्रेनेज तथा गार्डेन ट्र्याक, थानकोट प्रहरी पोष्ट निर्माण) कार्य सम्पन्न | रु. ४,२२,०००।- |
| ➢ कण्ट्रोल रुम र सशस्त्र प्रहरी गस्ती क्वाटरमा फर्निचर व्यवस्थापन | रु. ४,९३,०००।- |
| ➢ Office Automation (LCD Projector, Laptop, Video/Digital Camera आदि) कार्य | रु. ४,००,०००।- |
| ➢ बुटवलमा कार्यालय भवन निर्माण प्रारम्भ भएको | रु. ७५,००,०००।- |
| ➢ कोहलपुरमा कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेको | रु. १,१३,००,०००।- |
| ➢ इटहरी, थानकोट र बुटवलमा CCTV जडान कार्य सम्पन्न भई सञ्चालनमा ल्याइएको | रु. १,४७,०००।- |
| ➢ बर्दघाट चेकपोष्टको निर्माण सम्पन्न भई चेकपोष्ट प्रारम्भ भएको | |
| जम्मा | **रु.२,२२,३२,०००।-** |

## ३.६ छानविनको महत्वपूर्ण विवरण

### (क) नक्कली भौचर प्रकरणको छानविन

नेपाल सरकारको निर्णयानुसार यस विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीको संयोजकत्वमा गठित छानविन टोलीले नेपाल सरकारलाई बुझाएको प्रारम्भिक प्रतिवेदनका आधारमा नक्कली भौचर बनाई राजस्व छली गरेको विषयमा विभिन्न १२ वटा फर्महरुको राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार अनुसन्धान गरी रु. ५ करोड ७० लाख धरौटी लिई हाल अनुसन्धान अन्तिम चरणमा पुगेको छ । जसबाट नक्कली भौचर बनाई राजस्व छली गर्ने संगठित गिरोहहरुको क्रियाकलाप निस्तेज भएको छ भने मूल्य अभिवृद्धि कर असुलीमा वृद्धि भएको पाइएको छ ।

### (ख) युनिटी लाईफ इण्टरनेशनल लि. को छानविन

यस विभागबाट युनिटी लाइफ इण्टरनेशनल लि. ले राजस्व चुहावट, सम्पत्ति शुद्धीकरण र विदेशी विनिमय अपचलन गरेको कसूरमा छानविन गरिरहेको छ । यस क्रममा युनिटीका ३ लाख ६६ हजार सदस्य संख्याबाट संकलित रकम, यसले प्रदान गरेको कमिशन रकम यकीन गरी थप प्रमाण लिने कार्य गरिएको छ । अनुसन्धानको सिलसिलामा पक्राउ परी थुनामा रहेका व्यक्तिहरुसंग वयान लिई अनुसन्धानको कार्य अघि बढाइएको छ । युनिटी सम्वद्ध विभिन्न ३७ वटा भगिनी संस्था र तिनमा भएको लगानीको सम्बन्धमा पनि छानविन जारी छ ।

(ग) **सम्पत्ति शुद्धीकरण निवारण**

सम्पत्ति शुद्धीकरण निवारण तर्फ यस आर्थिक वर्षमा विभिन्न ७ वटा केशहरुमा अनुसन्धान अधिकृत तोकी विस्तृत अनुसन्धान भैरहेको र विभिन्न २५ वटा शंकास्पद कारोबारहरुको छानविन भैरहेको छ । दुई मुद्दाहरु तामेलीमा राख्ने निर्णय भएको छ भने एउटा मुद्दामा विशेष अदालतबाट सरकारको पक्षमा फैसला भएको छ ।

(घ) **विदेशी विनिमय अपचलन**

विदेशी विनिमय अपचलन तर्फ हेर्दा विगत वर्षहरुको तुलनामा यस आ. ब. मा ठूलो परिमाणमा अमेरिकी डलर अपचलनमा कारवाही भएको छ । यसरी भएको अपचलनमा नेपालबाट ठूलो मात्रामा अमेरिकी डलर चीन पठाएकोमा चीनबाट सामान भित्रिएको देखिएन । सो डलर अपलचन गर्ने कार्य अन्तर्गत न्यू दाहाल विजिनेश इण्टरप्राइजेजले गलत कागजात तयार गरी हिमालयन बैंक लिमिटेड र नेपाल इन्भेष्टमेण्ट बैंकबाट अमेरिकी डलर ३,३४,६०,२३८।९९ चीन पठाएको देखिन्छ । सो अभियोगमा न्यू दाहाल विजिनेश इण्टरप्राइजेज विरुद्ध रु. २ अर्व ४८ करोड ६४ लाख ३० हजार ३५९ विगो कायम गरी जरिवाना तथा सजाय गरिपाउन काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । त्यसैगरी न्यू टीना विजनेश इण्टरप्राइजेजले गलत कागजात तयार गरी अमेरिकी डलर १,५१,८१,९६८। अपचलन गरेकोले सो अभियोगमा न्यू टीना विजनेश इण्टरप्राइजेज विरुद्ध रु. १ अर्व १४ करोड ५६ लाख ३१ हजार ३७६ विगो कायम गरी जरिवाना तथा सजांय गरीपाउन काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ ।

## ३.७ आ. ब. २०६७।६८ को प्रस्तावित बजेट तथा कार्यक्रम

**(क) प्रस्तावित बजेट**

**तालिका नं. ३.५**

| **निकाय** | **ब. शि. नं.** | **रकम रु.** |
|---|---|---|
| राजस्व अनुसन्धान विभाग | ३५।३।१७० (चालु) | ३९४ लाख |
| | ३५।४।१७० (पूंजीगत) | २९५ लाख |
| | **जम्मा** | **६८९ लाख** |
| क्षेत्रीय इकाई तर्फ | ३५।३।१७० (चालु) | ३५० लाख |
| | ३५।४।१७० (पूंजीगत) | २९६ लाख |
| | **जम्मा** | **६४६ लाख** |
| **कूल जम्मा** | | **११३५ लाख** |

(ख) **मुख्य मुख्य प्रस्तावित कार्यक्रमहरु**

**तालिका नं. ३.६**

| **सि. नं.** | **कार्यक्रम** | **रकम रु.** |
|---|---|---|
| १. | सवारी साधन खरीद | २ करोड |
| २. | गोदाम/कार्यालय भवन निर्माण | ५० लाख |
| ३. | बुटवल कार्यालय भवन निर्माण | १ करोड |
| ४. | राजस्व प्रहरी परिचालन | १ करोड |
| ५. | DRI-CIS को परिचालन | ५० लाख |

| | | |
|---|---|---|
| ६. | विभाग र इकाईका लागि फर्निचर खरिद | २८ लाख |
| ७. | विभाग र इकाईका लागि मेशिनरी औजार खरिद | ३० लाख |

**(ग) वेरुजु फ्छ्यौंटको स्थिति**

वेरुजु फछ्यौंट आर्थिक अनुशासनको प्रमुख सूचक हो । गत वर्षहरुबाट जिम्मेवारी सर्दै आएको वेरुजु र यस वर्ष थप भएको समेत वेरुजु फछ्यौंट गर्ने कार्य चुनौतिपूर्ण हुंदा हुँदै पनि विभाग उक्त आ. व. सम्म संचित सम्पूर्ण वेरुजु फछ्यौंट गर्न सफल भएको छ । यस अर्थमा विभागको कार्य सम्पादनको स्तर उच्च मान्न सकिन्छ । निम्न तालिकाले सो स्थितिको पुष्टी गर्दछ ।

**तालिका नं. ३.७**

| | |
|---|---|
| गत बर्षबाट जिम्मेबारी सरी आएको कुल बेरुजू रु. | १८६,५५५।५० |
| आ.व. २०६६/६७ मा थप भएको रु. | ५५,९२५,३०७।८१ |
| **जम्मा रु.** | **५६,१११,८६३।३१** |
| यस महिनासम्म फछ्यौंट भएको बेरुजू रु. | **५६,१११,८६३।३१** |
| **प्रतिशत रु.** | १००* |

* बेरुजु फछ्यौंट तथा अनुगमन समितिमा पेश गरिसकेको रु. १,७६,१८७।५० समेत गरी शत प्रतिशत फछ्यौंट भई विभागलाई शून्य वेरुजु बनाइएको ।

# अध्याय - चार
# प्रस्तावित संगठन संरचना र जनशक्ति

राजस्व अनुसन्धान विभाग र अन्तर्गत इकाई कार्यालयहरु समेतमा कूल १४२ दरवन्दी रहेकोमा सो मध्ये विभागमा ५७ दरवन्दी रहेको छ । थानकोट र धुलिखेल चेकपोष्ट समेतमा विभागबाट नै कमचारीहरु खटिने भएकोले दैनिक कार्यसम्पादनमा कठिनाई भएको छ। इकाई कार्यालय समेतमा मौजूदा दरवन्दी नै कम रहेकोमा सो समेत पूर्ति नहुंदा एक इकाई कार्यालयका कर्मचारी अर्को इकाई कार्यालयमा काजमा खटाई काम लगाउनु परेको यथार्थता छ । प्रस्तावित संगठन संरचना स्वीकृत भएपछि प्रस्ताव अनुसारको जनशक्तिको व्यवस्था हुन जरुरी छ।

## ४.१ विभाग तथा इकाई कार्यालयहरुको विद्यमान संगठन संचरना



## ४.२ विभाग र अन्तर्गत इकाई कार्यालयहरुको मौजूदा दरवन्दी विवरण

| सि. | पदको नाम | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | महा-निर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | |
| २. | उप-महानिर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | |
| ३. | निर्देशक | रा.प.द्वि. | प्रशासन | राजस्व | २ | २ | X | |
| ४. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि. | प्रशासन | राजस्व | ४ | ३ | १ | |
| ५. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ५ | ५ | X | |
| ६. | अनुसन्धान अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४ | १ | ३ | |
| ७. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | X | |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ. | न्याय | स. व. | १ | १ | X | |
| ९. | ना.सु. | रा.प.अ.प्र. | प्रशासन | राजस्व | १४ | १४ | X | |
| १०. | ना. सु. न्याय | रा.प.अ.प्र. | न्याय | स. व. | १ | १ | X | |
| ११. | लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | १ | X | |
| १२. | कम्प्युटर अप्रेटर | रा.प.अ.प्र. | विविध | X | २ | २ | X | |
| १३. | गस्ती निरीक्षक | रा.प.अ.प्र. | प्रशासन | X | ५ | ३ | २ | |
| १४. | टाइपिष्ट | विभिन्न | प्रशासन | प्रशासन | ५ | ५ | X | |
| १५. | खरिदार | रा.प.अ.द्वि. | प्रशासन | राजस्व | १९ | ११ | ८ | |
| १६. | सह-लेखापाल | रा.प.अ.द्वि. | प्रशासन | लेखा | ५ | ५ | X | |
| १७. | गस्ती उप निरीक्षक | रा.प.अ.द्वि. | प्रशासन | X | ४ | ३ | १ | |
| १८. | ह. स. चा. | श्रेणीविहीन | प्रशासन | प्रशासन | १० | १० | X | |
| १९. | परिचर | श्रेणीविहीन | प्रशासन | प्रशासन | १५ | १३ | २ | |
| २०. | गस्ती परीचर | श्रेणीविहीन | प्रशासन | X | ४२ | १६ | २६ | |
| | | | | | **१४२** | **९९** | **४३** | |

## ४.३ रिक्त पदहरुको विवरण

| सि. नं. | रिक्त पद | विभाग/कार्यालय | संख्या |
|---|---|---|---|
| १ | प्रमुख अनुसन्धान अधिकृत | मध्य तथा सुदूरपश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर | १ |
| २ | अनुसन्धान अधिकृत | मध्यमाञ्चल इकाई कार्यालय, पथलैया | १ |
| | | पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल | १ |
| | | मध्य तथा सुदूरपश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर | १ |
| ३ | खरिदार | राजस्व अनुसन्धान विभाग | ५ |
| | | पूर्वाञ्चल इकाई कार्यालय, इटहरी | १ |
| | | पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल | १ |
| | | मध्य तथा सुदूरपश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर | १ |
| ४ | गस्ती निरीक्षक | राजस्व अनुसन्धान विभाग | १ |
| | | पूर्वाञ्चल इकाई कार्यालय, इटहरी | १ |
| ५ | गस्ती उपनिरीक्षक | मध्यमाञ्चल इकाई कार्यालय, इटहरी | १ |
| ६ | गस्ती परिचर | राजस्व अनुसन्धान विभाग | १२ |
| | | पूर्वाञ्चल इकाई कार्यालय, इटहरी | ६ |
| | | पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल | ४ |
| | | म. तथा सु. पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर | ४ |
| ८ | का.स. | पूर्वाञ्चल इकाई कार्यालय, इटहरी | १ |
| | | म. तथा सु. पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर | १ |
| | | **जम्मा** | **४३** |

## ४.४ O & M Survey अनुसार प्रस्तावित संगठन संरचना र दरवन्दी स्थिति

नयाँ संरचनामा वर्तमान राजस्व अनुसन्धान विभागको नाम "**राजस्व तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग**" प्रस्ताव गरिएको छ । विभागको प्रस्ताबित संगठन संरचनामा महानिर्देशक मातहत २ जना उप महानिर्देशकहरुको दरबन्दी प्रस्तावित छ । एक उप महानिर्देशकले राजस्व चुहावट तर्फको कार्य हेर्ने र अर्कोले सम्पत्ति शुद्धीकरण निवारण तथा विदेशी विनिमय अपचलन नियन्त्रण सम्बन्धी कार्य हेर्ने गरी प्रस्ताव गरिएको यस संरचनामा राजस्वको कार्य हेर्ने उपमहानिर्देशक अन्तर्गत विभागका २ वटा शाखाहरु र एक शाखा स्तरकै इकाई कार्यालय प्रस्ताव गरिएको छ । शाखा सरह रहने गरी काठमाण्डौं उपत्यका इकाई (जसले थानकोट, धुलिखेल, दक्षिणकाली र विदुर चेकपोष्टको प्रशासन समेत हेर्ने छ) रहने छ । प्रस्तावित दुई शाखामा राजस्व चुहावट अनुसन्धान र सूचना, केन्द्रीय परिचालन तथा अनुगमन शाखाहरु पर्दछन् । त्यसैगरी अर्को उप महानिर्देशक अन्तर्गत सम्पत्ति शुद्धीकरण निवारण र विदेशी विनिमय अनुसन्धान शाखाहरु प्रस्ताव गरिएको छ । त्यसैगरी, महानिर्देशकको प्रत्यक्ष मातहतमा परिचालन हुने गरी सामान्य प्रशासन शाखा, कानूनी परामर्श शाखा र राजस्व प्रहरी प्रस्ताव गरिएको छ भने विभागमा रहने नियन्त्रण कक्ष (Control Room) पनि महानिर्देशमकै प्रत्यक्ष मातहत सञ्चालित हुनेछ ।

विभाग अन्तर्गत रहने गरी विभिन्न विषयका विशेषज्ञहरु (Expert) रहने व्यवस्था प्रस्तावित संरचनामा छ । यस्ता विज्ञहरुमा अर्थशास्त्री, चार्टर्ड एकाउण्टेण्ट, सूचना प्रविधि विज्ञ, सम्पत्ति शुद्धीकरण निवारण विज्ञ, अपराधशास्त्री आदि पर्दछन् । यस्ता विज्ञहरु करार सेवा वा विभिन्न निकायबाट काजमा ल्याई आवश्यकता अनुरुप अनुसन्धान सम्बन्धी कार्यमा उनीहरुको विज्ञता उपयोग गरिने छ ।

# राजस्व तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको (परिमार्जित) संगठन संरचना




* Flying Squad, Emergency Squad र गस्ती परिचालन गरिने ।
** विभिन्न विषयका विशेषज्ञहरु (Economist, CA, IT Export, Forensic Scientist, Criminologists, ML Export, Legal Export, Financial Export आदि) आवश्यकता अनुसार पुल दरवन्दीमा काज वा करारबाट परिचालन गरिने ।
*** प्रहरी नायव उपरिक्षक सहित विभिन्न दर्जाका ३५० सशस्त्र प्रहरीहरुको परिचालन गरिने ।

## ४.५ विभागको प्रस्तावित कर्मचारीको दरवन्दी तेरिज

| सि. नं. | पद | श्रेणी/सेवा/समूह | मौजूदा | प्रस्तावित | थप/घट |
|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | १ | - |
| २. | उपमहानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | २ | १ थप |
| ३. | निर्देशक | रा.प.द्वि. (राजस्व) | २ | ४ | २ थप |
| ४. | निर्देशक | रा.प.द्वि. (सा. प्र.) | - | १ | १ थप |
| ५. | जिल्ला न्यायाधिवक्ता | रा.प.द्वि (सरकारी वकिल) | - | १ | १ थप |
| ६. | शाखा अधिकृत | रा.प.तृ. (राजस्व) | ५ | ८ | ३ थप |
| ७. | शाखा अधिकृत | रा.प.तृ. (प्रशासन) | - | ३ | ३ थप |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ.(सरकारी वकिल) | १ | १ | - |
| ९. | लेखा अधिकृत | रा.प.तृ. (लेखा समूह) | १ | १ | - |
| १०. | कम्प्युटर इन्जिनियर | रा.प.तृ. (विविध) | - | १ | १ थप |
| ११. | ना. सु. (राजस्व) | रा.प.अनं.प्र. | १० | १७ | ७ थप |
| १२. | ना. सु. (सा. प्र.) | रा.प.अनं.प्र. | - | ५ | ५ थप |
| १३. | ना. सु. (स. व.) | रा.प.अनं.प्र. (सरकारी वकील) | १ | २ | १ थप |
| १४. | कम्प्युटर अप्रेटर | रा.प.अनं.प्र.प्रा. | २ | ६ | ४ थप |
| १५. | लेखापाल | रा.प.अनं.प्र. | १ | २ | १ थप |
| १६. | सह लेखापाल | रा.प.अनं.द्वि. | १ | - | १ घट |
| १७. | खरिदार | रा.प.अनं.द्वि. | ७ | - | ७ घट |
| १८. | हलुका सवारी चालक | श्रेणी विहिन | ६ | ९ | ३ थप |
| १९. | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | १० | ७ थप |
| २०. | टाइपिष्ट | | १ | - | १ घट |
| २१. | गस्ती निरीक्षक | | १ | - | १ घट |
| २२. | गस्ती उपनिरीक्षक | | १ | - | १ घट |
| २३. | गस्ती परिचर | | १२ | - | १२ घट |
| जम्मा : | | | ५७ | ७४ | १७ थप |

## ४.६ काठमाडौं उपत्यका इकाई

यस इकाईमा राजस्व समूहको उप सचिव (रा. प. द्वितीय) को नेतृत्व रहने छ। यसले उपत्यका प्रबेश गर्ने नाकाहरुमा रहने चेकपोष्टहरुको प्रशासन एवं व्यवस्थापन गर्दछ। यस इकाईमा प्रस्तावित संगठन संरचना अनुसार २ वटा शाखाहरु र ४ वटा चेकपोष्टहरु हुनेछन्। यस इकाईले चेकपोष्टहरुबाट हुने कार्यको अनुगमन, निर्देशन र नियन्त्रण गर्नुको अतिरिक्त सम्बन्धित चेकपोष्ट तथा नाकामा राजस्व प्रहरीको परिचालन पनि गर्नेछ। यस कार्यालयको २ वटा शाखाहरुमा सूचना तथा अनुगमन शाखा र अनुसन्धान तथा मुद्दा शाखा रहने गरी प्रस्ताव गरिएको छ। सूचना तथा अनुगमन शाखामा अनुसन्धान अधिकृत (राजस्व समूहको रा. प. तृतीय श्रेणी) एक र राजस्व समूहकै नायब सुब्बाहरु २ वटा गरी कुल दरबन्दी ३ जनाको प्रस्ताव गरिएको छ। अर्को अनुसन्धान तथा मुद्दा शाखामा भने अनुसन्धान अधिकृत (रा.प.तृतीय श्रेणी, राजस्व समूह) एक, नायब सुब्बा (राजस्व समूह) चार, कम्प्यूटर अपरेटर एक, हलुका सवारी चालक दुई, कार्यालय सहयोगी दुई र गस्ती तर्फका २ जना कर्मचारीहरु गरी कुल १२ जनाको दरबन्दी प्रस्ताब गरिएको छ।

काठमाडौं उपत्यका इकाईले मूलतः चेकपोष्टहरुको प्रशासन तथा व्यवस्थापनको अतिरिक्त अनुसन्धानका लागि कब्जामा लिइएका ढुवानीका साधनहरुको चेकजांच र प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धान गर्नुपर्ने देखिएमा विभागमा सिफारिश गर्नेछ। प्रारम्भिक अनुसन्धान गर्दा थप अनुसन्धान गर्नुपर्ने नदेखिएमा त्यस्ता ढुवानीका साधनहरु छाड्ने अधिकार इकाईलाई हुनेछ।

**राजस्व अनुसन्धान विभाग**
**काठमाडौं उपत्यका इकाई**
**प्रस्तावित संगठन संरचना**




**दरवन्दी तेरिज:**

| सि.नं. | पद | **श्रेणी/सेवा/समूह** | मौजुदा | प्रस्तावित | थप/घट |
|---|---|---|---|---|---|
| १. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि. (राजस्व) | - | १ | १ थप |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. (राजस्व) | - | ७ | ७ थप |
| ३. | ना.सु. (राजस्व) | रा.प.अनं. प्रथम | - | १९ | १९ थप |
| ४. | कम्प्युटर अप्रेटर | रा.प.अनं. प्र (प्रा.) | - | ४ | ४ थप |
| ५. | हलुका सवारी चालक | श्रेणी विहिन | - | ६ | ६ थप |
| ६. | कार्यालय सहयोगी | श्रेणी विहिन | - | ७ | ७ थप |
| | जम्मा : | | | ४४ | ४४ बढी |

नोट* (१) गस्ती परिचालन वर्तमान पदबाट मिलान गरिने तथा. विद्यमान गस्तीतर्फका कर्मचारीहरुको अवकाश पश्चात ती पदहरु स्वतः खारेज हुने ।
(२) थप हुने ह. स. चा. र का. स. पदहरु सेवा करारमा लिने ।

** दक्षिणकाली र विदुर चेकपोष्ट स्थापना गर्ने कार्य आवश्यकतानुरुप कार्यकारी निर्णयबाट उपयुक्त समयमा गर्नु व्यावहारिक हुन्छ । तथापि संगठन संरचना र दरवन्दीमा उक्त व्यवस्था गरिएमा पछि निर्णयमा पुग्न सहज हुने गरी सोही अनुरुप संगठन संरचना र दरवन्दीमा व्यवस्था गरिएको छ ।

## ४.७ क्षेत्रीय कार्यालयहरु

प्रस्तावित संरचनामा विभागका क्षेत्रीय कार्यालयहरुलाई पनि सुदृढीकरण गर्ने प्रस्ताव गरिएको छ । हालकै ४ वटा इकाई कायालयहरुलाई अझ सुदृढ बनाई कार्य सम्पादन स्तर उकास्न सुदृढीकरण अत्यावश्यक भएकोले यी इकाई कार्यालयहरुको नाम क्षेत्रीय कार्यालय राख्ने प्रस्ताव गरिएको छ । स्मरणीय छ, पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरीले विर्तामोड चेकपोष्टको समेत प्रशासन गर्दछ भने मध्यमाञ्चल क्षेत्रीय कार्यालयले बर्दिबास र प्रस्तावित नारायणघाट चेकपोष्टको समेत प्रशासन गर्नेछ । त्यसैगरी पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवलले बर्दघाट र प्रस्तावित चन्द्रौटा चेकपोष्टको प्रशासन समेत गर्नेछ । मध्य तथा सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुरले अत्तरिया चेकपोष्टको प्रशासन गर्नेछ । क्षेत्रीय कार्यालय र मातहत रहने चेकपोष्टहरुको प्रस्तावित संगठन संरचना तथा दरवन्दी तेरिजको विस्तृत बिवरण निम्न अनुसार रहेको छ ।

### (क) पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरी, सुनसरी



**दरवन्दी तेरिजः**

| सि. नं. | पद | **श्रेणी/सेवा/समूह** | मौजुदा | प्रस्तावित | थप/घट |
|---|---|---|---|---|---|
| १. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि. (राजस्व) | १ | १ | - |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. (राजस्व) | १ | ३ | २ थप |
| ३. | ना. सु. (राजस्व) | रा.प.अनं. प्रथम | १ | ७ | ६ थप |
| ४. | ना. सु. (स.व.) | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ५. | कम्प्युटर अप्रेटर | रा.प.अनं. प्र (प्रा.) | - | १ | १ थप |
| ६. | लेखापाल | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ७. | सह लेखापाल | रा.प.अनं. द्वि. | १ | - | १ घट |
| ८. | खरिदार | रा.प.अनं. द्वि. | ३ | - | ३ घट |
| ९. | टाइपिष्ट | | १ | - | १ घट |
| १०. | हलुका सवारी चालक | श्रेणी विहिन | १ | २ | १ थप |
| ११. | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ४ | १ थप |
| १२. | गस्ती निरीक्षक | | १ | - | १ घट |
| १३. | गस्ती उपनिरीक्षक | | १ | - | १ घट |
| १४. | गस्ती परिचर | | ९ | - | ९ घट |
| | जम्मा : | | २३ | २० | ३ घट |

नोटः
(१) मौजुदा गस्तीतर्फका कर्मचारीहरु र टाइपिष्ट कर्मचारीहरुको पद फाजिलमा कायम गरी अवकाश पश्चात ती पदहरु स्वतः खारेज हुने ।
(२) थप हुने ह. स. चा. र का. स. पदहरु सेवा करारमा लिने ।

## राजस्व अनुसन्धान विभागको सूचना

राजमार्गमा गुडिरहेको कुनै मालवाहक गाडीले अवैध मालसामान ओसारपसार गरिरहेको वा भन्सार र कर छलेर मालसामान ढुवानी गरिरहेको सूचना तपाईसँग छ भने हामीलाई जानकारी गराउनुहोस् । नाम र ठेगाना गोप्य राखी तपाईलाई पुरस्कृत गरिनेछ ।

**राजस्व अनुसन्धान विभाग**
**हरिहरभवन, ललितपुर**

टेलिफोन नं. १६६०-०१-५५००० [पैसा नलाग्ने (Toll Free) नम्बर]
टेलिफोन नं. : ०१-५०१००८५, ०१-५०१००५७
फ्याक्स नं. : ०१-५५४२०२३
इमेल : info@dri.gov.np वेवसाइट : www.dri.gov.np

**पूर्वाञ्चल इकाई कार्यालय**
**इटहरी, सुनसरी**

टेलिफोन नं. : ०२५-५८०८३५
०२५-५८२६०४
फ्याक्स नं. : ०२५-५८०८३५

**मध्यमाञ्चल इकाई कार्यालय**
**पथलैया, बारा**
टेलिफोन नं. : ०५३-५२०२८८,
फ्याक्स नं. : ०५३-५२०२८८

**पश्चिमाञ्चल इकाई कार्यालय**
**बुटवल, रुपन्देही**
टेलिफोन नं. : ०७१-५४१०१७
फ्याक्स नं. : ०७१-५४१०१७

**मध्य तथा सुदुरपश्चिमाञ्चल इकाई कार्यालय**
**कोहलपुर, बाँके**

टेलिफोन नं. : ०८१-५४०००४

**राजस्व चेकपोष्ट, धुलिखेल**
**काभ्रेपलाञ्चोक**

टेलिफोन नं. : ०११-६६०७२०
फ्याक्स नं. : ०८१-५४०००४

## (ख) मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बारा

**प्रमुख अनुसन्धान अधिकृत**
**(रा.प.द्वितीय, राजस्व) – १**

**राजस्व प्रहरी**

(प्रहरी निरीक्षक सहित कामजा रहने राजस्व प्रहरीहरु)

**सुचना, परिचालन तथा अनुगमन शाखा**

१. अनुसन्धान अधिकृत (राजस्व) - १
२. ना.सु. (राजस्व) - ३
३. ग.नि. - १
४. ग.प. - १
जम्मा : ९

**अनुसन्धान तथा मुद्दा शाखा**

१. अनुसन्धान अधिकृत (राजस्व) - १
२. ना.सु. (राजस्व) - २
३. ना.सु. (स.व.) - १
४. क.अ. - १
५. ले.पा. - १
६. ह.स.चा. - ३
७. का.स. - ३
जम्मा : १३

**नारायणघाट चेकपोष्ट**

१. अनुसन्धान अधिकृत (राजस्व) - १
२. ना.सु. (राजस्व) -३
३. ग. प. - २
४. का.स. - १
जम्मा: ७

**वर्दिवास चेकपोष्ट**

१. अनुसन्धान अधिकृत (राजस्व) - १
२. ना.सु. (राजस्व) - ३
३. ग. प. - २
४. का.स. - १
जम्मा : ७

**दरवन्दी तेरिजः**

| सि.नं. | पद | श्रेणी/सेवा/समूह | मौजुदा | प्रस्तावित | थप/घट |
|---|---|---|---|---|---|
| १. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि. (राजस्व) | १ | १ | - |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. (राजस्व) | १ | ४ | ३ थप |
| ३. | ना.सु. (राजस्व) | रा.प.अनं. प्रथम | १ | ११ | १० थप |
| ४. | ना.सु. (स.व.) | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ५. | कम्प्युटर अप्रेटर | रा.प.अनं. प्र (प्रा.) | - | १ | १ थप |
| ६. | लेखापाल | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ७. | सह लेखापाल | रा.प.अनं. द्वि. | १ | - | १ घट |
| ८. | खरिदार | रा.प.अनं. द्वि. | ३ | - | ३ घट |
| ९. | हलुका सवारी चालक | श्रेणी विहिन | १ | ३ | २ थप |
| १०. | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ५ | २ थप |
| ११. | टाइपिष्ट | | १ | - | १ घट |
| १२. | गस्ती निरीक्षक | | १ | - | १ घट |
| १३. | गस्ती उपनिरीक्षक | | १ | - | १ घट |
| १४. | गस्ती परिचर | | ६ | - | ६ घट |
| जम्मा : | | | २० | २७ | ७ बढी |

नोटः
(१) मौजुदा गस्तीतर्फका कर्मचारीहरु र टाइपिष्ट कर्मचारीहरुको पद फाजिलमा कायम गरी अवकाश पश्चात ती पदहरु स्वतः खारेज हुने ।
(२) वर्दिवास उपइकाईको स्थापना गरिने भएकोले कुल दरवन्दी संख्या बढेको हो ।
(३) थप हुने ह. स. चा. र का. स. पदहरु सेवा करारमा लिने ।

## (ग) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवल, रुपन्देही




**दरवन्दी तेरिजः**

| सि.नं. | पद | श्रेणी/सेवा/समूह | मौजुदा | प्रस्तावित | थप/घट |
|---|---|---|---|---|---|
| १. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि.(राजस्व) | १ | १ | - |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. (राजस्व) | १ | ४ | ३ थप |
| ३. | ना.सु. (राजस्व) | रा.प.अनं. प्रथम | १ | १० | ९ थप |
| ४. | ना.सु. (स.व.) | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ५. | कम्प्युटर अप्रेटर | रा.प.अनं. प्र (प्रा.) | - | १ | १ थप |
| ६. | लेखापाल | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ७. | सह लेखापाल | रा.प.अनं. द्वि. | १ | - | १ घट |
| ८. | खरिदार | रा.प.अनं. द्वि. | ३ | - | ३ घट |
| ९. | हलुका सवारी चालक | श्रेणी विहिन | १ | २ | १ थप |
| १०. | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ५ | २ थप |
| ११. | टाइपिष्ट | | १ | - | १ घट |
| १२. | गस्ती निरीक्षक | ना.सु. सरह | १ | - | १ घट |
| १३. | गस्ती उपनिरीक्षक | खरिदार सरह | १ | - | १ घट |
| १४. | गस्ती परिचर | पियन सरह | ९ | - | ९ घट |
| जम्मा : | | | २३ | २५ | २ थप |

नोटः
(१) मौजुदा गस्तीतर्फका कर्मचारीहरु र टाइपिष्ट कर्मचारीहरुको पद फाजिलमा कायम गरी अवकाश पश्चात ती पदहरु स्वतः खारेज हुने ।
(२) थप हुने ह. स. चा. र का. स. पदहरु सेवा करारमा लिने ।

## (घ) मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुर, बांके




**दरवन्दी तेरिज:**

| सि.नं. | पद | **श्रेणी/सेवा/समूह** | मौजुदा | प्रस्तावित | थप/घट |
|---|---|---|---|---|---|
| १. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि. (राजस्व) | १ | १ | - |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. (राजस्व) | १ | ३ | २ थप |
| ३. | ना.सु. (राजस्व) | रा.प.अनं. प्रथम | १ | ७ | ६ थप |
| ४. | ना.सु. (स.व.) | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ५. | कम्प्युटर अप्रेटर | रा.प.अनं. प्र (प्रा.) | - | १ | १ थप |
| ६. | लेखापाल | रा.प.अनं. प्रथम | - | १ | १ थप |
| ७. | सह लेखापाल | रा.प.अनं. द्वि. | १ | - | १ घट |
| ८. | खरिदार | रा.प.अनं. द्वि. | ३ | - | ३ घट |
| ९. | टाइपिष्ट | | १ | - | १ घट |
| १०. | हलुका सवारी चालक | श्रेणी विहिन | १ | २ | १ थप |
| ११. | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ४ | १ थप |
| १२. | गस्ती निरीक्षक | | १ | - | १ घट |
| १३. | गस्ती परिचर | | ६ | - | ६ घट |
| जम्मा : | | | १९ | २० | १ थप |

नोट:

(१) मौजुदा गस्तीतर्फका कर्मचारीहरु र टाइपिष्ट कर्मचारीहरुको पद फाजिलमा कायम गरी अवकाश पश्चात ती पदहरु स्वत: खारेज हुने ।

(२) अत्तरिया उपइकाई कार्यालयको स्थापना गरिने प्रस्ताव गरिएकोले दरवन्दी संख्या बढेको ।

(३) थप हुने ह. स. चा. र का. स. पदहरु सेवा करारमा लिने ।

## ४.८ विभाग र अन्तर्गत इकाई कार्यालयहरुको प्रस्तावित दरवन्दी तेरिज

विभागको विद्यमान दरवन्दी ५७ जना सहित २ वटा शाखाहरु रहेकोमा नयाँ प्रस्तावित संरचना अनुरुप सूचना, केन्द्रीय परिचालन तथा अनुगमन शाखा एवं राजस्व प्रहरी इकाई समेत थप गरी ७ वटा शाखा प्रस्ताव गरिएको छ । यसो गर्दा राजस्व प्रहरी बाहेक कुल ७३ दरवन्दी कायम गरिएको छ । त्यसैगरी, विभाग मातहतमा हाल ४ वटा क्षेत्रीय कार्यालयहरु रहेकोमा त्यसलाई यथावत कायम गरी तिनको संगठनात्मक संरचना र दरवन्दी सुदृढीकरण गरिएको छ । आर्थिक बर्ष २०६६।६७ मा ३ वटा चेकपोष्टहरु स्थापना गरिसकिएको छ । यसरी थपिएका चेकपोष्टहरुमा मध्यमाञ्चलमा वर्दिवास, पश्चिमाञ्चलमा वर्दघाट र सुदूरपश्चिममा अत्तरिया रहेका छन् । त्यसै गरी नयां संगठन संरचनामा थप चेकपोष्टहरु क्रमशः स्थापना गर्दै जानुपर्ने देखिएको छ । यस अनुरुप पूर्वाञ्चलमा विर्तामोड, मध्यमाञ्चलमा नारायणघाट, उपत्यकामा दक्षिणकाली र विदुर तथा चन्द्रौटामा त्यस्ता चेकपोष्टहरु थपिने गरी प्रस्ताव गरिएको छ ।

समग्रमा विभाग र अन्तर्गतको कुल दरबन्दी संख्यामा ६८ थप हुन गएको छ । पुनसंरचना भन्दा पहिले विभाग र अन्तर्गत कुल १४२ दरवन्दी रहेकोमा पुनसंरचना पश्चात् २१० दरवन्दी प्रस्ताव गरिएको छ । सेवा करारबाट पूर्ति हुने दरबन्दी ३४ रहेका छन् । यस हिसाबले खुद थप हुने दरबन्दी ३४ मात्र रहने छ । प्रस्तावित दरवन्दी तेरिज तपसिल बमोजिम रहेको छ ।

# विभाग र इकाई कार्यालयहरुको दरवन्दीको तुलनात्मक स्थिति

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | मौजुदा | | | | | प्रस्तावित | | | घटी | बढी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विभाग | इकाई | जम्मा | रिक्त | पूर्ति जम्मा | विभाग | इकाई चे.पो. समेत | जम्मा | | | |
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | | १ | | १ | १ | | १ | ० | ० | १ |
| २ | उप महानिर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | | १ | | १ | २ | | २ | ० | १ | २ |
| ३ | निर्देशक | रा.प्र.द्वि. | प्रशासन | राजस्व | २ | | २ | | २ | ४ | | ४ | ० | २ | ४ |
| ४ | निर्देशक | रा.प्र.द्वि. | प्रशासन | सा. प्र. | | | ० | | ० | १ | | १ | ० | १ | १ |
| ५ | उपन्यायाधिवक्ता | रा.प्र.द्वि. | न्याय | स. व. | | | ० | | ० | १ | | १ | ० | १ | १ |
| ६ | प्र. अ. अ. | रा.प्र.द्वि. | प्रशासन | राजस्व | | ४ | ४ | १ | ३ | ० | ५ | ५ | ० | १ | ५ |
| ७ | शा. अ./अ. अ. | रा.प.तृ. | प्रशासन | राजस्व | ५ | ४ | ९ | ५ | ४ | ८ | २१ | २९ | ० | २० | २९ |
| ८ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा. प्र | | | ० | | ० | ३ | | ३ | ० | ३ | ३ |
| ९ | शा. अ. (स. व.) | रा.प.तृ. | न्याय | स. व. | १ | | १ | | १ | १ | | १ | ० | ० | १ |
| १० | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | | १ | | १ | १ | | १ | ० | ० | १ |
| ११ | क. इन्जिनियर | रा.प.तृ. | विविध | विविध | | | ० | | ० | १ | | १ | ० | १ | १ |
| १२ | ना.सु. | रा.अनं. प्र. | प्रशासन | राजस्व | १० | ४ | १४ | ३ | ११ | १७ | ५४ | ७१ | ० | ५७ | ७१ |
| १३ | ना.सु. | रा.अनं. प्र. | प्रशासन | सा. प्र. | | | | | | ५ | ० | ५ | ० | ५ | ५ |
| १४ | ना.सु. | रा.अनं. प्र. | | स. व. | १ | | १ | | १ | २ | ४ | ६ | ० | ५ | ६ |
| १५ | लेखापाल | रा.अनं. प्र. | प्रशासन | लेखा | १ | | १ | | १ | २ | ४ | ६ | ० | ५ | ६ |
| १६ | कम्प्युटर अप्रेटर | रा.अनं. प्र. | विविध | विविध | २ | | २ | | २ | ६ | ८ | १४ | ० | १२ | १४ |
| १७ | सह लेखापाल | रा.अनं. द्वि. | प्रशासन | लेखा | १ | ४ | ५ | | ५ | ० | ० | ० | ५ | ० | ० |
| १८ | खरिदार | रा.अनं. द्वि. | प्रशासन | राजस्व | ७ | १२ | १९ | ५ | १४ | ० | ० | ० | १९ | ० | ० |
| १९ | टाइपिष्ट | विभिन्न | प्रशासन | सा. प्र. | १ | ४ | ५ | | ५ | ० | ० | ० | ५ | ० | ० |
| २० | ह.स.चा. | श्रेणी विहिन | | | ६ | ४ | १० | | १० | ९ | १५ | २४ | ० | १४ | २४ |
| २१ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ३ | १२ | १५ | | १५ | १० | २५ | ३५ | ० | २० | ३५ |
| २२ | गस्ती निरीक्षक | | | | १ | ४ | ५ | २ | ३ | ० | ० | ० | ५ | ० | ० |
| २३ | ग. उ. निरीक्षक | | | | १ | ३ | ४ | १ | ३ | ० | ० | ० | ४ | ० | ० |
| २४ | गस्ती परिचर | | | | १२ | ३० | ४२ | २४ | १८ | ० | ० | ० | ४२ | ० | ० |
| कुल जम्मा | | | | | ५७ | ८५ | १४२ | ४१ | १०१ | ७४ | १३६ | २१० | ८० | १४८ | २१० |

| | |
|---|---|
| कायम हुने दरवन्दी | २०९ |
| मौजुदा दरवन्दी | १४२ |
| थप हुने दरवन्दी | ६८ |
| सेवा करारबाट पूर्ती हुने दरवन्दी | ३४ |
| खुद थप हुने दरवन्दी | ३४ |

| निकायहरु | प्रस्तावित दरवन्दी |
|---|---|
| विभाग | ७४ |
| उपत्यका | ४४ |
| इटहरी | २० |
| पथलैया | २७ |
| बुटवल | २५ |
| कोहलपुर | २० |
| कूल जम्मा | २१० |

## अध्याय – पांच

## विभाग तथा इकाई कार्यालयहरुको विषयगत कार्य प्रगति स्थिति

Formatted: Font color: Red, French (France)

### ५.१ सूचना संकलन

आ. व. २०६५/६६ को बजेट वक्तव्यवाट राजमार्गमा अनुसन्धानका ढाट हटेपछि सूचना संकलनका क्षेत्रमा केही परिवर्तनहरु गरिएको छ। विशेषत: गैर स्थलगत सूचना संकलन प्रणालीलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ। प्रमुख व्यवस्थाहरु देहाय अनुसारका छन्।

- राजस्व चुहावट सम्बन्धी सूचना प्राप्त गरी कारवाही गर्न २४ सै घण्टा खुल्ला रहने गरी विभागमा नियन्त्रण कक्ष (Control Room) स्थापना गरिएको छ भने सूचना प्राप्त गर्न फोन नं. ५०१००८५ र पैसा नलाग्ने फोन नं. १६६०-०१-५५००० र फ्याक्स नं. ५५४२०२३ तथा इमेल info@dri.gov.np को व्यवस्था गरिएको छ। राजस्व चुहावट सम्बन्धी जानकारी पाउने जो कोहीले सूचना दिन सक्ने गरी विभागले सार्वजनिक रुपमा आह्बान आह्वान गरेको छ। त्यस्तो सूचनाको गोप्यता कायम गरिने व्यवस्था समेत मिलाइएको छ।

Formatted: Font: 12 pt, French (France)

- वस्तु तथा सेवाको कारोवार गर्ने विक्रेताले आफ्नो कारोवारको अनिवार्य रुपले कर विल/विजक जारी गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले अनिवार्यरुपमा विजक जारी गर्नुपर्ने व्यवस्था गरिएको छ। यसको कार्यान्वयनको लागि विभागबाट कारोवारस्थलमा छापामार्ने, आकस्मिक गस्ती तथा द्रुत गस्तीको परिचालनद्धाचालनद्वारा कडाइका साथ अनुगमन गरिने व्यवस्था मिलाइएको छ।
- व्यापारिक प्रयोजनका मालसामानहरु ढुवानी गर्दा त्यस्ता ढुवानीकर्ताहरुले आफुले ढुवानी गरेको मालसामानको ढुवानी घोषणापत्र र भन्सार प्रज्ञापनपत्र/मू.अ.कर विल/विजक/चलान (स्टक ट्रान्सफर) आदि कागजात साथैमा लिई हिड्नुपर्ने व्यवस्था गरिएको छ।
- मालवाहक ढुवानीको साधनहरुले यात्रुहरु ओसारपसार गर्न र यात्रुवाहक सवारी साधनहरुले व्यापारिक प्रयोजनका मालसामान ढुवानी गर्न नहुने एवं निजी नम्बर प्लेटका गाडीहरुले आफ्नो बाहेक व्यापारिक प्रयोजनका मालसामानहरु ढुवानी गर्न नपाइने व्यवस्था मिलाईएको छ।
- आन्तरिक ओसारपसारको लागि आन्तरिक राजस्व विभागले जारी गरेको निर्देशिका बमोजिमका प्रमाणित कागजात ढुवानी साधनका साथै लिई हिड्नु पर्नेछ।
- माथि उल्लेखित व्यवस्थाको उल्लंघन गरेको पाइएमा विभागबाट खटिएको द्रुत गस्ती/आकस्मिक गस्तीले सामान कब्जामा लिई जफत गर्ने र प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही —गर्ने व्यवस्था मिलाईएको छ।

**केन्द्रीय सूचना प्रणालीको विकास** (DRI-CIS) **स्थापना** : Department of Revenue Investigation – Central Information System (DRI-CIS) सूचना संकलनको दृष्टिले ज्यादै महत्वपूर्ण प्रयास हो । विभागबाट DRI-CIS को स्थापना गरी यसलाई सूचना सञ्जालको माध्यमबाट इकाई कार्यालयहरुसँग जोड्ने र संकलित विल/विजकहरुको कम्प्यूटर इण्ट्रीको अद्यावधिक व्यवस्था गरी कम्प्यूटरकृत सूचना प्रणाली विकास गर्न एशियाली विकास बैंकको प्राविधिक सहयोगमा केन्द्रीय सूचना प्रणाली स्थापना गरिएको हो ।

Formatted: Normal, Line spacing: 1.5 lines

## ५.२ प्रवर्द्धनात्मक कार्यक्रम

विभागले अपनाएका ३ वटा रणनीति अन्तर्गतको प्रवर्द्धनात्मक रणनीति (Promotional Strategy) प्राथमिकताको विषय रहेको छ । राजस्व परिचालन र चुहावट नियन्त्रण कार्यलाई प्रचार प्रसारको माध्यमबाट उद्योगी, व्यापारी र सर्वसाधारण समक्ष पुऱ्याउन र कानूनको परिपालना गर्ने/गराउने कार्यमा आवश्यक जन जागरण बढाउन निम्नानुसारको कार्यक्रम संचालन गरिएको थियो । पाँच विकास क्षेत्रमा संचालित कार्य~~क्र~~क्रममा करीव १५०० जनाको सहभागिता रहेको थियो ।

- पांचै विकास क्षेत्रमा पर्ने गरी देशका प्रमुख व्यापारिक केन्द्रहरु (काठमाडौं, विराटनगर, वीरगंज, भैरहवा, नेपालगंज र धनगढी) मा सचेतनामूलक/प्रवर्धनात्मक गोष्ठी संचालन गरिएका थिए ।
- राजस्व चुहावट नियन्त्रणलाई सूचनाको माध्यमबाट नियन्त्रण गर्न ४ वटा Video Clip निर्माण गरिएका थिए ।
- गत आर्थिक वर्षमा पत्रपत्रिकामा प्रचार प्रसार सामग्री सहितका सूचनाहरु प्रकाशित भएका छन् । सूचनामूलक सामग्री तयार गरी नियमित रुपमा प्रकाशन र प्रशारण गर्ने कार्य गरिएको छ । साथै विद्युतीय सञ्चार माध्यमहरुमार्फत जानकारीमुलक समाचार सम्प्रेषण गरिएको छ । यस बीचमा रेडियो नेपालको आर्थिक समाचार मार्फत सार्वजनिक समाचार प्रसारण भएको थियो ।
- ब्रोसर प्रकाशन र वितरण गरिएको ।
- नियमित रुपमा पत्रपत्रिकामा सूचना प्रचार प्रसार गरिएको ।
- Dynamic website को व्यवस्था गरिएको ।
- Leaflets र pamphlets वितरण र प्रचार प्रसार गरिएको ।
- भन्सार स्मारिका, २०६६ मा राजस्व चुहावट नियन्त्रण सम्बन्धी लेख प्रकाशन गरिएको ।

साथै, व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसारबाट हुने गरेको चुहावट तथा चोरी व्यापारलाई नियमन गर्न आन्तरिक राजस्व विभागसंग समन्वय र छलफल पश्चात आन्तरिक राजस्व विभागबाट

Formatted: Indent: First line: 1.27 cm

"व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसार सम्बन्धी कार्यविधि नियमन निर्देशिका २०६५" स्वीकृति गराई कार्यान्वयनमा ल्याइएको छ । यसले आन्तरिक ओसारपसार कार्यलाई नियमन गर्न थप मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसको पूर्ण पालना र कार्यान्वयन तर्फ विभाग कृयाशील छ ।

## ५.३ कार्यगत लक्ष्य र प्रगति विवरण

आर्थिक वर्ष २०६६/६७ मा आन्तरिक उत्पादन, निकासी, पैठारी गर्ने ढुवानी साधनहरुको आकश्मिक चेकजाँच गर्ने, विभिन्न स्रोतबाट प्राप्त सूचनाका आधारमा वस्तु तथा सेवा प्रदान गर्ने फर्म तथा व्यवसायीहरुको कारोवार_स्थल तथा गोदाममा छापा_मार्ने, द्रुत गस्ती परिचालन गर्ने, मातहतका कार्यालयहरुको निरीक्षण र सुधार गर्ने जस्ता मासिक कार्यगत लक्ष्य निर्धारण गरी सोही अनुसार कार्यसम्पादन गरिएकोमा लक्षित उद्देश्य अनुसार नै कार्यसम्पादन भएको थियो ।

**Formatted:** Indent: First line: 1.27 cm

### (क) राजस्व संकलन तर्फको प्रगति स्थिति

यस आर्थिक वर्षमा विभाग तथा कार्यालयहरु समेतबाट कुल राजस्व रु. ३६ करोड ३३ लाख ७५ हजार असुल भएको छ । राजस्व असुलीमा सबैभन्दा बढी भन्सार तर्फ रु. १३ करोड ३७ लाख ७२ हजार र सबैभन्दा कम अन्तःशुल्तर्फ रु. १ करोड ८ लाख ३८ हजार प्राप्त भएको थियो । यस आर्थिक वर्षमा भएको राजस्व असुलीको विवरण अनुसूची - १२ मा समावेश गरिएको छ ।

**Formatted:** Indent: First line: 1.27 cm

**Formatted:** Font: 8 pt

### (ख) भन्सार जाँचपास पछिको परीक्षण

यस विभागबाट विभिन्न मितिमा गरिएको आकस्मिक गस्तीको क्रममा कब्जामा लिइएका विभिन्न ट्रक/कण्टेनरहरुमा रहेका मालसामानहरुको भौतिक परीक्षण गर्दा विभिन्न भन्सार कार्यालयहरुबाट जाँचपास भएका सामानहरुको न्यून मूल्याङ्कन भएको देखिएका व्यापारिक फर्मका मालसामानहरुको नमूना सहितका १०७ बस्तुहरु जाँचपास पश्चात परीक्षण Post Clearance Audit (PCA) गर्नको लागि भन्सार विभागमा पठाइएको छ ।

**Formatted:** Indent: First line: 1.27 cm

### (ग) प्रशिक्षण/निरीक्षण भ्रमण

आर्थिक वर्ष २०६६/६७ मा यस विभागबाट राजस्व परिचालन तथा चुहावट नियन्त्रण सम्बन्धमा काठमाडौं, विराटनगर, विरगञ्ज, बुटवल, नेपालगञ्ज, धनगढीमा समेत गरी –६ वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएका थिए । त्यस्तै, राजस्व चुहावट नियन्त्रण सम्बन्धमा यस विभागका कर्मचारीहरुलाई राजस्व प्रशाासन तालीम केन्द्रमा अनुसन्धान सम्वन्धी विषयमा प्रशिक्षण संचालन गरिएको थियो । यस अवधिमा विभागीय प्रमुख लगायतका पदाधिकारीहरुवाट इकाई कार्यालयहरुको निरीक्षण समेत गरिएको थियो ।

**Formatted:** Indent: First line: 1.27 cm

## ५.४ इकाई कार्यालयहरुको प्रगति स्थिति

विभाग अन्तर्गतका चारवटा क्षेत्रीयस्तरका इकाई कार्यालयहरुको आर्थिक वर्ष २०६६/६७ को प्रगति स्थिति देहाय बमोजिमका तालिकाहरुमा उल्लेख गरिएको छ।

### (क) राजस्व अनुसन्धान पूर्वाञ्चल इकाई कार्यालय, इटहरी

#### १. राजस्व असुली

| क. सं. | राजस्व शिर्षक | २०६६/६७ को असुली रु. |
|---|---|---|
| १ | मू.अ.कर | २४४४१६०.०० |
| २ | आयकर | १९०५३०.०० |
| ३ | भन्सार | १६८८००१२.०० |
| **जम्मा** | | **१९५१४७०२.००** |

#### २. जफत गरिएका मुख्य मुख्य मालसामानहरु

| सि. नं. | सामानको नाम | मूल्य रु. |
|---|---|---|
| १ | कपडा | १३२०२३९।०० |
| २ | चिनी | ३८८२१०।०० |
| ३ | रासायनिक मल | १७९६००।०० |
| ४ | खाने तेल | १४८६९३।०० |
| ५ | मोवाइल र कम्प्युटर पार्टस | २३५७७०।०० |
| ६ | सुर्ती | ५१७२६४।०० |
| ७ | गाडी | १२६२०५००।०० |
| ८ | मोटरसाइकल | १३७००००।०० |
| ९ | मोटर साइकल | १२३२६४।०० |
| १० | रड | ७३९५०।०० |
| ११ | खाद्यान्न | २९३८७०।०० |
| १२ | भांडावर्तन | ७३०७४।०० |
| १३ | अन्य | ४६९७११।०० |

#### ३. राजस्व असुली गरिएका मुख्य फर्महरु

| क.स. | फर्मको नाम | असुली रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रमोद एण्ड विर्तामोड, झापा | १३६२९६.०० | |
| २ | मनमोहन काष्ठ उद्योग, सप्तरी | १००००.०० | |
| ३ | रामराज हार्डवेयर | ११०५००.०० | |
| ४ | श्यामबाबा इण्टरनेशनल | १५०००.०० | |
| ५ | जय हनुमान भेनियर, इनरुवा | १००००.०० | |

**Formatted:** Indent: First line: 1.27 cm

**Formatted:** French (France)

**Formatted:** Centered

**Formatted:** Centered

**Formatted:** Centered

**Formatted:** Font: Bold, French (France)

**Formatted:** Font: Bold, French (France)

**Formatted:** Centered

**Formatted Table**

**Formatted:** Centered

**Formatted:** Centered

**Formatted:** Centered

**Formatted:** Centered

**Formatted:** Centered

| | | | |
|---|---|---|---|
| ६ | कामधेनु इण्टरनेशनल | १००००.०० | |
| ७ | व्रदर्श कम्युनिकेशन, धनकुटा | १००००.०० | |
| ८ | हिमाल इम्पेक्स | १००००.०० | |
| ९ | व्रेन इण्टरनेशनल | ४६०६४.०० | |
| | **जम्मा** | **४६४८०००.००** | |

४. **मुद्दा फछ्र्यौट** (भन्सारतर्फ)

| **आर्थिक वर्ष** | **गत वर्षबाट जिम्मेवारी सरी आएको** | **आ. ब. को दर्ता संख्या** | **कुल मुद्दा** | **फछ्र्यौट भएको मुद्दा** | **फछ्र्यौट हुन बाँकी** |
|---|---|---|---|---|---|
| २०६४/६५ | ३१ | १०२ | १३३ | ९७ | ३६ |
| २०६५/६६ | ३६ | १५९ | १९५ | १४६ | ४९ |
| २०६६/६७ | २० | १२६ | १४६ | १२८ | १८ |

(ख) **राजस्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय, पथलैया**

१. **राजस्व असुली**

रू. ०००

| क्र. सं. | शिर्षक | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | गत बर्षको तुलनामा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मु.अ.कर | १७९५ | ३२६१ | ९९३३ | ३०५ |
| २ | आयकर | ६०४ | ४२८४ | ७८१४ | १८२ |
| ३ | भन्सार | १६९५२ | २७७९८ | ४४६८१ | १६१ |
| ४ | अन्त:शुल्क | १५ | २३९ | ३०५८ | १२७९ |
| ५ | गैरकर | ७६० | ९५९ | ७९२ | ८३ |
| | जम्मा | २०१२६ | ३६५४१ | ६६२७८ | १८१ |

## २. कार्यगत लक्ष्यको प्रगति बिवरण

| क्र.सं. | | लक्ष्य संख्या | प्रगति संख्या | लक्ष्यको दांजोमा प्रगति % |
|---|---|---|---|---|
| १ | ढुवानीका साधनको चेकजांच | ४७४ | ५१३ | १०८ |
| क | आन्तरिक उत्पादन तर्फ | २०१ | २१५ | १०७ |
| ख | पैठारी भएका बस्तु तर्फ | २३३ | २४२ | १०४ |
| ग | निकासी भएका बस्तु तर्फ | ४० | ५६ | १४० |
| २ | गोदाम तथा कारोवार स्थलको चेकजांच | ३८ | १२ | ३२ |
| | क) वस्तु | ३२ | १० | ३१ |
| | ख) सेवा | ६ | २ | ३३ |



**Formatted:** Font: 11 pt, Bold
**Formatted:** Font: 11 pt, Bold
**Formatted:** Font: 11 pt, Font color: Auto
**Formatted:** Font: 14 pt, Bold
**Formatted:** Centered, None, Space Before: 0 pt, Don't keep with next, Don't keep lines together
**Formatted:** Font: Font color: Auto
**Formatted Table**
**Formatted Table**

| | | | | |
|---|---|---|---|---|
| ३ | नियमित/आकस्मिक गस्ती/बजार केन्द्र र राजमार्ग अनुगमन | ५० | ५६ | ११२ |
| | | १५०० कि. मी. | १६८० कि. मी. | |

### ३. कार्यगत लक्ष्य प्रगतिको तुलनात्मक तालिका

(आ. ब. २०६५/०६६ र आ. ब. २०६६/०६७)

| क्र.सं. | बिवरण | आ. ब. ०६५/०६६ को प्रगति | आ. ब. ०६६/०६७ को प्रगति | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | ढुवानीका साधनको चेकजांच | ३८९ | ५१३ | १३२ |
| | क) आन्तरिक उत्पादन तर्फ | १५१ | २१५ | १४२ |
| | ख) पैठारी भएका बस्तु तर्फ | २०९ | २४२ | ११६ |
| | ग) निकासी भएका बस्तु तर्फ | २९ | ५६ | १९३ |
| २ | गोदाम तथा कारोवार स्थलको चेकजांच | १६ | ३२ | ७५ |
| | क) बस्तु | १४ | १० | ७१ |
| | ख) सेवा | २ | २ | १०० |
| ३ | नियमित/आकस्मिक गस्ती/बजार केन्द्र र राजमार्ग अनुगमन | कार्यगत लक्ष्य नतोकिएको | ५६ पटक | |
| | | | १६८० कि.मी. | |

### ४. मुद्दा दर्ता तथा फछ्र्यौट

| क्र. सं. | गत बर्षबाट जिम्मेवारी सरेको | यो वर्षमा दर्ता | कुल जम्मा | यो वर्षमा फछ्र्यौट | बांकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २२ | २५३ | २७५ | २५९ | १६ | ९४ |

नोट :- मुद्दा फछ्र्यौटको लक्ष्य ७५% तोकिएको ।

## ५. मुद्दा दर्ता तथा फछ्र्यौटको तुलनात्मक विवरण
**(आ. ब. ०६५/०६६ र ०६६/०६७)**

| आ. व. | गत बर्षबाट जिम्मेवारी सरेको | दर्ता सख्या | कुल दर्ता | फछ्र्यौट भएको | फछ्र्यौट हुन बाँकी संख्या | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०६४/०६५ | २० | ९२ | ११२ | ८५ | २७ | ७६ |
| ०६५/०६६ | २७ | १६५ | १९२ | १७० | २२ | ८९ |
| ०६६/०६७ | २२ | २५३ | २७५ | २५९ | १६ | ९४ |
| गत वर्षको तुलनामा बृद्धि % | – | १५३ | १४३ | १५२ | – | – |

## ६. बेरुजु बिवरण

| बिवरण | बिनियोजन तर्फ रू. | राजस्व तर्फ रू. | धरौटी तर्फ रू. | कैफियत |
|---|---|---|---|---|
| आ. ब. ०६४/०६५ को बेरूजु | – | – | ५३२३६५।- | म.ले.प.का.को मिति ०६७/०३/२९को निर्णयानुसार फछ्र्यौट |
| आ. ब. ०६५/०६६ को वेरूजु | | | १४६९००।- | |
| चालु आर्थिक वर्षमा थप भएको | – | – | – | |
| जम्मा | – | – | ६७९२६५।- | |
| **प्रतिशत** | **–** | **–** | **७८** | |
| म. ले. प. का. को प. सं. ०५/०६६/०६७ मिति ०६७/०४/०७ को पत्रबाट फछ्र्यौट | – | – | १४६९००।- | |
| यो वर्षमा फछ्र्यौट भएको बेरूजु | – | – | ६७९२६५।- | |
| बांकी वेरूजु | ० | ० | ० | |

## ७. जफत गरिएका मुख्य मुख्य मालसामानहरु

| सि.नं. | सामानको नाम | परिमाण | इकाई | मूल्य रू. |
|---|---|---|---|---|
| १ | गाडी | १७ | गोटा | १९७०००००।– |
| २ | मोटरसाईकल | ५१ | गोटा | २७७७६००।– |
| ३ | चिनी | ९१००० | किलो | ४०९५९४६।– |
| ४ | मल | १२५४ | बोरा | १०४०११०।– |
| ५ | इलेक्ट्रोनिक्स सामान | २३८ | गोटा | २३८१०।– |
| ६ | कुर्ता सलवार | ६६९० | गोटा | १३३९०३२।– |
| ७ | कपडा बिभिन्न | ६४८४७ | मिटर | १८८०५८७।– |
| ८ | रेडिमेड कपडा | ३८९९७ | गोटा | ७७९९४०।– |
| ९ | साडी | ६०७८ | गोटा | ९११७४०।– |
| १० | साइकलको सामान | १२१७ | दर्जन | २९२२४।– |
| ११ | गलैंचा | ४४ | थान | २४३०००।– |
| १२ | रङ्ग | १७५ | किलो | ३००००।– |
| १३ | दाल | २२४३० | किलो | १५०३०००।– |
| १४ | क्यारेम बोर्ड | ४७ | गोटा | २३५००।– |
| १५ | खाने तेल | ३७५ | लिटर | २४३७५।– |
| १६ | ज्वेमेट्री बक्स | २४८० | गोटा | २५२५५६।– |
| १७ | टायर ट्युब | ९२ | गोटा | ८०१००।– |
| १८ | फुटवल, क्रिकेट बल | ८१२५ | गोटा | ११९३००।– |
| १९ | चिनी मिठाई | २३७२ | किलो | ४७४४०।– |
| २० | ताला सांचो | १९३५ | गोटा | ९६७५०।– |
| २१ | चांदीको गहना | ४ | किलो | १९६९८८।– |
| २२ | गुट्का, खैनी, सुर्ती | १२५७८ | किलो | ५०३१६५।– |
| २३ | डि. भि. डी. | १४४ | गोटा | २११९००।– |
| २४ | मोटरपार्टस | १४० | दर्जन | ८४०००।– |
| २५ | सिमेन्ट | ३५० | बोरा | १६४१६०।– |
| २६ | धातुको धागो | ५२८ | किलो | ५२८५०।– |
| २७ | अल्मोनियम भांडा | १४७ | किलो | ४७१००।– |
| २८ | सि.डि.एम.ए. फोन | १७ | सेट | २५५००।– |
| २९ | अन्य सामान | – | – | १८२७००।– |
| जम्मा | | | | **३६४६६३७३।–** |

## ८. पथलैया इकाई कार्यालयको कार्यक्षेत्र भित्रका भन्सार कार्यालयहरुको

| क्र. सं. | भन्सार कार्यालय | लक्ष्य रू. | प्रगति रू. | बृद्धि % |
|---|---|---|---|---|
| १ | जनकपुर | १०९२२८ | ५५९७३ | ५१ |
| २ | जलेश्वर | १६६०५६ | २७४३५२ | १६५ |
| ३ | सर्लाही | ९३३०९ | ७१३०३ | ७६ |
| ४ | गौर | ४८१५६ | ५८३७३ | १२१ |
| ५ | बीरगञ्ज | ३८४६९२४२ | ४३८०७५४७ | ११४ |
| ६ | सुख्खा वन्दरगाहा | ६२१२९९४ | ६०३१६४४ | ९७ |
| जम्मा | | **४५०९८९८५** | **५०२९९१९२** | **११२** |

## ९. पथलैया इकाई कार्यालयको कार्यक्षेत्र भित्रका आन्तरिक राजस्व कार्यालयहरुको

| क्र. सं. | आन्तरिक राजस्व कार्यालय | लक्ष्य रू. | प्रगति रू. | बृद्धि % |
|---|---|---|---|---|
| १. | बीरगंज | १८७३४९२ | १९७७५२७ | १३३ |
| २. | सिमरा | ४४५७१२० | ४५४९९३९ | १३० |
| ३. | हेटौडा | १०२७४९३ | १०५५८२० | १२० |
| ४. | भरतपुर | ३५०६२२३ | ३५३८९९० | १२० |
| ५. | जनकपुर | ९३०८६१ | ३६८५२५ | ५८ |
| **जम्मा** | | **११७९५१८९** | **११४९०८०१** | **९७** |

### १०. इकाई कार्यालयले भोग्नुपरेका केही समस्या र समाधानका लागि सुझावहरु

१) यस कार्यालय रहेको पथलैया स्थित जग्गाको क्षेत्रफल पुग नपुग ३ कठ्ठा भएको र सो क्षेत्रफलमा कार्यालय भवन, गोदाम, यार्ड सेड लगायतका सम्पूर्ण संरचनाहरू रहेकोले ट्रक, बस लगायतका सवारी साधन चेकजांच गर्नु पर्दा स्थान अपुग हुने गरेको छ । यस कार्यालयको कार्यक्षेत्र ठूलो भएको हुनाले कहिले कांही एकै पटक ८।१० वटा सम्म ढुवानी तथा सवारी साधन चेक जांच गर्नु पर्ने अवस्था आउन सक्ने भई स्थानाभावको समस्याको सामना गर्नु परिरहेको छ । राजमार्ग वा खुल्ला स्थानमा सामान अनलोड गरी भौतिक परिक्षण गर्न अव्यावहारिक समेत हुने हुंदा घाम, पानी झरीको कारणले यार्डमा सेड भित्र सवारी साधन राखी चेक जांच गर्ने व्यवस्था हुनु पर्ने देखिन्छ ।

२) कार्यालय निरीक्षणका क्रममा इकाई कार्यालयहरूबाट मन्त्रालय तथा बिभागबाट आउनु भएका सचिवज्यू तथा महानिर्देशकज्यू समेतलाई स्थानाभावको समस्या प्रस्तुत गरिएको थियो । सो समस्या दीर्घकालिन रूपमा समाधानको लागि यस कार्यालयको पथलैया

चेक प्वाइन्टदेखि लोकमार्गको पूर्वतर्फ रहेको बन क्षेत्रको रूखहरू नभएको खाली जग्गा मध्ये सडकको अधिनस्थ क्षेत्र (Right of way) सडकबाट १०३ फिट छोडेर पूर्व-पश्चिम चौडाई ११० फिट तथा उत्तर दक्षिण लम्बाइ ३१० फिटको हुने क्षेत्रफल ९ कट्ठा ७ धुर १ कन्वा जग्गामा यस कार्यालयले भोग चलन गर्न पाउने गरी हस्तान्तरण भई आउन आवश्यक व्यवस्थाको लागि प.सं. ०६६/०६७ च. नं. ५६८ मिति २०६६/१२/२५ मा राजस्व अनुसन्धान बिभागमा अनुरोध गरी पठाइएको छ । उक्त जग्गा हस्तान्तरण भई सोमा कार्यालय भवन निर्माण गरी राजस्व प्रहरी समेत संयुक्त रूपमा रही कार्य संचालन गनुपर्ने देखिन्छ ।

३) यस कार्यालय स्थित पथलैयाको चेक प्वाईन्टमा २४ घण्टा प्रज्ञापन पत्र तथा बिल बिजक कम्प्यूटरमा प्रविष्ट गर्ने कार्य मिति २०६६/१२/१६ बाट शुरू भई सकेको छ । समय समयमा यसमा देखिने समस्यालाई तत्काल पहिचान गरी समाधान गर्दै जानुपर्ने देखिन्छ ।

४) द्रुतगस्ती संचालन गरी समय-समयमा ठोरी-नारायणघाट-मुग्लिन, भैंसे-सिस्नेरी, भैंसे-फर्पिङ्ग, हेटौंडा-नौविसे सडक खण्डहरूमा सवारी साधन चेक जांच गर्नु पर्ने देखिन्छ । यसको लागि आवश्यक श्रोत, साधन र जनशक्तिको व्यवस्था हुनु पर्ने देखिन्छ ।

५) नियमित दरवन्दीमा रहेका कर्मचारीहरूको अलावा केही कर्मचारीहरू काजमा खटाइएको भएतापनि अनुसन्धान अधिकृतको दरबन्दी लामो समयदेखि रिक्त रहेकोले अनुसन्धान कार्यमा बाधा परिरहेको हुंदा सो दरबन्दी यथाशिघ्र पूर्ति हुनु पर्ने देखिन्छ ।

६) बृहत कार्यक्षेत्र, राजस्व चुहावटका क्षेत्रमा भएको वृद्धि, विभागको कार्यक्षेत्रमा भएको विस्तारका साथै प्रविधिमा भएको विकासका कारणले गर्दा जनशक्ति बृद्धि तथा विद्यमान जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरू अगाडि बढाई आधुनिक साधन संयन्त्र सहितका कर्मचारीहरूको व्यवस्था हुनु पर्ने देखिन्छ ।

**(ग) राजस्व अनुसन्धान पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल**

**१. राजस्व असुली**

| सि.नं. | शीर्षक | राजस्व असुली रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | भन्सार | ६२९४६६५.०० | |
| २ | मू.अ.कर | ४४४८४२५.०० | |
| ३ | अन्तशुल्क | १४२९०७.०० | |
| ४ | आयकर | २१२५४०३.०० | |
| ५ | अन्य विविध | १७९७८३८.०० | |
| | **जम्मा** | **१४८०९२३८.००** | |

## २. राजस्व असुलीको तुलनात्मक विवरण
## आ. ब. २०६५/६६ र आ. ब. २०६६/६७)

| सि.नं. | शिर्षक | आ. ब. ०६४/०६५ | आ. ब. ०६५/०६६ | आ. ब. ०६६/०६७ | कैफियत |
|---|---|---|---|---|---|
| १ | भन्सार | २९२३२७२.०० | ५७९७२५१.०० | ६२९४६६५.०० | |
| २ | मू.अ.कर | २८१९४५.०० | ३४९१३२.०० | ४४४८४२५.०० | |
| ३ | अन्त:शुल्क | ०.०० | ८०४३६८.०० | १४२९०७.०० | |
| ४ | आयकर | ०.०० | ५००००.०० | २१२५४०३.०० | |
| ५ | अन्य विविध | १४१७५.०० | ४३६३०१३.०० | १७९७८३८.०० | |
| | **जम्मा** | **३२१९३९२.००** | **११३६३७६४.००** | **१४८०९२३८.००** | |

## ३. जफत गरिएका मुख्य मुख्य मालसामानहरु

| सि.नं. | सामानको विवरण | परिमाण | इकाई | मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिनी | ६५३१० | किलो | २८,०,३५०।- | |
| २ | कम्प्यूटर पार्ट्स हार्डडिक्स र्‍याम र सि.पि.यू. | ४९० | पिस | ६,४१,५००।- | |
| ३ | रासायनिक मल | ८०६ | बोरा | ६,२२,६५०।- | |
| ४ | आलु | २७११० | किलो | ४,६३,०००।- | |
| ५ | गाडी | १ | थान | ३,००,०००।- | |
| ६ | कुर्ता सलवार | १०८१ | पिस | २,७२,०००।- | |
| ७ | कपडा | ९३८५ | मिटर | २,४७,०१५।- | |
| ८ | अन्य रेशा साडी | ३३३ | पिस | १,४५,१२५।- | |
| ९ | स्टिल भांडा वर्तन | ८८६ | किलो | १,१८,६२५।- | |
| १० | क्यामरा | १३ | पिस | १,०४,०००।- | |

## ४. मुद्दाहरुको विवरण

| सि.नं. | आ.व. ०६५/०६६ बाट जिम्मेवारी सरेको मुद्दा संख्या | आ.व. ०६६/०६७ मा दर्ता मुद्दा संख्या | कुल मुद्दा संख्या | फर्छौंट भएको मुद्दा संख्या | फछ्र्यौट हुन बांकी मुद्दा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १३ | ४४ | ५७ | ४३ | १४ | |

### ५. बेरुजु विवरण

| सि.नं. | विवरण | रकम रु. | |
|---|---|---|---|
| १ | आ. व. २०६४।६५ सम्मको बेरुजु रकम | १४७७७९५।- | |
| २ | आ. व. २०६५।६६ मा  फछ्र्यौट भएको बेरुजु रकम | ३,९३,८६०।- | |
| ३ | आ. व. मा २०६५।६६ मा थप भएको बेरुजु रकम | १८६८७४।- | |
| ४ | आ. व. मा २०६६।६७ मा बांकी बेरुजु रकम | १२७०८०९।- | |
| ५ | आ. व. मा २०६६।६७ मा फछ्र्यौट बेरुजु रकम | १२७०८०९।- | |
| ६ | फछ्र्यौट हुन बांकी बेरुजु रकम | **0.00** | |

## (घ) राजस्व अनुसन्धान मध्य तथा सुदूर पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर

### १. राजस्व असुली

| क्र. सं. | राजस्व शिर्षक | २०६४/६५ को असुली | २०६५/६६ को असुली | २०६६/६७ को असुली |
|---|---|---|---|---|
| १ | मू.अ.कर | ६०४१४.०० | ६५८७२५.०० | १५००९५९.०० |
| २ | आयकर | १०२९०० | ७३५७४.०० | ३३१२६३.०० |
| ३ | भन्सार | १२८१४५०.०० | ३४३८९००.०० | ४८२९४९९.०० |
| ४ | अन्त:शुल्क | ०.०० | ० | ८७४००.०० |
| ५ | अन्य राजस्व | ०.०० | ० | ९०६५२२.०० |
| | **जम्मा** | १४४४७६४.०० | ४१७११९९.०० | ७६५५६४३.०० |

### २. भन्सार मुद्दा विवरण (दर्ता तथा फछ्र्यौट)

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|
| ~~२०६५~~२०६६/~~६६~~६७ | ११ | ८५ | ९६ | ८५ | ११ |

### ३. जफत गरिएका मुख्य मुख्य वस्तुहरु

| क्र. स. | सामानको विवरण | परिमाण | इकाई | मूल्य रु. |
|---|---|---|---|---|
| १ | रासायनिक मल | १०८ | बोरा | ८५९५०.०० |
| २ | चिनी | ४७५ | बोरा | ११५११५०.०० |
| ३ | श्यामवहार | ९६३ | पोका | ६१८५०.०० |
| ४ | मोवाइल, चार्जर एवं टेलिफोन | ३९५४ | पिस | ४३५४००.०० |
| ५ | विजुलीको सामान | २२ | कार्टुन | ४१५००.०० |
| ६ | जुत्ता चप्पल | ५२१ | जोर | ३७८००.०० |
| ७ | खाने तेल | १०३२ | लि. | ९७१००.०० |

| क्र. स. | सामानको विवरण | परिमाण | इकाई | मूल्य रु. |
|---|---|---|---|---|
| ८ | मेशिनरी सामान | ९१५ | थान | २१३३००.०० |
| ९ | हार्डवेयर सामान, स्वेटर | १२०० | पिस | १०७४००.०० |
| १० | रेडिमेड | ६०११ | मिटर/पिस | ६१६१५०.०० |
| ११ | मदिरा | ९२ | कार्टुन | १८७४००.०० |
| १२ | ऊनी गलैंचा | १९०० | स्क्वा. फि. | २४९५००.०० |
| १३ | दाल एवं आलु प्याज | ९९० | के. जी. | ५१४५०.०० |
| १४ | भांडाकुंडा | ६७८ | के. जी. | १४९६००.०० |
| १५ | कस्मेटिक | १७४४ | पिस | ५४१५०.०० |
| १६ | पार्लेजी विस्कुट | ५५ | कार्टुन | ३५५००.०० |
| १७ | प्लास्टिक सामान | २९९१ | पिस | २०५००.०० |
| | | | जम्मा : | **३५९५७००.००** |

## ४. अनुसन्धान गरी कारवाही गरिएका फर्महरुको विवरण

| क्र. स. | फर्म/व्यक्तिको नाम | मुख्य बस्तु | असुल गरेको राजस्व |
|---|---|---|---|
| १ | ऋतु खतिवडा समेत | स्वेटर | ६२३२५०.०० |
| २ | रामश बहादुर डगौरा | स्प्रे टैंकी | २०८५००.०० |
| ३ | पि. वी. ट्रेडर्स | मदिरा | १२९८२४.०० |
| ४ | बढिमालिका मार्केटिङ | चुरोट | १३२७००.०० |
| ५ | न्यू शाह ट्रेडर्स | चिनी मैदा | ८९०००.०० |
| ६ | न्यू सिद्धि विनायक | हार्डवेयर | ५५२२५०.०० |
| ७ | राही ट्रेडर्स | भांडा | ११२६६०.०० |
| ८ | लोकेश के. सी. | रासायनिक मल | ८००८००.०० |
| ९ | एन. पी. ट्रेडर्स | मदिरा | ७४४००.०० |
| १० | युनाइटेड ब्रुअरी | वियर | ९२७००.०० |
| ११ | मनिष अग्रवाल | मदिरा र मोवाइल | २२२०००.०० |
| १२ | वेवारिसे | ऊनी गलैंचा | १९७५००.०० |

### ५. वार्षिक कार्य प्रगतिको विवरण

- वित्तीय लक्ष्य प्राप्त गर्न कार्यालय सफल नदेखिए तापनि यस क्षेत्रका भन्सार तथा अन्तरिक राजस्व कार्यालयहरुको राजस्व असुलीमा देखिएको उत्साहजनक प्रगतिले निरास बन्नुपर्ने अवस्था देखिदैन ।
- यस क्षेत्रका अधिकांश भन्सार कार्यालयहरुको प्रगति तोकिएको लक्ष्य भन्दा उच्च नै रहेको पाइयो । खासगरी, यस क्षेत्रमा सञ्चालित विभिन्न परियोजनाहरुको कारण यस क्षेत्रको राजस्व संकलनमा सहयोग पुगेको देखिन्छ ।
- आन्तरिक राजस्व कार्यालयहरुको तोकिएको कार्य प्रगति पूरा भएको देखिन्छ ।

## ६. समस्याहरु

- जिल्लामा शान्ति सुरक्षाको स्थिति ज्यादै नाजुक रहेको छ । दैनिक_जसो बन्द, हडताल भइरहेको छ । स्थानीय प्रशासनको ध्यान केवल शान्ति सुरक्षा कायम गर्नु मात्र रहेको छ । राजस्व चुहावटलाई नियन्त्रण गर्न प्रशासनले पर्याप्त समय दिन सकेको अवस्था छैन ।
- कार्यालयमा भौतिक स्रोत तथा साधनको अभाव छ । दक्ष तथा तालिम प्राप्त जनशक्तिको पनि अभाव छ । कार्य क्षेत्रका आधारमा कर्मचारीको दरवन्दी पनि न्यून रहेको देखिन्छ र भएको दरवन्दीमा समेत पदपूर्ति वा पदस्थापन हुन सकेको छैन ।
- वास्तविक भन्सार मूल्याङ्कन हुन सकेको छैन ।
- मू. अ. करको कार्यान्वयन पक्ष फितलो देखिएको छ ।
- अन्त:शुल्क चुहावट पत्ता लगाउन प्राविधिक जनशक्तिको अभाव छ ।
- जिल्लामा सूचना आदान प्रदान गर्न समन्वय गर्ने संयन्त्रको अभाव देखिन्छ ।
- कार्य क्षेत्र ठूलो, चौविसै घण्टा खट्नु पर्ने र कर्मचारीको संख्या समेत न्यून भएको अवस्थामा थप प्रोत्साहन भत्ताको समेत व्यवस्था नभएको ।

## ७. समस्या समाधानका उपाय र विकल्पहरु

- थप दरवन्दी सहित कार्यालयमा दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने ।
- भन्सार मूल्याङ्कनलाई व्यवस्थित बनाउनुपर्ने, न्यून विजकीकरण भएका मालवस्तु खरिद गर्ने छिटो छरितो कार्य प्रकृया र आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने ।
- सुरक्षा, यातायात र बजार विकासलाई समेत आधार मानी छोटी भन्सार कार्यालयहरुको पुनसंरचना तुरुन्त गर्नुपर्ने ।
- हाललाई सानो संख्यामा बढीमा १० जनासम्मको राजस्व प्रहरीको व्यवस्था हुनु राम्रो देखिन्छ । थप सुरक्षाको लागि नजिकको सशस्त्र प्रहरी बलसँग समन्वय गर्नु उपयुक्त  देखिन्छ ।
- कार्यक्षेत्र ज्यादै ठूलो, कर्मचारीको संख्या थोरै र चौविसै घण्टा खट्नु पर्ने स्थिति भएकोले थप प्रोत्साहन भत्ताको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- विभिन्न व्यापारिक केन्द्र तथा राजमार्गहरुमा चेतनामूलक, कानूनी प्रक्रियाको सामान्य जानकारी, ढुवानीका साधन तथा मालधनीले आन्तरिक ओसारपसार गर्दा साथमा राख्नुपर्ने कागजातहरु, पुरस्कारको व्यवस्था र गैरकानूनी कार्य गरेमा हुन सक्ने जरिवाना तथा सजायका बारेमा विभिन्न होर्डिङ बोर्डहरु ठाउँ ठाउँमा राख्नुपर्ने । यसका लागि एकरुपता ल्याउन विभागले उक्त सूचनालाई अन्तिम रुप दिनुपर्ने ।
- सहयोग, समन्वय र चेतना विस्तारका लागि विभिन्न व्यापारिक केन्द्रहरुमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्न उपयुक्त देखिन्छ ।

- ऐन कानून तथा कार्य प्रक्रियालाई सरलीकरण गर्न राजस्वका क्षेत्रगत विषयहरु (भन्सार, आयकर, मू. अ. कर, अन्तःशुल्क, गैरकर तथा विदेशी मुद्रा आदि) लाई समेटी निर्देशिका, ब्रोसर्स छपाई गरी वितरण गर्नु उचित देखिन्छ ।
- भन्सार, आन्तरिक राजस्व कार्यालय र राजस्व अनुसन्धानका बीचमा सूचना आदानप्रदान गर्न, समन्वय गर्न Computer Networking को व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- राजस्व सम्बन्धी विभिन्न विषयमा तालिम, सेमिनार, गोष्ठी आदिलाई आवश्यकता र औचित्यका आधारमा निरन्तर सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- मू. अ. करमा देखिएका समस्याहरुलाई निराकरण गर्न जस्तैः विल लिने दिने प्रथालाई लागू गर्न, न्यून विजकीकरणलाई नियन्त्रण गर्न र थ्रेस होल्ड भन्दा माथिको करयोग्य कारोवार दर्ता नभएका करदाताहरुलाई दर्ता गराउन आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी कार्य योजना बनाई कार्यान्वयन गर्नु उचित हुन्छ ।

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**राजस्व अनुसन्धान विभागको सूचना**

तपाईको घर-छिमेकमा राजस्व तिर्नुपर्ने दायित्व भएका व्यक्तिहरुले राजस्व नतिरेको वा छलेको सूचना पाउनु भएको छ भने तलको ठेगानामा जानकारी गराउनुहोस् । नाम र ठेगाना गोप्य राखी तपाईलाई पुरस्कृत गरिनेछ ।

**राजस्व अनुसन्धान विभाग**
**हरिहरभवन, ललितपुर**

टेलिफोन नं. १६६०-०१-५५०००
[पैसा नलाग्ने (Toll Free) नम्बर]
टेलिफोन नं. : ०१-५०१००८५, ०१-५०१००५७

इमेल : info@dri.gov.np
वेवसाइट : www.dri.gov.np
फ्याक्स नं. : ०१-५५४२०२३

# अध्याय – छ

# चुनौति एवम् समस्या तथा समाधानका उपायहरु

## ६.१ विद्यमान समस्या/चुनौतीहरु

### (क) संस्थागत/संरचनात्मक समस्या

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्न विभाग तथा इकाई कार्यालयहरुको वर्तमान संगठनात्मक संरचना पर्याप्त नभएको र यो विशिष्ट कार्यालयको रुपमा नभई सामान्य कार्यालय जस्तो रहेकोले यसको पुनसंचरनाको आवश्यकता परेको हो । बढदो आर्थिक कृयाकलापका कारणबाट अर्थतन्त्रको बदलिंदो संरचना र क्रमिक रुपमा बढ्दो आर्थिक अपराधको प्रवृत्ति एवं हाल थप भएको कार्य जिम्मेवारीको आधारमा —विभागको समसामयिक संरचना गर्न सुधारको आवश्यकता परेको छ । विभागको हालको संगठनात्मक स्वरुप विद्यमान कार्यबोझ तथा चुनौति दुबैलाई सम्बोधन गर्न उपयुक्त छैन । विभाग अन्तर्गत चार वटा इकाई कार्यालय तथा अस्थायी चेकपोष्ट थानकोट एवम् धुलिखेलबाट व्यापारिक मालवस्तुको ओसार पसारका विल विजक संकलन गर्ने र ढुवानीका साधनको छड्के चेकजांच गर्ने कार्यमा मात्र केन्द्रीत रहेका छन् । व्यस्त प्रमुख राजमार्गमा प्रत्येक दिन हजार भन्दा बढी संख्यामा मालवाहक ढुवानीका साधन आवात जावत हुने गर्दछ । अत: इकाई कार्यालयका सबै जनशक्ति त्यस्तो नियमित कार्यमा लाग्नु पर्ने वाध्यता छ । यसले गर्दा विस्तृत अनुसन्धान गर्ने र बजार निरीक्षण गर्ने जस्ता कार्यहरु प्रति पर्याप्त ध्यान दिन –सकिएको स्थिति छैन ।

निश्चित स्थानमा अवस्थित चेकपोष्टहरुले सबै नाकाहरुमा उत्तिकै दृष्टि पुऱ्याउन पनि सक्षम छैनन् । उदाहरणको लागि इकाई कार्यालय इटहरीको चेकपोष्ट इटहरी स्थित महेन्द्र राजमार्गको पश्चिम खण्ड इटहरी चोकबाट २ कि. मी. पश्चिममा छ । जसले विराटनगरबाट धरान तर्फ, पूर्व झापा तर्फ र झापाबाट विराटनगर तर्फ आवात जावत गर्ने ढुवानी साधनको चेकजांच गर्न सक्ने देखिदैन । त्यस्तै इकाई कार्यालय पथलैयाको पश्चिमतर्फ मात्र चेकपोष्ट रहेको र पूर्व र दक्षिण वीरगन्ज तर्फ चेकपोष्ट छैन । त्यस्तै बुटवलले पूर्वतर्फ मात्र चेकपोष्ट रहेको र उत्तर, पश्चिम र दक्षिणतर्फ छैन । कोहलपुर दक्षिण तर्फ मात्र चेकपोष्ट रहेको पूर्व पश्चिम राजमार्गमा नभएको अवस्था छ । साथै हाल थप भएका चेकपोष्ट संचालन गर्न पनि वर्तमान कर्मचारी व्यवस्था पर्याप्त छैन । अन्य ठूला र जटिल प्रकृतिका राजस्व चुहावट सम्बन्धी सूचना संकलन र अनुसन्धानमूलक कार्यमा जनशक्ति र विशेषज्ञताको कमीका कारण पर्याप्त ध्यान पुऱ्याउन सकिएको छैन । इकाई कार्यालयहरुमा रहेका ढाटहरु २०६५ श्रावणदेखि हटाएपछि विल/विजक संकलन गर्ने तथा चेकजांच गर्ने कार्य समेत कठिन भएको छ ।

Formatted: Indent: First line: 1.27 cm

**(ख)** **जनशक्ति व्यवस्था सम्वन्धी समस्या**

जनशक्ति व्यवस्थापनको क्षेत्रमा देहायका समस्याहरु विद्यमान रहेका छन् :

- राजस्व अनुसन्धान विभागको स्थापना पश्चात् यस विभागको कार्यप्रणाली, जनशक्ति तथा भौतिक पूर्वाधार पुनरावलोकन भएको छैन । स्थापनाकालमा यस विभागलाई राजस्व चुहावट नियन्त्रण सम्वन्धी कामको मात्र जिम्मेवारी दिएको अवस्थामा राजस्व समूहका कर्मचारीको मात्र दरवन्दी कायम भएको देखिन्छ । विदेशी विनिमय अपचलनको नियन्त्रण र कारवाही सम्वन्धी कार्य, सम्पत्ति ~~शुद्धिकरण~~शुद्धीकरण अनुसन्धान सम्वन्धी कार्य, गैरकर राजस्व अनुसन्धान सम्वन्धी कार्य समेत थप भएको जिम्मेवारीको आधारमा र राजस्व चुहावट तथा आर्थिक अपराधका तौर तरीकाहरुमा आएको परिवर्तन र प्रविधिमा आएको विकासका कारणले पनि विभागमा अनुसन्धान कार्यका लागि आवश्यक विज्ञ/विशेषज्ञ कर्मचारीको खाँचो देखिन्छ ।
- विभागको हालको जिम्मेवारी पूरा गर्न संख्यात्मक तथा गुणात्मक हिसावले जनशक्तिको कमी महसुस गरिएको छ । यस विभागलाई क्रमशः –Economic Intelligency गर्ने निकायको रुपमा विकास र विस्तार गरी सूचनाको आधारमा अनुसन्धान गर्ने निकायको रुपमा स्थापित गराइनु पर्ने देखिन्छ ।
- राजस्व प्रशासनमा विशिष्ट योग्यता, अनुभव, शिीप र क्षमता भएका उच्च नैतिकवान, सद्चरित्र भएका कर्मचारी विभागमा पदस्थापना गर्ने नीतिगत स्वीकारोक्तिको अभाव रहेका पाईएको छ ।

**Formatted:** Font: 16 pt

**(ग)** **कानुनी समस्या**

ऐन कानून तथा विधिका क्षेत्रमा महशुस भएका समस्या देहाय बमोजिम रहेको पाइएको छ :

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा समयानकूल परिमार्जन संशोधनको आवश्यकता महसुस गरिएको छ । आर्थिक क्षेत्रमा नविनतम आयामहरु आएका, चुहावटका नयां नयां शैली र क्षेत्रहरु देखा परेका, आर्थिक उदारीकरण, विश्वव्यापीकरणले सिर्जना गरेका अवसर र चुनौतिलाई सामना गर्न सक्ने गरी ऐनको परिमार्जन एवम् संशोधन हुन आवश्यक देखिन्छ ।
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत नियमावली हालसम्म तर्जुमा हुन सकेको छैन । तत्कालै नियमावली बनाईनु पर्ने देखिन्छ ।
- विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ एवं नियमावली समेतमा समसामयिक संशोधनको आवश्यकता रहेको छ ।
- संम्पत्ति शुद्धीकरण निवारण ऐन र यस अन्तर्गतको नियमावली तर्जुमा भएतापनि सो उपर समय सापेक्ष संशोधनको आवश्यकता रहेको छ ।

- राजस्व चुहावटका मुद्दा विशेष अदालतमा दायर गर्ने व्यवस्था नभई सामान्य अदालत (जिल्ला अदालत) मा दायर गर्ने व्यवस्था छ । यस विभागबाट अनुसन्धान हुने सम्पत्ति ~~शुद्धिकरण~~शुद्धीकरण अनुसन्धानको मुद्दा विशेष अदालतमा दायर गर्ने व्यवस्था भए जस्तै राजस्व अनुसन्धानका मुद्दा समेत विशेष अदालतमा दायर गर्ने व्यवस्था हुनु उपयुक्त हुनेछ ।

### (घ) मानव संशाधन विकास सम्बन्धी समस्या

विभागको समग्र उद्देश्य हासिल गर्न गतिशील साधन भनेका कर्मचारीहरु नै हुन् । तुलनात्मक रुपमा यस विभागका कर्मचारीहरुलाई वैदेशिक तालीम र शिक्षाका अवसर न्यून छन् । व्यावसायिक दक्षतालाई अगाडि बढाउने, अनुसन्धान क्षमता भएका, उच्च आत्मसम्मान र मनोवलयुक्त दक्ष, सबल तथा उत्तरदायी कर्मचारी व्यवस्था अपेक्षा अनुरुप भएको छैन । यस विभागमा राजस्वकै अन्य विभागमा कार्यरत कर्मचारी सरुवा भई आउने र यस विभागवाट पनि राजस्व संकलन गर्ने अन्य कार्यालयमा सरुवा भई जाने व्यवस्था छ । यस व्यवस्थाले व्यावसायिक हिसावमा कामको अनुभव र जानकारी त हासिल हुन्छ नै तर राजस्व संकलन गर्ने र चुहावट अनुसन्धान गर्ने कार्य प्रकृति फरक हुने तथा राजस्व संकलन गर्ने निकायहरुकै वारेमा समेत अनुसन्धान गर्नु पर्ने ~~अब~~अवस्थाले स्वार्थको विवाद (Conflict of Interest) समेत पर्ने संभावना रहन्छ । राजस्व अनुसन्धानमा दिलचस्पी नभएका कर्मचारी सरुवा हुने, राजस्व समूह भित्रै मात्रै सरुवा भै रहने हुंदा कतिपय अबस्थामा अनुसन्धान र छानवीन कार्य प्रभाव पर्ने तथा प्रभावकारी नहुने अवस्था आउने गरेको पाइएको छ ।

### (ङ) सूचना प्रणाली सम्बन्धी समस्या

राजस्व चुहावट नियन्त्रण गर्ने जस्तो संवेदनशील कार्यको लागि भरपर्दो सूचना संयन्त्रको आवश्यकता पर्छ । तर हालसम्मको अबस्थालाई हेर्दा प्रभावकारी सूचना प्रणाली विकास गर्न सकिएको छैन र प्राप्त सूचनाको पनि न्यून उपयोग भएको पाइन्छ । इकाई कार्यालयहरुमा प्राप्त हुन आएका वील विजकहरुलाई चुहावट नियन्त्रणको लागि सूचना र प्रमाणको आधार बनाउनु पर्नेमा अभिलेख तथा विश्लेषणको पूर्वाधारको अभावमा सो हुन सकेको छैन । अतः अन्य सरकारी निकाय र निजी क्षेत्रहरुबाट नियमित रुपमा सूचना प्राप्त गर्ने उपयुक्त सूचना सञ्जालको विकास गर्न आवश्यक छ ।

### (च) संगठनात्मक समस्या

विभाग र अन्तर्गत इकाई कार्यालयमा देहायका संगठनात्मक समस्या विद्यमान छन्:

- संगठनात्मक स्वरुप अनुसन्धानमूलक एवं कार्यमूलक छैन ।
- विशेषज्ञतामा आधारित अधिकृतमूलक संरचनाको अभाव रहेको छ ।
- भौगोलिक तथा कार्यमूलक रुपमा चुहावटका सबै क्षेत्रमा ध्यान दिन सक्ने संगठनात्मक ढांचा बनेको छैन ।
- अनुसन्धानमा भन्दा चेकपोष्ट केन्द्रित तल्लो तहका कर्मचारीहरु संख्यात्मक रुपमा बढी रहेको स्थिति छ ।

Formatted: Font: 8 pt, Danish (Denmark)

Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

Formatted: Indent: First line: 1.27 cm, Line spacing: Multiple 1.15 li

### (छ) कार्य प्रकृकृयागत समस्या

कार्य प्रक्रिया सम्बन्धमा निम्नलिखित समस्याहरु रहेको पाइएको छ :

- राजस्व अनुसन्धान विभागलाई कुन रुपमा अगाडि बढाउंदा बढी भन्दा बढी राजस्व परिचालनमा सहयोग पुग्दछ र चुहावट नियन्त्रण तथा आर्थिक अपराधहरुको रोकथाम हुन्छ भन्ने दूरगामी सोचको अभाव रहेको देखिन्छ ।
- Economic Intelligence Agency को रुपमा कार्यमूलक संगठनात्मक संरचना बनाई अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन नसकिएको स्थिति छ ।
- आर्थिक क्षेत्रका जटिल प्रक्रिया, व्यापारिक छल, अन्तर्राष्ट्रिय व्यापार, लेखा प्रणालीको ज्ञान र कर योजना अनुरुप गरिएको राजस्व चुहावट पत्ता लगाई नियन्त्रण गर्न उपयुक्त मानव संशाधन र सूचनाको अभाव रहेको छ ।
- भन्सार, आयकर, मू. अ. कर, अन्तःशुल्कका क्षेत्रमा भएका राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण गर्ने स्पष्ट कार्य प्रकृयाको अभाव खट्किएको छ ।
- न्यून मूल्याङ्कन र न्यून विजकीकरणका कारण व्यापार व्यवसायमा नकारात्मक प्रभाव परेको छ ।

Formatted: Font: 9 pt

### (ज) साधन र स्रोतजन्य समस्या

साधन स्रोतको क्षेत्रमा देहायका समस्या रहेका छन :

- पर्याप्त बजेट र साधन/स्रोत नहुनु,
- सूचना प्रविधिको पर्याप्त प्रयोग हुन नसक्नु,
- विशिष्ट योग्यता, अनुभव, सिप, क्षमता र तालीम प्राप्त मानव संसाधनको निरन्तर विकास र उपयोगको योजना तथा कार्यक्रमको अभाव हुनु,
- विभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरुको कार्यप्रकृति हेर्दा जुनसुकै समयमा पनि कार्यालयको काममा खटिनु पर्ने तर थप उत्प्रेरणा नभएको कारण कर्मचारीहरुमा कार्य उत्साह कम भएको ।
- कर्मचारीहरुलाई आन्तरिक एवम् वाह्य तालिम एवं अध्ययनको अवसर न्यून हुनु ।

## ६.२ समाधानका उपायहरु

माथिको परिच्छेदहरुमा उल्लेखित नीतिगत, संस्थागत, मानव संशाधन र प्रकृयागत समस्याहरुको निदानको लागि देहायका उपायहरु अवलम्वन गर्नुपर्ने देखिन्छ ।

- राजस्व अनुसन्धान विभागको संगठन संरचनाको विस्तृत पुनरावलोकन गरी मौजुदा संरचनामा समयानुकूल परिमार्जन गरी पुनसंचरना गर्नुपर्ने देखिन्छ । यसरी पुनसंचरना गर्दा विभाग र मातहतका कार्यालयलाई थपिएका कार्य जिम्मेवारी, कार्यबोझ र नविन क्षेत्रहरुलाई समेटेर सम्पत्ति शुद्धीकरण

निवारण एवं गैरकर समेतलाई अनुसन्धान, तहकिकात र कारवाही गर्न सक्षम हुने गरी व्यवस्थापन गर्नुपर्ने ।

- विभाग र मातहतका कर्मचारीहरुको गुणात्मक अनुसन्धान गर्ने क्षमता एवं दक्षता अभिवृद्धि गर्ने गरी तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार तथा अध्ययन अवलोकनका अवसरहरु उपलव्ध गराउनु पर्ने ।
- विभागको DRI-CIS लाई सुदृढीकरण गरी सूचनामा आधारित अनुसन्धान एवं तहकिकात गर्ने प्रणाली विकास गर्नुपर्ने ।
- सबै चेकपोष्ट, कार्यालयहरु र विभागमा CC Camera बाट अनुगमन गर्ने तथा यस्तो अनुगमन विभागबाट Online गर्न सक्ने प्रविधि उपयोग गरी प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापित हुनुपर्ने ।
- सुराकी व्यवस्थालाई पद्धतिमा आवद्ध गर्ने र सुराकीलाई तत्काल रकम भुक्तान गर्ने प्रणाली बनाउने ।
- अन्तर निकाय समन्वय सञ्जाललाई सुदृढ गर्ने । आपसी सहयोग, साझेदारी तथा सहकार्यबाट मात्र राजस्व चुहावट र सम्पत्ति शुद्धीकरण गर्न सकिने हुंदा यसलाई सुनिश्चित गर्ने गराउने व्यवस्था हुनु पर्ने देखिन्छ ।
- विभाग र मातहतका कार्यालयको संस्थागत र Logistic को पाटोमा सुधार गर्ने । कार्यालय भवन, यार्ड, गोदाम घर, सवारी साधन, राजस्व प्रहरी वसार पसार गर्ने गाडी र अन्य भौतिक पूर्वाधारको यथेष्ट व्यवस्था गर्न सके मात्र यसले अनुसन्धान तथा राजस्व चुहावट नियन्त्रण हुन सक्ने देखिन्छ ।
- विभागको रणनीतिक विश्लेषण गरी यसको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, नतिजाहरु र आवश्यक रणनीति, कार्यनीति सहित लगानीका पक्षहरुमा स्पष्ट हुन सके यसले संगठनलाई उद्देश्यमूलक बनाउन देखिन्छ ।
- राजस्व चुहावटबाट क्रमशः समग्र आर्थिक अपराध नियन्त्रण तर्फ विभागका कार्यहरु मुखरित बनिरहेको सन्दर्भमा विभागमा कार्यरत कर्मचारीहरु बहु सेवा, बहु समूह र बहु सीपयुक्त हुन जरुरी छ । यसर्थ राजस्व समूहका मात्र कर्मचारी नराखी विभिन्न सेवा समूह र विज्ञता भएका कर्मचारीहरुको उपयुक्त संयोजन हुन जरुरी छ । त्यसको लागि सेवा करार वा काजमा ल्याएर विविध विषयको ज्ञान भएका व्यक्तिहरुबाट गुणस्तरीय अनुसन्धान तथा तहकिकातका कार्य गर्नुपर्ने देखिन्छ ।

# खण्ड – सात

# विभागको भावी कार्यदिशा

## ७.१ अर्थतन्त्रको परिवर्तित आयाम

संरचनागत रुपमा नेपालको अर्थ व्यवस्था परिवर्तनको रफ्तारमा छ । परम्परागत कृषिप्रधान अर्थतन्त्र अब गैर कृषि प्रधानमा परिवर्तन भैसकेको छ । सेवा व्यवसाय, आवास र निर्माण वीमा एवं बैंकिङ जस्ता क्षेत्रहरुको उदय भएको छ । औद्योगिक विकास भने त्यति गतिशील रहेन । संरचना परिवर्तन भएपछि स्वाभाविक रुपमा सरकारको कर राजस्वको आधार (Base) पनि परिवर्तन हुने हुन्छ । व्यापार क्षेत्र विशेषतः आयात व्यापारमा भएको वृद्धिको कारणले पनि सरकारको राजस्वको आधार र आकारमा परिवर्तन आउने गरेको छ ।

जब जब राजस्वका आधारहरु परिवर्तन हुन्छन्, तव तव राजस्व चुहावटका नविनतम शैलीहरु पनि देखा पर्न थाल्दछन् । परम्परागत रुपको चुहावट नियन्त्रण शैलीले परिवर्तित अबस्थामा सो को नियन्त्रण ग र्ने पक्षलाई संबोधन गर्न नसक्ने भएकोले राजस्व अनुसन्धान विभागले आफ्नो सोच, दृष्टिकोण, रणनीति एवं कार्यशैली सबैमा परिवर्तन गर्नुपर्ने हुन्छ । संस्थागत सुदृढीकरण, स्पष्ट कानूनी प्रावधानहरु, रणनीतिहरु र मानव संशाधनलाई पनि सोही अनुसार परिमार्जन गर्दै लानु पर्ने हुन्छ । समग्रमा अबको राजस्व अनुसन्धान विभागले परम्परागत रुपमा मात्र हैन गैर स्थलगत सूचना संकलन, विश्लेषण र सोही अनुसारका कार्यनीति अवलम्वन गर्नुपर्ने हुन्छ ।

हाल राजस्व अनुसन्धान विभागलाई गैरकर राजस्व चुहावट नियन्त्रण गर्ने जिम्मेवारी पनि थपिएको छ । त्यसैगरी विदेशी विनिमय अपचलनका विषयमा सकृय भूमिका खेल्नुपर्ने भएको छ । गत वर्षदेखि विभागलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुसन्धान गर्ने जिम्मेवारी पनि थपिएको छ । सम्पत्ति शुद्धीकरण निवारण कार्य जटिल भएकोले यस सम्बन्धमा विभागले उच्चकोटीको सतर्कता अपनाउनु पर्ने भएको छ । त्यसै गरी विविध प्रकारले हुने अन्य आर्थिक अपराध नियन्त्रण कार्यमा पनि विभागले नेतृत्वदायी भूमिका खेल्नुपर्ने भएको छ ।

यी सबै परिस्थिति, सन्दर्भ र थपिंदो जिम्मेवारी पुरा गर्न यस विभागको पुनसंरचनाको प्रस्ताव भएको छ । हाल प्रस्तावित संगठन संरचनाले आगामी केही वर्षसम्मको विभागको कार्य जिम्मेवारीलाई संवोधन गर्ने अपेक्षा गरिएको छ ।

## ७.२ विभागको भावी कार्यदिशा

अर्थतन्त्रको संरचनात्मक परिवर्तन, राजस्वको आधार, आकार र प्रवृतिमा आएको परिवर्तन एवं राजस्व चुहावटका नयां नयां शैलीहरुलाई समयमा नै संशोधन र नियन्त्रण गर्न अब विभागले निम्नलिखित क्षेत्रहरुमा लक्षित भई अनुसन्धान एवं तहकिकात कार्यलाई अघि बढाउनु पर्ने देखिन्छ :

(क) **Real Estate/Housing क्षेत्रः** नेपालमा घरजग्गा कारोबार उपक्षेत्र सेवा क्षेत्रको महत्वपूर्ण अंगको रुपमा देखिएको छ । फस्टाउंदै गएको घरजग्गा कारोबार अर्थ व्यवस्थामा उत्पादनशील (Productive)

उपक्षेत्र नभएतापनि आयतनका हिसावले ठूलो कारोबार हुने उपक्षेत्र हो । कृषि भूमि क्रमशः आवास र घडेरीमा परिवर्तन भैरहेको छ । घर जग्गा कारोबार बढ्दै गएको भएता पनि नेपाल सरकारले यसरी बढ्दै गएको कारोबारको अनुपातमा कर राजस्व र गैरकर राजस्व असुल उपर गर्न सकेको छैन । यसको अर्थ यस उपक्षेत्रमा ठूलो मात्रामा राजस्व चुहावट हुनसक्ने आशंका छ । यसैले अब घरजग्गा कारोबारमा भएको राजस्व चुहावट नियन्त्रणमा विभागले ध्यान केन्द्रीत गर्नुपर्ने भएकोले स्पष्ट कार्यनीति, निर्देशित अभिमुखीकरण र गैर स्थलगत सूचना संजाल मार्फत अगाडि बढ्नु पर्ने भएको छ ।

(ख) **Hundi/Foreign Exchange**: ठूलो संख्यामा नेपालीहरु विदेशमा काम गर्न गैरहेका छन् । उनीहरुले त्यहां कमाएको पैसा विप्रेषणको रुपमा नेपाल पठाउने गर्छन् । तर त्यो पैसा औपचारिक तवरबाट भन्दा पनि अनौपचारिक रुपबाट नेपाल भित्रने गरेको पाइएको छ । पैसा पठाउने वा भिकाउने कार्य सेवा क्षेत्रकै कार्यहरु मध्ये एक हो । अनौपचारिक रुपमा सेवा क्षेत्र संचालन भइरहंदा सरकारले प्राप्त गर्नुपर्ने करहरु प्राप्त गर्न सकेको छैन । यसको अर्थ यसबाट पनि राजस्व चुहावट भैरहेको बुझिन्छ । यस क्षेत्रलाई खोजी गरी चुहावट नियन्त्रण गर्नु राजस्व अनुसन्धान विभागको भावी कदम हो ।

(ग) **Departmental Store/Super Market:** हाल नेपालका शहरी क्षेत्रहरुमा एकै भवनबाट सबैथोक बिक्री वितरण गर्न सकिने गरी Departmental Store र Super Market हरुको विकास भैरहेको छ । यस्ता Store र Market हरुको कारोबार त्यति पारदर्शी नभएको पाइएको छ । विल जारी नगर्ने वा गरेपनि मूल्य अभिवृद्धि कर नंवर विनाका विल दिने अभ्यास यत्रतत्र देखिएको छ । अभिलेखांकन र पारदर्शीताको अभावमा कारोबारको आयतन यकिन हुन सकेको छैन । कारोबार नै यकिन नभएपछि राजस्वको आधार (Base) के कति हो यकिन गर्न सकिदैन । यसको अर्थ यस क्षेत्रबाट पनि राजस्व चुहावट भैरहेको छ भन्ने स्पष्ट हुन्छ । यस प्रकारको चुहावटलाई नियन्त्रण गर्नु राजस्व अनुसन्धान विभागको भावी कार्यसूचि (Agenda) बन्नु पर्दछ ।

(घ) **Educational Institutions/Consultancy**: आर्थिक उदारीकरण र निजीकरणका साथसाथै च्याउ झैं उम्रिएका स्कूल र कलेजहरुको कारोबार पारदर्शी नभएको पाइएको छ । यसै गरी ठूलो संख्यामा नेपाली विद्यार्थीहरु विदेश अध्ययनका लागि जाने गरेका छन् । नेपालका शहरी क्षेत्रहरुमा परामर्श दिने यस्ता Consultancy हरुको संख्या बढ्दै गएको छ । स्तरीय लेखापालनको अभाव र कारोबार लुकाउने प्रवृत्तिले गर्दा यी स्कूल, कलेज र परामर्श दातृ निकायहरुले आफ्नो आम्दानी र खर्च यकिन नगरी कार्य सञ्चालन गरिरहेका छन् । यसबाट पनि ठूलो मात्रामा राजस्व चुहावट भैरहेको आभास मिल्दछ । यस्ता संस्थाहरुले सरकारलाई तिर्नु बुझाउनु पर्ने कर रकम चुहावट भएकोले यसको खोजी गरी सकृयतापूर्वक संवोधन गर्नु पनि अब राजस्व अनुसन्धान विभागको कार्यसूचि (Agenda) बनेको छ ।

(ङ) **Rent Tax of Big Houses/International Agencies**: काठमाडौं उपत्यका लगायतका ठाउंहरुमा बनेका ठूला ठूला भवन र परिसरहरु भाडामा दिंदा आम्दानी र कारोबार देखाउने गरिएको छैन । यसबाट पनि राजस्व चुहावट भैरहेको छ । यस प्रकारको चुहावट नियन्त्रण गर्नेतर्फ आवश्यक कदम चाल्नु विभागको अबको कार्यसूची रहेको छ । साथै, अन्तर्राष्ट्रिय गैर सरकारी र व्यापारिक संस्थाहरुको कारोबारको आकार पत्ता लगाउन नसकिएकोले यसबाट पनि ठूलो मात्रामा राजस्व चुहावट भएको छ

भन्ने अनुमान छ । यसतर्फ गतिशीलता पूर्वक कदम चाल्नु राजस्व अनुसन्धान विभागको भावी कार्यसूची भएको छ ।

(च) **वाणिज्य विभागसंग समन्वय र सहयोगः** राजस्व अनुसन्धान विभागले आफ्ना नाकाहरुमा शंकास्पद बस्तुहरु कब्जामा लिई अनुसन्धान गर्दा कतिपय बस्तुहरुको उपभोग म्याद सकिएर प्रयोग गर्न नहुने भएको समेत पाइएको छ । विशेषतः खाद्यपदार्थहरु, रासायनिक मल, दुध र दुग्धपदार्थहरु मिसावट र कम गुणस्तर हुनुका साथै उपभोग गर्ने म्याद नाघेका (Date Expired) भएको पाइएको छ । म्याद नाघेका र गुणस्तरहीन बस्तुहरु स्वास्थ्यका लागि हानीकारक भएकोले यसको नियन्त्रण गर्नु जरुरी छ । यसो भएतापनि गुणस्तरको यकिनता परीक्षण गर्ने कार्य राजस्व अनुसन्धान विभागको नभई बाणिज्य विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र केही हदसम्म गुणस्तर कार्यालयको भएकोले यी संस्थाहरुसंग सहयोग, समन्वय र सूचना आदान प्रदान गरी कार्य सञ्चालन गर्नु राजस्व अनुसन्धान विभागको अवको कार्यसूची भएको छ । यसका साथै, नेपाल भित्रने श्रृंगारका सामानहरु समेत कम गुणस्तरयुक्त र हानिकारक रसायनमिश्रित भएको पाइएकोले यसतर्फ पनि उपरोक्त संस्थाहरुसंग सहकार्य जरुरी भएको छ ।

(छ) **DRI-CIS को सुदृढीकरणः** राजस्व अनुसन्धान विभागको अबको कार्यनीति गैर स्थलगत सूचना संकलन र विश्लेषणका साथ कार्यक्षेत्रमा अगाडी बढ्नु हो । हाल विभागमा जडित DRI-CIS प्रणालीले विभिन्न इकाई कार्यालयहरु र चेकपोष्टहरु मार्फत आयात निर्यात र ओसार पसार भएका मालबस्तुहरुको केन्द्रीय संकलन र विश्लेषण प्रणालीलाई समेटेको छ । यदि भन्सार विभाग र आन्तरिक राजस्व विभागसंग पनि एक आपसमा सूचना आदान प्रदान गर्न सकिने प्रणाली स्थापना भएमा राजस्व चुहावट नियन्त्रणमा ठूलो फड्को मार्न सकिने देखिएको छ ।

तसर्थ, अबको प्रयास भनेको अर्थ मन्त्रालयका अन्य विभागहरुसंग सूचना आदन प्रदान गरी समन्वयात्मक रुपमा चुहावट नियन्त्रणमा सकृयतापूर्वक कदम चाल्नु भएकोले अन्तर विभागीय सूचना सञ्जाल स्थापना गरी अगाडी बढ्नु पर्ने भएको छ ।

(ज) **सम्पत्ति शुद्धीकरण निवारणः** सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली २०६६ को कार्यान्वयन गर्ने यस विभागलाई जिम्मेवारी दिइएअनुसार विभागको अबको कदम भनेको आर्थिक अपराध नियन्त्रण र सम्पत्ति शुद्धीकरण निवारण गर्ने सन्दर्भमा अनुसन्धान केन्द्रीत गर्नु रहेको छ । कानूनी, संस्थागत र जनशक्तिको प्रस्ताव गरिसकिएको अबको परिप्रेक्ष्यमा व्यापक जागरणको थालनी गर्नु, यसको असर र प्रभावको बारेमा सचेतना फैलाउन प्रचार प्रसार गर्नु प्रमुख दायित्व समेत रहेको छ । यस सम्बन्धमा व्यवस्थित अनुसन्धानको लागि उपयुक्त प्रणाली विकास गर्ने सन्दर्भमा सम्पत्ति शुद्धीकरण निवारणको खाका, राष्ट्रिय रणनीति, कार्यनीति, कार्यान्वयन कार्यविधि र आधारभूत हाते पुस्तिका (Handbook) प्रकाशन सहितको कार्ययोजनाका साथ अगाडि बढ्नु अबको कदम बनेको छ । त्यसै गरी प्राप्त शंकास्पद कारोबारका आधारमा अभियुक्तहरुसंग सोधपुछ, बयान लगायतका तहकिकात यथासंभव चाडो गर्ने गरी संस्थागत प्रवन्ध मिलाई सम्पत्ति शुद्धीकरणको निवारण गर्ने कार्य विभागको प्राथमिकतामा पर्नुपर्ने देखिन्छ ।

# अनुसूचीहरु

अनुसूची - १

# राजस्व अनुसन्धान विभाग

## विभाग र अन्तर्गतको मौजुदा दरवन्दी स्थिति

### (क) राजस्व अनुसन्धान विभागको विद्यमान संगठनात्मक ढाँचा



## (ख) राजस्व अनुसन्धान विभाग र अन्तर्गतको मौजुदा दरवन्दी विवरण

| सि. | पदको नाम | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | महा-निर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | |
| २. | उप-महानिर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | |
| ३. | निर्देशक | रा.प.द्वि. | प्रशासन | राजस्व | २ | २ | X | |
| ४. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि. | प्रशासन | राजस्व | ४ | ३ | १ | |
| ५. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ५ | ५ | X | |
| ६. | अनुसन्धान अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४ | १ | ३ | |
| ७. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | X | |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ. | न्याय | स. व. | १ | १ | X | |
| ९. | नायव सुव्वा | रा.प.अ.प्र. | प्रशासन | राजस्व | १४ | १४ | X | |
| १०. | ना. सु. (न्याय) | रा.प.अ.प्र. | न्याय | स. व. | १ | १ | X | |
| ११. | लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | १ | X | |
| १२. | कम्प्युटर अप्रेटर | रा.प.अ.प्र. | विविध | X | २ | २ | X | |
| १३. | गस्ती निरीक्षक | रा.प.अ.प्र. | प्रशासन | X | ५ | ३ | २ | |
| १४. | टाइपिष्ट | विभिन्न | प्रशासन | प्रशासन | ५ | ५ | X | |
| १५. | खरिदार | रा.प.अ.द्वि. | प्रशासन | राजस्व | १९ | ११ | ८ | |
